सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२८ पुस २०८०, शनिबार (13 Jan 2024, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २६४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

झ नयाँ



सम्बन्ध

नेपाल-खनाल

निरन्तर सहयात्री, जबजमा सधैँ मतभेद

पार्टीका नेताहरू भन्छन्, 'नेपाल जबजलाई अँगाल्ने पक्षमा छन्, खनाल जबजले अब हुन्न भनिरहेका छन्'

झलनाथबारे माधव नेपाल

पार्टीमा बहस, छलफल त हुने नै भयो। हामीले विगतदेखि अभ्यास गर्दै आएको यही हो। तर, यसले जेएन कमरेड र मेरो सम्बन्ध बिगारेको छैन।

माधवबारे झलनाथ खनाल

विभिन्न कालखण्डमा विभिन्न खालका बहस, छलफल, मतमतान्तर भने हुँदै आए। तर, ती मतमतान्तरले अहिलेसम्म हामीलाई अलग पारेको छैन।

चलचित्र निर्देशन गर्न हतार गरेछु



आत्मसमीक्षा

दीपक श्रेष्ठ, चलचित्र निर्देशक

सिनेमा असफल हुनुको दोष आफैँ लिन्छु। मैले राम्रो कथा प्रस्तुत गर्न सकिनँ। म आफू समयअनुसार चल्न सकिनँजस्तो लाग्छ।



कीर्तिमानी धावक रोकाया

जसले उत्पादन गरे दर्जनौँ खेलाडी



विमर्श

बंगलादेशको समृद्धि सूत्र

भूराजनीतिक सन्तुलन

■ नाकामा कालापहाड जानेको लस्कर

युवाविहीन बन्दै हुम्लाका गाउँ, रोजगारीको खोजीमा एक सातामै हजारभन्दा बढी युवा भारततर्फ, नेपालगन्ज नाकाबाट मात्र दैनिक बाहिरिन्छन् १२ सय नेपाली



कामको खोजीमा भारततर्फ लागेका युवा नेपालगन्जको जमुनाहा नाकामा। 'बिहानदेखि बेलुकासम्म दैनिक सरदर हजारदेखि १२ सयसम्म नेपाली कामको खोजीमा भारत गइरहेका छन्,' इलाका प्रहरी कार्यालय जमुनाहका इन्चार्ज प्रहरी नायब निरीक्षक नवीन रिजालले भने, 'धेरैजसो नेपाली सपरिवार भारत गएको देखिन्छ।'

हुम्लामा **नरजन तामाङ**, बाँकेमा **विश्वराज पछ्लडङ्गया**, धनगढीमा **तेजराज भट्ट**

पश्चिम पहाडी जिल्लाका पुरुषहरू घरपरिवार धान्न मजदुरीका लागि भारत जानुपर्ने बाध्यता नयाँ होइन। तर, अब त गाउँमा युवा नै रित्तिने गरी मजदुरीका लागि कालापहाड लाग्नुपर्ने अवस्था निम्तिएको छ। कालापहाड जाने भन्दै देशका पश्चिमी नाकाहरूमा देखिने युवाहरूको लावालस्कर र गाउँबस्तीमा युवा खोज्दा नभेटिने अवस्थाले यसलाई पुष्टि गर्छ।

» पृष्ठ २ मा क्रमशः

■ **हुम्लाको अदानचुली**

गाउँपालिका- २ का भक्त बुढा भन्छन्-



गाउँमा एक वर्षयता पैसा कमाउने कुनै माध्यम नभएपछि अधिकांश युवा गुजारा चलाउन बाध्य भएर भारत जानुपरेको हो। अहिले गाउँमा कसैको मृत्यु भए पनि शव उठाउने युवा पाउनै मुस्किल छ।

■ रोजगारीका लागि भारतमै बित्छ जीवन



कैलालीको त्रिनगर नाका

सुर्खेतको पञ्चपुरी नगरपालिका- ९ का भक्तबहादुर गुरुङ बुधबार बेलुकी त्रिनगर नाका भएर भारत पस्दै थिए। ५० वर्षीय गुरुङ रोजगारीका लागि यसरी भारत छिर्न लागेको तीन दशक बितेछ। केही महिनाअघि मात्र स्वदेश आएका उनले भारतको मुम्बईस्थित जुस उत्पादन गर्ने कम्पनीको काममा फर्कन लागेको बताए, जुन कम्पनीमा उनी २६ वर्षदेखि कार्यरत छन्।

जुस उत्पादन गर्ने समय सुरु हुन लागेकाले आफू काममा फर्कन लागेको उनले बताए। गुरुङका अनुसार हरेक वर्ष गर्मीयाम सकिन लागेपछि उनी घर आउँछन्। गर्मीयामका लागि जुस उत्पादन सुरु हुने वेला काममा फर्कन्छन्। 'त्यही कम्पनीमा काम गर्न लागेको २६ वर्ष भयो,' उनले भने, 'अब गर्मी सिजनका लागि जुस उत्पादनको काम सुरु हुने भएकाले काममा जाँदै छु।'

वर्षमा केही महिना काम गरेर परिवारको गुजारा चलिरहेको गुरुङले बताए। श्रीमती, तीन छोराछोरी घरमा छोडेर बिदेसिन लागेका उनको अनुहार मलीन थियो। उनले भने, 'त्यति काम आफ्नै देशमा पाएको भए किन परदेश जानुपर्थ्यो ?'

कैलालीको घोडाघोडी नगरपालिकाको सुखडका प्रेम नेपाली आफ्नी श्रीमतीसहित कामको खोजीमा भारतको रत्नागिरी जाँदै थिए। त्यहाँ आँपको बगैँचामा बाँदर धपाउने काम गर्ने उनले बताए। १२ कक्षामा पढ्ने छोरालाई घरमा एक्लै छाडेर पैसा कमाउन जान लागेको

» पृष्ठ २ मा क्रमशः

माघे संक्रान्तिबाट उपत्यकामा मेलम्चीको पानी वितरण

शान्ति तामाङ/नयाँ पत्रिका

उपत्यकामा माघे संक्रान्तिदेखि मेलम्चीको पानी वितरण हुने भएको छ। मेलम्ची खानेपानी विकास समितिका प्रवक्ता राजेन्द्र पन्तका अनुसार बिहीबारदेखि सुरुङमा पानी छोडिएको छ।

गत साउनमा मेलम्ची नदीमा आएको बाढीका कारण अनिश्चित भएको मेलम्चीको पानी पुनः वितरण गर्ने गरी काम भइरहेको हो। बाढीका कारण बालुवा, माटो पसेको सुरुङको हाल सफाइ भइरहेको छ। शुक्रबार रातिसम्म सुरुङ सफाइको काम सकिने र १ माघबाट वितरण हुने समितिले जनाएको छ। '१ माघमा पानी वितरण हुने गरी काम गरिरहेका छौँ,' प्रवक्ता पन्तले भने, 'अहिले सुरुङ सफा गर्ने काम भइरहेको छ। हिजो छोडिएको पानी सुन्दरीजल नै आइपुगिसकेको छ। तर, सुरुङ सफाइको काम भइरहेको छ। सफा हुनेबित्तिकै सुरुङमा पानी हालेर भर्छौं।' समितिका अनुसार २८ पुसमा सुरुङ सफाइको काम सकिएर पानी भरिनेछ। २९ पुसमा बाँकी सबै काम हुनेछ। र, १ माघमा पानी वितरणका लागि तयारी हुनेछ।

> उपत्यकामा दैनिक ४० करोड लिटर पानीको माग, तर केयुकेएलबाट १२ करोड लिटर मात्र वितरण

समितिले अम्बाथानको २१ नम्बर गेट, पानी पथान्तरण गर्ने ९ नम्बर गेट र १ नम्बर

» पृष्ठ २ मा क्रमशः

पाँच सय किलोमिटर मात्र नयाँ वितरण सञ्जाल



आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी)का अनुसार एक हजार १० किलोमिटरमध्ये हाल पाँच सय किलोमिटर नयाँ वितरण लाइनको मात्र परीक्षण भएको छ। जसका कारण धेरैजसो पुरानै वितरण सञ्जालबाट पानी वितरण हुनेछ। 'नयाँ वितरण सञ्जाल तयारी अवस्थामा छ। मेलम्चीको पानी आएलगत्तै नयाँ वितरण लाइनको पनि परीक्षण हुनेछ,' आयोजना निर्देशक राजेन्द्र सापकोटाले भने, 'आगामी असारसम्म नयाँ वितरण लाइनको परीक्षण गरी केयुकेएललाई हस्तान्तरण गर्छौं।' आयोजनाका अनुसार मेलम्चीबाट आउने १७ करोड लिटर पानी नयाँ वितरण सञ्जालबाट आपूर्ति भए उपत्यकामा पानीको समस्या धेरै हदसम्म हल हुनेछ।

राष्ट्रिय सभा निर्वाचनमा ५१ उम्मेदवार मात्रै

लुम्बिनीमा राप्रपाका निरञ्जनकुमार थापाले फिर्ता लिए, दुईजनाविरुद्ध उजुरी परेकामा दाबी नपुगेको भन्दै खारेज

२० फागुनमा राष्ट्रिय सभाका खाली हुने २० मध्ये १९ सिटका लागि ११ माघमा ९ देखि ३ बजेसम्म मतदान हुने, एकजना राष्ट्रपतिबाट मनोनीत हुने



शालिग्राम शर्मा पौडेल, प्रवक्ता, निर्वाचन आयोग

दुवै उजुरीमा दाबी नपुग्ने भन्दै सम्बन्धित निर्वाचन अधिकृतले निर्णय गरेर उम्मेदवारी कायम गरेका छन्। उजुरीमाथि सम्बन्धित निर्वाचन अधिकृतले निर्णय दिनुभयो। उजुरीमा दाबी पुगेन। दाबी गर्ने प्रमाण पुगेन। यसैगरी, लुम्बिनी प्रदेशमा राप्रपाबाट अन्य समूहतर्फका उम्मेदवार निरञ्जनकुमार थापाले शुक्रबार उम्मेदवारी फिर्ता लिएका छन्।

प्रदेशलाई अधिकार दिने कानुनहरू शीघ्र बनाउन राष्ट्रपतिको ध्यानाकर्षण



कमलराज भट्ट/नयाँ पत्रिका

राष्ट्रपति रामचन्द्र पौडेलले संघीयता कार्यान्वयनसम्बन्धी कानुन तत्काल बनाउन दलहरूको ध्यानाकर्षण गराएका छन्। प्रधानमन्त्रीसहित प्रमुख तीन दलका शीर्ष नेतालाई शुक्रबार शीतलनिवासमा बोलाएर राष्ट्रपति पौडेलले प्रदेशको अधिकारसम्बन्धी कानुन निर्माण प्रक्रिया तत्काल अगाडि बढाउन ध्यानाकर्षण गराएका हुन्।

राष्ट्रपतिको बोलावटमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी ओली राष्ट्रपति कार्यालय शीतलनिवास पुगेका थिए। संघीय निजामती, संघीय प्रहरी, संघीय शिक्षालगायत संघीय कार्यान्वयनसम्बन्धी ऐन माग्दै प्रदेश सरकारहरूले केन्द्रमा दबाब बढाएका छन्।

दलहरूले मिलेर ल्याएको संघीयता कार्यान्वयन गर्न प्रदेशलाई अधिकार दिने गरी तत्काल कानुनहरू पनि मिलेर बनाउन ध्यानाकर्षण गराएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले बताए। भेटमा राष्ट्रपति पौडेलले मुलुकका जल्दाबल्दा समस्या समाधान गरेर लोकतान्त्रिक व्यवस्थालाई सुदृढ बनाउने काममा मिलेर अघि बढ्न शीर्ष नेताहरूको ध्यानाकर्षण गराएको प्रेस सल्लाहकार पोखरेलले बताए। 'निमुखाले न्याय पाउने गरी सुशासन कायम गर्न नेताहरूको ध्यानाकर्षण गराउनुभयो,' उनले भने।

भेटमा नेताहरूले संघीयता कार्यान्वयनका लागि महत्त्वपूर्ण कानुनहरू आगामी अधिवेशनमा अगाडि बढाउने प्रतिबद्धता जनाएका थिए। प्रधानमन्त्री प्रचण्डले राष्ट्रिय सभा निर्वाचनपछि हिउँदे अधिवेशन आह्वान गर्ने तयारी रहेको जानकारी गराउँदै संघीय कानुन बनाएर प्रदेशहरूलाई अधिकार प्रत्यायोजन गर्न र संघीयतालाई अक्षरशः पालना गर्न सरकार प्रतिबद्ध रहेको बताए।

सुशासनको सवालमा सरकार दृढ रहेको भन्दै प्रचण्डले त्रिविको उपकुलपति नियुक्तिमा सुधारका लागि मापदण्ड परिमार्जन गरेर सार्वजनिक सूचना जारी गरिएको पनि जानकारी गराएका थिए। कांग्रेस सभापति देउवा र एमाले अध्यक्ष ओलीले पनि राष्ट्रपति पौडेलको ध्यानाकर्षणलाई सकारात्मक रूपमा लिँदै मुलुकका साझा एजेन्डामा मिलेर जाने प्रतिबद्धता जनाएको राष्ट्रपति कार्यालयले जनाएको छ।

'अग्निपथ'मा संवादहीनता

निरन्तरता वा समाप्तिबारे उच्चस्तरीय भ्रमणमा दुवै पक्ष मौन, छलफलमार्फत निर्णयमा पुग्न विज्ञको सुझाव

पर्शुराम काफ्ले/नयाँ पत्रिका

गोर्खा रेजिमेन्टमा नेपालीहरूको भर्ती दुई शताब्दी लामो छ। तर, भारतीय सेनामा चार वर्षदेखि रोकिएको भर्तीबारे अनिश्चितता कायमै छ। पछिल्लोपटक भारतले ल्याएको 'अग्निपथ' योजनाले भर्ती ठप्प भए पनि भर्ना पुनः सञ्चालन गर्नेबारे नेपाल र भारत एजेन्डामा प्रवेश गर्न चाहेका छैनन्।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमण र पछिल्लोपटक भारतीय विदेशमन्त्री डा. एस जयशंकरको नेपाल भ्रमणका वेला गोर्खा भर्तीबारे छलफल भएन। नेपाल र भारत दुवै सरकारको एजेन्डामा यसको निरन्तरता वा समाप्तिको विषय छैन।

अग्निपथ योजनापछि एकपटक तत्कालीन परराष्ट्रमन्त्री डा. नारायण खड्काले भारतीय राजदूत नवीन श्रीवास्तवसँग यसबारे चासो राखेका थिए। त्यसपछि दुई देशबीच गोर्खा भर्तीका विषयमा कुनै पनि तहमा औपचारिक-अनौपचारिक कुरा भएको छैन। भारतीय

» पृष्ठ २ मा क्रमशः



अग्निपथ योजनाअनुसार भारतले सुरुमा चार वर्षका लागि मात्रै सेनामा भर्ती गर्नेछ। भर्ती भएकालाई अग्निवीर भनिएको छ। अग्निवीरमध्ये भर्ती भएको चार वर्षपछि २५ प्रतिशत सेनामा निरन्तर हुनेछन् भने ७५ प्रतिशत अग्निवीर सैनिकले अवकाश पाउनेछन्। उनीहरूले अवकाशका समयमा कम्तीमा पनि ११ लाख भारु उपदान पाउने प्रबन्ध छ। अग्निपथ योजना भारतीय र नेपाली सबैका लागि लागू हुने भारतीय सेनाले बताउँदै आएको छ। तर, नेपाल, भारत र बेलायतबीच सन् १९४७ मा भएको त्रिपक्षीय सन्धिअनुसार गोर्खा सैनिकलाई अग्निपथबाट अलग गर्नुपर्ने नेपालको धारणा छ। जानकारका अनुसार नेपालको चासो दुईवटा विषयमा छ। पहिलो, त्रिपक्षीय सम्झौताअनुसार नेपाली नागरिकले पेन्सनसम्म काम गर्न पाउनुपर्छ भन्ने नेपालको धारणा छ। दोस्रो, चार वर्ष काम गरेर फर्केका युवाको व्यवस्थापन नहुँदा त्यसले राष्ट्रिय सुरक्षामा असर गर्छ।

■ के भन्छन् जानकार ?

● **बिनोज बस्न्यात**, पूर्वउपरथी एवं सुरक्षाविज्ञ



भारत र बेलायतसँगको यो परम्परालाई निरन्तरता दिनुपर्छ। दीर्घकालीन रूपमा यसले नेपालको राष्ट्रिय हितलाई रक्षा गर्छ। यो दुई सय वर्षदेखिको अविच्छिन्न इतिहास हो। सैन्य कूटनीतिक विषय हो। यसले नेपाल र भारत दुवैलाई फाइदा पुग्नेछैन। यथास्थितिमा रहनुहुँदैन, एउटा निष्कर्षमा पुग्नुपर्छ।

● **अशोक मेहता**, भारतीय सेनाका पूर्वमेजर जनरल



भारत सरकारले नै नेपालसँग संवादको प्रयास गर्नुपर्छ। किनभने आइसब्रेकका लागि तेस्रो पक्ष कोही पनि आउनेवाला छैन। नेपालले पेन्सन र तलबबापत नेपालमा आउने रकम गुमाउँदै गएको छ। यसलाई नेपाल र भारत दुवै सरकारले इगोको विषय बनाउनुहुँदैन। नेपाल सरकारले मिडियासित होइन, भारत सरकारसित कुरा गर्नुपर्छ। छलफल भएपछि के-कसो गर्ने भन्ने फैसला होला। छलफल नै नगरेपछि के हुन्छ ?

● **अरुणकुमार सुवेदी**, परराष्ट्र मामिला जानकार



राजनीतिक नेतृत्वले यस सम्बन्धमा किन काम गरिरहेको छैन, मैले बुझ्न सकिनँ। नेपाल सरकारले १९४७ को त्रिपक्षीय सन्धि खारेज गर्न खोजेको हो ? नेपालमाथि अनाक्रमण सन्धि पनि खारेज हुने अवस्था आयो भने यसको असर के हुन्छ भन्ने कुरा सरकारले बुझ्नुपर्दैन ?

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नागरिक उन्मुक्तिको अध्यक्षमा रेशम निर्विरोध

पहिलो महाधिवेशनले ३९ पदाधिकारीसहित २४६ सदस्यीय केन्द्रीय समिति चयन गर्दै

धनगढीमा **तेजराज भट्ट**

नागरिक उन्मुक्ति पार्टीको अध्यक्षमा रेशम चौधरी निर्विरोध निर्वाचित भएका छन् । टीकापुरमा जारी नागरिक उन्मुक्तिको पहिलो महाधिवेशनले शुक्रबार अबेरसम्म महासचिवबाहेक सबै पदाधिकारी निर्विरोध चयन गरेको छ ।

महासचिवमा लुम्बिनी प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री धर्म थारू, कैलाली ३ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य गंगा चौधरी र बर्दियाका ठाकुरसिंह थारूले उम्मेदवारी दिएका छन् । जानकी गाउँपालिका अध्यक्षसमेत रहेका नेता गणेश चौधरीले महासचिव पदमा पनि सहमतिमै टुंग्याउन छलफल जारी रहेको बताए ।

महाधिवेशनले ३९ पदाधिकारीसहित दुई सय ४६ सदस्यीय केन्द्रीय समिति चयन गर्नेछ । दुई सय ५५ जना केन्द्रीय सदस्य पछि मनोनीत गरिने बताइएको छ । यसअघि नागरिक उन्मुक्तिको अध्यक्षमा रेशमपत्नी रञ्जिता श्रेष्ठ थिइन् । उनी अहिले संघ सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री छिन् ।

'टीकापुर घटना'मा दोषी ठहर भई आजीवन कारावास



सजाय पाएका रेशम गणतन्त्र दिवसका अवसरमा सरकारको सिफारिसमा राष्ट्रपतिबाट बाँकी कैद मिनाहा भएर गत जेठमा कैदमुक्त भएका थिए । संविधान जारी हुनुअघि थरुहट आन्दोलनका क्रममा टीकापुरमा हिंसात्मक झडप हुँदा आठ प्रहरी र एक नाबालक मारिएको घटनामा अदालतले उनलाई दोषी ठहर सर्वस्वसहित जन्मकैद सजाय सुनाएको थियो । जेलमुक्त भएदेखि नै पार्टी राजनीतिमा प्रत्यक्ष रूपमा सक्रिय रेशम पत्नीलाई विस्थापित गर्दै अध्यक्ष बनेका हुन् ।

टीकापुर घटनापछि फरार अवस्थामै उनी ०७४ मा कैलाली १ बाट प्रतिनिधिसभा सदस्यमा भारी मतसहित विजयी भएका थिए, तर संसद् प्रवेश गर्न भने पाएनन् । निर्वाचित भएपछि कैलाली जिल्ला अदालतमा आत्मसर्मपण गरेका उनलाई अदालतले कारागार पठाएको थियो । यही क्षेत्रबाट गत वर्ष भएको निर्वाचनमा रेशमपत्नी रञ्जिता प्रतिनिधिसभामा निर्वाचित भएकी हुन् ।

रेशम जेलमा रहँदा उनकै पहलमा रञ्जिताको अध्यक्षतामा ०७८ फागुनमा नागरिक उन्मुक्ति गठन भएको थियो । जसको संरक्षकमा रेशम थिए । गठन भएको छोटो समयमै नागरिक उन्मुक्तिले थारूबाहुल क्षेत्रमा प्रभाव जमाउन सफल भएको छ । निर्वाचन आयोगबाट दलको मान्यता पाएको करिब तीन महिनापछि भएको स्थानीय तह निर्वाचनमा नागरिक उन्मुक्तिले कैलालीका चार पालिका प्रमुख जितेको थियो । गत वर्ष भएको निर्वाचनमा नागरिकले कैलालीका प्रतिनिधिसभाका तीन र प्रदेश सभाका सात स्थानमा जित हासिल गरेको थियो । संघ र प्रदेशमा गरी नागरिक उन्मुक्तिका १६ सांसद छन् ।

राप्तीमा बस खस्दा कम्तीमा पाँच यात्रुको मृत्यु

दाङमा **दीपक बोहरा**



नेपालगन्जबाट काठमाडौं जाँदै गरेको भे.१ख ३९१२ नम्बरको यात्रुवाहक बस शुक्रबार राति दाङको भालुवाङस्थित राप्ती पुलबाट नदीमा खस्दा कम्तीमा पाँचजनाको मृत्यु भएको छ । कम्तीमा २५ जना घाइते भएका छन् । मृत्यु हुनेको सनाखत भइसकेको छैन । राति साढे १० बजेतिर दुर्घटना भएको हो । इलाका प्रहरी कार्यालय भालुवाङका इन्स्पेक्टर उज्ज्वल सिंहका अनुसार गाडीले च्यापिएको अवस्थामा रहेका पाँच शव निकालिएका छन् । बसको आधा भाग पानीमा र आधा बाहिर छ ।

घाइतेहरूलाई उद्धार गरेर उपचारका लागि भालुवाङ अस्पतालमा पठाइएको इन्स्पेक्टर सिंहले बताए । उनीहरूमध्ये केहीको अवस्था गम्भीर रहेको छ । तीव्र गतिका कारण अनियन्त्रित भई बस पुलबाट खसेको हुन सक्ने प्रहरीको अनुमान छ ।

१ माघदेखि स्वास्थ्य बिमामा सहभुक्तानी प्रणाली लागू हुने

काठमाडौं/ स्वास्थ्य बिमा बोर्डले १ माघदेखि सहभुक्तानी प्रणाली लागू गर्ने भएको छ । सहभुक्तानी प्रणालीअन्तर्गत स्वास्थ्य बिमाबाट स्वास्थ्य सेवा लिँदा तिर्नुपर्ने शुल्कको १० प्रतिशत शुल्क बिमितले तिर्नुपर्ने हुन्छ । सेवाप्रदायक स्वास्थ्य संस्था, बिमित नागरिक र सरोकारवालालाई जवाफदेही र सचेत बनाउन यस्तो नीति बनाउन लागिएको छ । यसका लागि स्वास्थ्य बिमा ऐन, २०७४ को दफा ७ को व्यवस्थाअनुसार सहभुक्तानी प्रणालीसम्बन्धी कार्यविधि कार्यान्वयनमा ल्याउन लागिएको छ ।अस्पतालबाट प्रदान गरिने बहिरंग, अन्तरंग, निदानात्मक, उपचारात्मक, शल्यक्रिया, फिजियोथेरापी र पुनर्स्थापना सेवामा सहभुक्तानी प्रणाली लागू गरिने बिमा बोर्डले जनाएको हो । तत्कालका लागि नेपाल सरकारले लक्षित वर्ग किटान गरेका व्यक्ति, इमर्जेन्सी सेवा र २५ बेडभन्दा कम बेड भएका अस्पतालबाहेकका सेवामा मात्रै सहभुक्तानी प्रणाली लागू हुने अधिकारीहरूले बताएका छन् । 'अत्यावश्यकबाहेकका सेवाहरूसमेत लिन खोज्नेको संख्यासमेत बढी देखिएकाले स्पेसलाइज्ड सेवाहरूमा मात्र सहभुक्तानी प्रणाली लागू गर्न लागिएको हो ।

माघे संक्रान्तिबाट...

◀◀ पृष्ठ १ बाट क्रमशः

गेटको मर्मत गरेर बिहीबार पानी पथान्तरण गरेको थियो । उपत्कामा मेलम्ची ल्याउनका लागि खानेपानी मन्त्रालयका सचिव सुरेश आचार्यको अध्यक्षतामा ३ पुसमा बसेको बैठकले आकस्मिक परिस्थितबाहेक २८ दिनको कार्यतालिका बनाएर काम गरेको थियो । समयमै काम सम्पन्न गर्न दुई सिफ्टमा जनशक्ति परिचालन भएको थियो ।

सोही दिन निर्माण व्यवसायी सिनो हाइड्रोले तत्काल काम सुरु गर्ने गरी सम्झौता भएको थियो । सिनो हाइड्रोले काम गरे पनि लागतबारे भने अझै निर्क्योल नभएको समितिले जनाएको छ । 'हाल लागतबारे निर्क्योल भइसकेको छैन । नाँपजाँचको काम भइरहेको छ । ती काम सम्पन्न भइसकेपछि भुक्तानी हुनेछ,' प्रवक्ता पन्तले भने ।

गत २७ र २८ साउनमा आएको बाढीले आयोजनाको हेडवर्क्स बगाएकाले अस्थायी रूपमा समेत पानी ल्याउन सकस भएको थियो । बर्खा सुरु भएसँगै समितिले (असार पहिलो सातादेखि) मेलम्चीको पानी बन्द गरेको थियो । यसअघि, ०७८ को १ असार र १५ साउनमा पनि मेलम्ची नदीमा आएको बाढीले हेडवर्क्स र सुरुङमा क्षति पुगेको थियो ।

हाल उपत्यकामा ४० करोड लिटर पानीको माग छ । तर, काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)ले हाल दैनिक १२ करोड लिटर पानी वितरण गर्दै आएको छ । केयुकेएलले वर्षायाममा समेत जम्मा १६ करोड लिटर मात्रै वितरण गर्दै आएको छ । मेलम्चीको पानी आउन छाडेपछि केयुकेएलले भूमिगत पानीका स्रोत जस्तै : बोरिङ, ट्युबेल र धाप ड्यामको पानी प्रशोधन गरेर उपत्यकावासीलाई वितरण गर्दै आएको छ ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

सूचना प्रकाशित मिति : २०८०/०९/२८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/१०/१९ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय दुलेगौडा, तनहुँबाट तपसिलको कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सके वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणी/प्रोप्राइटर/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरणः
१) ऋणीको नाम : ए वान फेसन दर्ता गर्ने कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, स्याङ्जा प्रा.फ.र.नं. ४६७/०७७/०७८, दर्ता मिति :२०७७/०६/२६ पान नं.: ६१३९९७३६२ ठेगानाः पुतलीबजार-१, स्याङ्जा **प्रोप्राइटर/जमानीकर्ताको नाम : सरिफा बानु अलि** बाबुको नामः अलि उमर मिया पतिको नामः मोहम्मद अलि ससुराको नामः रहि मत अलि मिया ठेगानाः पुतलीबजार-१, स्याङ्जा ना.प्र.नं.: ८०६२६, जारी मितिः २०६२/०२/११ जारी गर्ने कार्यालयः जि.प्र.का., स्याङ्जा **कर्जा शीर्षक : एस.एम.ई. अधिविकर्ष कर्जा** **कर्जा लिएको शाखा : दुलेगौडा शाखा**	**क) नाम : मोहम्मद अलि** बाबुको नामः रहि मत अलि मिया बाजेको नामः रहमत उल्ला मिया ठेगानाः पुतलीबजार-९, स्याङ्जा हालः पुतलीबजार-१, स्याङ्जा ना.प्र.नं.: २५८६४, जारी मितिः २०५२/०४/११ जारी गर्ने कार्यालयः जि.प्र.का., स्याङ्जा **ख) नाम : नमिरा अशमा अलि** बाबुको नामः मोहम्मद अलि बाजेको नामः रहि मत अलि मिया ठेगानाः पुतलीबजार-३, स्याङ्जा हालः शुक्लागण्डकी-५, तनहुँ ना.प्र.नं.: ४२-०१-७५-०३६३६ जारी मितिः २०७५-०९-२९ जारी गर्ने कार्यालयः जि.प्र.का., स्याङ्जा

सुरक्षणमा रहेको धितोको विवरण : श्री मालपोत कार्यालय सुर्खेतमा श्री सरिफा बानु अलिको नाममा दर्ता कायम रहेको सुर्खेत जिल्ला लाटीकोईली-७क स्थित कि.नं. ७३३१ को क्षेत्रफल ९३ व.मी.को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ००२-९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नम्बर ००२-९२०६५०१०७०५०१ को "SADBL – Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र शाखा कार्यालय दुलेगौडा, तनहुँमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन । उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन ।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन ।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन ।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ ।

नाकामा कालापहाड...

◀◀ पृष्ठ १ बाट क्रमशः

चरम आर्थिक मन्दीका कारण परिवारको दैनिक गुजारा चलाउन केही पैसा कमाउने आशामा हिमाली जिल्ला हुम्लाका अदानचुली र चंखेली गाउँपालिकाका सयौँ युवा कालापहाड हिँडेपछि गाउँहरू युवाविहीन बनेका छन् । हिउँदे खेती लगाएर तीनमहिने मजदुरीका लागि कालापहाड जाने युवा अत्यधिक छन् । पुसको सुरुदेखि दैनिक १०-१२ जनाको संख्यामा युवाले गाउँ छाडेका थिए । अहिले हुम्लाको दक्षिण क्षेत्रका गाउँबस्तीमा युवा बिरलै भेटिने गरेको अदानचुली गाउँपालिका- २ का भक्त बुढाले बताए । उनका अनुसार एक सातायता अत्यावश्यक कामले रहेकाबाहेक अरू युवा गाउँमा भेट्न मुस्किल पर्छ । 'गाउँमा एक वर्षयता पैसा कमाउने कुनै माध्यम नभएपछि अधिकांश युवा गुजारा चलाउन बाध्य भएर भारत जानुपरेको हो,' बुढाले भने, 'अहिले गाउँमा कसैको मृत्यु भए पनि शव उठाउने युवा पाउनै मुस्किल छ ।' अदानचुली- २ बाट झन्डै सयको संख्यामा युवा भारत गएको उनले बताए ।

गत १० पुसमा कर्णाली क्षेत्रको स्थानीय चाड मनाएपछि एक सातामै हजारभन्दा बढी युवाले गाउँ छाडेको हुम्ला र बाजुरा जिल्लाको सिमानामा अवस्थित कवाडी प्रहरी चौकीले जनाएको छ । 'गत एक सातामा गाडी र पैदल हिँडेर भारत जानेको संख्या बढी देखियो,' त्यहाँका एक सुरक्षाकर्मीले भने, 'चेकजाँच र सोधीखोजी गर्दा गाडी र पैदलमार्फत गएका सबैले भारत जाने भने । युवाको भिड थामी नसक्नु देखियो ।'

हिउँदमा घरको काम पनि हुँदैन । विकास निर्माणको काम गरेर केही रकम जोहो गर्ने गरेका यहाँका युवाका लागि एक वर्षयता विकास निर्माणका काम ठप्प भएपछि झन्डै दुई दशकपछि पहिलोपटक यति ठूलो संख्यामा बाहिरिएको स्थानीय बताउँछन् । अदानचुली- ५ का रामबहादुर छत्यालले भने, 'गाउँमा रोजगारी नहुनु, गाउँपालिकाले भएका योजनाको भुक्तानी प्रक्रिया समयमा पूरा नगर्दा रकम फ्रिज हुनुलगायत कारण अदानुचलीका युवाले भारत रोजेका हुन् ।'

गत वर्षहरूमा औषधि उपचार गर्न र केही अत्यावश्यक कामका लागि हरेक गाउँबाट बढीमा पाँच-सातजना कालापहाड जाने गरे पनि यस वर्ष जानेको संख्या अप्रत्याशित ढंगले वृद्धि भएको अदानचुली- २ स्थित मष्टादेव आधारभूत विद्यालयका अस्थायी शिक्षक छप्की बुढाले जानकारी दिए । केही दिनअघि अदानचुली गाउँपालिकाले सामाजिक सुरक्षा-भत्ताको रकम खातामार्फत भुक्तानी गरेपछि उक्त रकमले गाडी रिजर्भ गरेका युवाले दुई-तीन महिनाको गन्तव्यका रूपमा कालापहाड रोजेका छन् । १३ पुसमा पाँच सय जति युवा कालापहाड लागेको बुढाले बताए । 'कर्णाली करिडोरमा अस्थायी रूपमा चलेका जिपमा प्रायः कालापहाड जाने अदानचुलीका युवा मात्रै थिए । कुनै-कुनै जिपले दोहोरो-तेहोरो गरेर बेलुका अबेरसम्म पनि ओसारे । आफूसँग गाडीभाडा नभएका दर्जनौं युवा बाजुराको मार्तडीसम्म राति हिँडेर पनि गएका थिए,' उनले भने ।

गाडीभाडा पनि जोहो गर्न नसक्नेहरू कर्णाली र भेरी करिडोर हुँदै पैदलै गएका हुन् । अदानचुली- ३ मकैगाउँका अंकल रोकायाले गाउँभर खोज्दा पनि गाडीभाडा नपाएपछि पैदलै बाजुराको मार्तडी पुगेको बताए । गाउँमा काम नभएकाले कालापहाड गई काम गरेर घरपरिवार खर्च चलाउन सकिन्छ कि भनेर भारत हिँडेको रोकायाले बताए । 'नैन रोकाया, खड्क रोकाया, बाँच्या रोकायासहितका १२ जनाको हाम्रो टोली गाडीभाडा पनि नपाएपछि तीन दिनको पैदल बाटो हुँदै बाजुरा सदरमुकाम मार्तडी पुगेको हो,' उनले भने, 'एक रात एक दिनमा मार्तडी पुग्यौँ । अब यहाँबाट सीमामा पुग्न दुई दिन लाग्छ होला ।'

जनप्रनिधिबीचको विवादले विकासका काम ठप्प हुँदा पनि युवा कालापहाडतिर

गाउँमा विकास निर्माणका काम हुँदा युवाहरूले पनि रोजगारी पाउँछन् । तर, हुम्लामा जनप्रतिनिधिबीचको विवादले विकास निर्माण ठप्प हुँदा बेरोजगारी बढाएको छ । गत वर्ष गाउँमा आएका विकासका योजनामा काम गरेर परिवारका सदस्यलाई लुगाफाटो किन्ने, छोराछोरीको कापी-किताबको जोहो गरेका स्थानीय यसपटक गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षबीचको विवादका कारण योजनाको रकम फ्रिज भएपछि रोजगारीको गन्तव्य कालापहाड रोजाइमा परेको बाँच्या रोकाया बताउँछन् । 'चालू आर्थिक वर्षको ६ महिना बितिसक्यो । कुन योजना परेको छ, कति बजेट छ भन्ने जानकारी छैन । अध्यक्ष, उपाध्यक्ष, एक वडाध्यक्ष (वडा नम्बर ६ नम्बरबाहेक) सबै सुर्खेत गएका छन् । पालिकाका सबै कार्यालय बन्द छन् । त्यहाँबाट अब केही हुन्छ कि भन्ने विश्वास नलागेपछि काम खोज्न भारत हिँडेका हौं,' उनले भने ।

गाउँको सरकार भनिने स्थानीय तहले सामान्य कामलाई भन्दा प्रदेश तथा स्थानीय सरकारले गर्ने सडक निर्माणमा सबै बजेट विनियोजन गर्नु र भएको सबै बजेट डोजर मालिकले लिने गरेकाले पनि स्थानीय कामविहीन बनेका छन् । 'स्थानीय युवाको आर्थिक उपार्जनको माध्यम बनेको संघ, प्रदेश र गाउँपालिकाका योजनामा गत वर्षदेखि काम गरे पनि ज्याला नपाएका कारण गाउँमा थप आर्थिक संकट पऱ्यो,' अदानचुली- ४ का बलबहादुर बुमीले भने, 'गत आर्थिक वर्ष ०७९/८० मा मात्रै अदानचुली गाउँपालिकामा अध्यक्ष र उपाध्यक्षबीचको विवादका कारण काम सम्पन्न भएका ६ करोड बजेटका ३६ भन्दा धेरै योजनाको रकम भुक्तानी नभएर फ्रिज भयो । कुनै विकल्प नदेखेर घरको गर्जो टार्न युवाहरू भारत छिर्न बाध्य भएका हुन् ।'

एमाले अदानचुली गाउँ कमिटीका अध्यक्ष बुधे भण्डारी ०६२/६३ को आन्दोलनयता सबैभन्दा बढी युवाले यस वर्ष गाउँ छाडेको बताउँछन् । राजनीतिक स्थिरता कायम भएपछि गाउँको विकास तीव्र होला, गाउँमै रोजगारी सिर्जना होला भन्ने सोचेका युवाले २० वर्षसम्म पनि कुनै परिवर्तन नदेखेपछि कालापहाडलाई अस्थायी गन्तव्य रोजेको उनको भनाइ छ । 'गाउँमा नयाँ रोजगारीको सिर्जना त परै जाओस्, करारमा नियुक्त गरिएका कर्मचारीले समेत तलब पाएका छैनन् । यिनै कारण सर्वसाधारणको गन्तव्य भारत बनेको छ,' उनले भने, 'जिल्लाका विभिन्न कार्यालयले विगतमा योजनाका काम समयमै सञ्चालन गर्थे, तर अहिले ती सबै काम स्थानीय सरकारमातहत हुने गरेका छन् । स्थानीय सरकारका प्रमुख-उपप्रमुखबीचको तिक्तताले काम ठप्प भएपछि धेरै युवाको रोजाइ कालापहाड बन्यो । गाउँपालिका आफैँले नियुक्ति गरेका कर्मचारीले तलब नपाउनु, बालभत्ता, सामाजिक सुरक्षाभत्ता पनि समयमा वितरण नगर्नुले अल्पकालीन उपायको खोजीमा युवाहरू गाउँ छोड्न बाध्य भएका हुन् ।' युवाहरू विदेश हिँडेपछि गाउँमा मलामी जाने मान्छे नपाइने अवस्था आएको भण्डारीले बताए ।

गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षबीचको विवादले प्रमुख प्रशासकीय अधिकृतलगायत कर्मचारी पनि रनभुल्ल छन् । करार कर्मचारीको टुंगो लगाउन नसक्नु, समयमा कार्यपालिका बैठक नबस्नु, गाउँसभा बस्न नसक्नुका कारण पालिकाको बजेट कार्यान्वयनमा नआएपछि स्थानीयमा आर्थिक संकट परेको गल्बा बहुमुखी क्याम्पसका प्रमुख रणसुर रोकाया बताए ।

स्थानीय तहमा आएको बजेट व्यक्तिकेन्द्रित र नेतामुखी भएर सर्वसाधारण बेरोजगार भएपछि गाउँ छोड्ने युवाको संख्या दैनिक बढ्दै गएको नेपाल पत्रकार महासंघका पूर्वकेन्द्रीय सदस्य नवराज महताराले बताए । 'गाउँमा आएको बजेट नेताको स्वामित्वमा रह्यो, युवाहरू बेरोजगार छन्, गाउँमा आर्थिक मन्दी छ, खर्चको जोहो गर्न समस्या भएपछि हरेक दिन कालापहाड जानेको संख्या बढेको हो,' उनले भने । अदानचुली गाउँपालिकामा ९० प्रतिशत काम भएका ३६ वटा योजनाको ६ करोड बजेट फ्रिज भएको उनले बताए ।

रोजगारीका...

◀◀ पृष्ठ १ बाट क्रमशः

उनले सुनाए । 'घरमा छोरा एक्लै बस्न सकिहाल्छ भनेर बुढाबुढी नै जाँदै छौं,' त्रिनगर नाकामा भेटिएका नेपालीले भने, 'केही महिना काम गरेर फर्कने हो ।' छोरालाई घरमा एक्लै छाडेर जाने रहर नभई बाध्यता भएको उनले बताए ।

भक्तबहादुर र प्रेमजस्तै जीवन निर्वाहको बाध्यताले रोजगारी खोज्न पश्चिमी नाकाबाट दैनिक ठूलो संख्यामा नेपाली भारत गइरहेका छन् । त्रिनगर नाकामा खटिएका सुरक्षाकर्मीका अनुसार यो नाकाबाट मात्र हिजोआज दैनिक करिब पाँच सय नेपाली कामको खोजीमा भारत जाने गरेका छन् । भारतमा सार्वजनिक यातायात चालकको आन्दोलनका कारण गाडी नचलेपछि तीन दिनदेखि त्रिनगर नाकाबाट नेपालीहरू भारत जान पाएका थिएनन् । पारि सार्वजनिक यातायात सुरु भएपछि बुधबार बेलुकाबाट कामको खोजीमा नेपाली भारत जान थालेको त्रिनगर नाकाको सशस्त्र प्रहरी पोस्टले जनाएको छ । दैनिक ५-६ सयजना भारत गइरहेका त्रिनगर नाकामा कार्यरत सशस्त्र प्रहरीका सइ उपेन्द्र ठकुराठीले बताए ।

कामको खोजीमा जमुनाह नाकाबाट दैनिक हजार नेपाली भारत लाग्छन्

पश्चिम रुकुमको मुसिकोट नगरपालिका- ९ सुहाँराका ४२ वर्षीय टोपबहादुर परियार बुधबार नेपालगन्जको जमुनाह नाकामा भेटिए । जाजरकोट केन्द्र भएर गएको भूकम्पमा उनको घर भत्केको छ । तर, उनले अहिलेसम्म राहत पाएका छैनन् । घर बनाउने पैसाको जोहो गर्न उनी भारतको सिम्ला पहाड जान हिँडेका हुन् । 'नेपालमा बसेर घर बनाउन नसकिने भयो । पैसा कमाउन भारतको सिम्ला पहाड जाने निधो गरेँ,' उनले भने, 'नेपालमा नियमित रूपमा काम पाइँदैन । काम पाए पनि उचित ज्याला पाइँदैन । भारत नगए घर नबन्ने भन्ने लागेपछि कामको खोजीमा भारत जान बाध्य भएँ ।'

आफ्नो देश छाडेर भारत जानुपर्दा मन दुखेको उनले बताए । आफ्नो देश, परिवार र समाज छाडेर जाँदा नमज्जा लागेको बताउँदै उनले नेताका कारण देशमा आर्थिक संकट निम्तिएको बताए । 'आफ्नो देश छाडेर जाने रहर होइन, बाध्यता हो,' उनले भने, 'देशका नेताले राम्रो काम गरेको भए काम खोज्दै बाहिर जानुपर्ने थिएन । नेताका कारण हामीले दुःख खेप्नुपरेको छ ।'

सोही ठाउँका ६५ वर्षीय टसबहादुर बुढा पनि जमुनाह नाका हुँदै सिम्लातर्फ गएका छन् । भारी मन लिएर भारत जाँदै गरेका उनको घर बनाउने धोको छ । भूकम्पले उनको घरमा पनि क्षति पुगेको छ । 'घर बनाउन कतैबाट सहयोग पाइएन । भारत गएर कमाउने शिवाय अरू उपाय भएन,' उनले भने, 'गरिबको दुःख न त केन्द्र सरकारले बुझ्यो, न स्थानीय सरकारले नै सुनुवाइ गऱ्यो ।'

जुम्लाको गोठीचौर गाउँपालिका- २ मुरुल्लीका भक्तबहादुर बुढा आमासँगै भारत गए । कृषि पेसामा निर्भर उनको परिवार हरेक वर्षको हिउँदमा उतै जान्छ । 'जुम्लामा उत्पादित वस्तुले बजार पाउँदैन । काम पनि पाउन मुस्किल छ । ज्याला पनि एकदमै थोरै पाइने भएकाले भारत नगई सुखै छैन,' उनले भने, 'आफ्नो देश छाडेर जान कसलाई पो मन लाग्दो हो ?'

पश्चिम रुकुमको आठबिसकोट नगरपालिका- १२ खुलीबार्खुका खलबहादुर पनि पत्नीसँगै भारतको सिम्ला गएका छन् । नेपालमा काम नपाइने भएकाले भारत जान थालेको भनाइ उनको पनि थियो । सिम्लास्थित एक बजारमा सामान ढुवानीको काम गर्न सिम्ला जान लागेको उनले बताए । सामान ढुवानी गरेर दैनिक सरदर सात सय रुपैयाँ हुने गरेको उनले बताए । 'सिम्लामा कामका हर्जा हुँदैन । जति धेरै काम गर्न सक्यो, उति धेरै कमाइ हुन्छ । काम गर्न सक्नेले दैनिक १२ सय भारु पनि कमाउँछन्,' उनले भने ।

'अग्निपथ...

◀◀ पृष्ठ १ बाट क्रमशः

विदेशमन्त्री डा. जयशंकरको १९ र २० पुसको भ्रमणमा पनि अग्निपथमा दुवै पक्षले मौनता साधे ।

अग्निपथबारे नेपालले सुरुमा प्रश्न उठाए पनि दुई वर्षयता दुई देशको उच्च तहमा यसबारे संवाद भएको छैन । प्रधानमन्त्रीका परराष्ट्र मामिला सल्लाहकार डा. रूपक सापकोटाले अग्निपथ सम्बन्धनमा सरकारले नयाँ निर्णय नगरेको बताए । 'यस सम्बन्धमा सरकारको नयाँ निर्णय केही पनि भएजस्तो मलाई लाग्दैन,' उनले भने ।

दुई शताब्दीदेखि ब्रिटिस सैनिकको गोर्खा रेजिमेन्टमा कार्यरत नेपालीहरू भारत स्वतन्त्र भएपछि भारतीय र ब्रिटिस सेनामा बाँडिए । त्यसयता दुवै सेनाका गोर्खा रेजिमेन्टमा भर्ती निरन्तर रहेको थियो । तर, चार वर्षदेखि भारतीय सेनामा रोकिएको छ । बेलायती सेनामा भने नेपालबाट भर्ती जारी छ ।

सुरुका दुई वर्ष (सन् २०२० र २०२१) कोरोना महामारीका कारण रोकिएको गोर्खा भर्ती त्यसपछि (२०२२ र २०२३) भारतको अग्निपथ योजनाका कारण रोकिएको हो । २०१९ मा भर्तीपछि भारतीय सेनामा भर्ती भएको छैन । वार्षिक १७ सय जना नेपाली नागरिक भारतीय सेनाको गोर्खा राइफल्समा भर्ती हुने गरेका थिए ।

कोरोनाका कारण २०२० र २०२१ मा भारतीय सेनाले भर्ती खोलेन । यी दुई वर्ष भारतीय र नेपाली नागरिक कसैको भर्ना भएन । २०२२ जुन १४ (३१ जेठ २०७९) मा भारत सरकारले अग्निपथ योजना लागू गरेपछि यसबारे नेपालले प्रश्न उठायो र नेपालबाट भर्ती रोकियो । त्यसपछिका चार वर्षमा ६ हजार ८ सय युवाले भारतीय सेनामा भर्ती हुन पाएनन् ।

भूरणनीतिक मामिला जानकार भने अग्निपथका विषयमा दुई देशबीचको मौनता दुवैका लागि हितकर नहुने बताउँछन् । पूर्वउपरथी एवं सुरक्षाविज्ञ बिनोज बस्न्यातले गोर्खा भर्तीको परम्परालाई निरन्तरता दिनु उचित हुने सुझाव दिए । 'भारत र बेलायतसँग हाम्रो यो परम्परालाई निरन्तरता दिनुपर्छ । दीर्घकालीन रूपमा यसले नेपालको राष्ट्रिय हितलाई रक्षा गर्छ,' बस्न्यातले भने ।

अल्पकालीन रूपमा तलब र दीर्घकालीन रूपमा पेन्सनमार्फत नेपालमा आउने भारतीय रुपैयाँ घट्दा आर्थिक रूपमा नै यसले नेपाललाई हानि पुग्ने उनको तर्क छ । 'यो दुई सय वर्षदेखिको अविच्छिन्न इतिहास हो । सैन्य कूटनीतिक विषय हो । यसले नेपाल र भारत दुवैलाई फाइदा पुग्नेछैन,' उनले सुनाए, 'यथास्थितिमा रहनुहुँदैन, एउटा निष्कर्षमा पुग्नुपर्छ ।' नेपालले भर्ती नगरे पनि गोर्खा भर्तीको परम्परा भारतले तोड्न नसक्ने उनको अनुमान छ ।

लामो समय गोर्खा सैनिकमा कार्यरत रहेका भारतीय सेनाका पूर्वमेजर जनरल अशोक मेहताले अग्निपथ र गोर्खा भर्तीबारे दुई देशबीच संवादहीनताको अवस्था स्वाभाविक नहुने बताए । 'मेरो सुझाव छ कि यसमा भारत सरकारले नै नेपालसँग संवादको प्रयास गर्नुपर्छ । किनभने आइसब्रेकका लागि तेस्रो पक्ष कोही पनि आउने वाला छैन,' मेहताले नयाँ पत्रिकासँग भने ।

यही अवस्था भयो भने सन् २०३० सम्म गोर्खा युनिटको संख्या आधा घट्ने र २०४७ पछि यसको अस्तित्व नरहने सम्भावना रहेको मेहताको आकलन छ । 'नेपालले पेन्सन र तलबबापत नेपालमा आउने रकम गुमाउँदै गएको छ । यसलाई नेपाल र भारत दुवै सरकारले इगोको विषय बनाउनुहुँदैन,' उनी भन्छन्, 'नेपाल सरकारले मिडियासित होइन, भारत सरकारसित कुरा गर्नुपर्छ । छलफल भएपछि के कसो गर्ने भन्ने फैसला होला । छलफल नै नगरेपछि के हुन्छ ?'

परराष्ट्र मामिला जानकार एवं तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाका सल्लाहकार अरुणकुमार सुवेदीले नेपाल, भारत र बेलायतबीचको त्रिपक्षीय सम्झौता निरन्तर हुनुपर्ने बताए । अग्निपथले नेपालीलाई पठाउन बाधा नपुग्ने उनको तर्क छ । 'राजनीतिक नेतृत्वले यस सम्बन्धमा किन काम गरिरहेको छैन, मैले बुझ्न सकिनँ । नेपाल सरकारले १९४७ को त्रिपक्षीय सन्धि खारेज गर्न खोजेको हो ? नेपालमाथि अनाक्रमण सन्धि पनि खारेज हुने अवस्था आयो भने यसको असर के हुन्छ भन्ने कुरा सरकारले बुझ्नुपर्दैन ?' सुवेदीले प्रश्न गरे ।

अग्निपथ योजनाअनुसार भारतले सुरुमा चार वर्षका लागि मात्रै सेनामा भर्ती गर्नेछ । भर्ती भएकाहरूलाई अग्निवीर भनिएको छ । अग्निवीरहरूमध्ये भर्ती भएको चार वर्षपछि २५ प्रतिशत सेनामा निरन्तर हुनेछन् भने ७५ प्रतिशत अग्निवीर सैनिकले अवकाश पाउनेछन् । उनीहरूले अवकाशका समयमा भारु कम्तीमा पनि ११ लाख रुपैयाँ उपदान पाउने प्रबन्ध छ । अग्निपथ योजना भारतीय र नेपाली सबैका लागि लागू हुने भारतीय सेनाले बताउँदै आएको छ ।

तर, नेपाल, भारत र बेलायतबीच सन् १९४७ मा भएको त्रिपक्षीय सन्धिअनुसार गोर्खा सैनिकलाई अग्निपथबाट अलग गर्नुपर्ने नेपालको धारणा छ । जानकारहरूका अनुसार नेपालको चासो दुईवटा विषयमा छ । पहिलो, त्रिपक्षीय सम्झौताअनुसार नेपाली नागरिकले पेन्सनसम्म काम गर्न पाउनुपर्छ भन्ने नेपालको धारणा छ । दोस्रो, चार वर्ष काम गरेर फर्केका युवाहरूको व्यवस्थापन नहुँदा त्यसले राष्ट्रिय सुरक्षामा असर गर्छ ।

भारतीय सेनाका पूर्वमेजर जनरल मेहता भने गोर्खाहरू भारतीय सेनाका अभिन्न अंग रहेको र उनीहरूलाई निरन्तरता दिनुपर्ने दबाब भारतभित्रै रहेको बताउँछन् । भारतीय विदेश मन्त्रालयका प्रवक्ताले ९ भदौ २०७९ मा पत्रकारहरूको प्रश्नमा भनेका थिए, 'हामीले लामो समयदेखि भारतीय सेनामा गोर्खा सैनिक भर्ती गर्दै आएका छौँ । अब अग्निपथ स्किमअन्तर्गत भारतीय सेनामा गोर्खा भर्तीको प्रतीक्षारत छौँ ।'

गोर्खा सैनिकमै कुनै वेला कार्यरत भारतीय सेनाका चिफ अफ डिफेन्स स्टाफ अनिल चौहान पनि गोर्खा भर्ती निरन्तरता हुनुपर्ने धारणा राख्छन् । उनीसँग भेटेका सेनाका पूर्वउपरथी बिनोज बस्न्यातका अनुसार नेपालले अग्निपथ योजना स्वीकार गर्दा केही फरक नपर्ने धारणा चौहानको थियो ।

हाल भारतीय गोर्खामा करिब ३२ हजार कार्यरत छन् । उनीहरूको तलब र अवकाशप्राप्तको पेन्सनका लागि वार्षिक ६० अर्ब रुपैयाँ नेपालमा आउने गरेको छ । शेरबहादुर देउवा नेतृत्वको सरकारले नयाँ सरकार आएपछि अग्निपथ योजनाबारे नेपालले धारणा बनाउने उल्लेख गरेको थियो । तर, नयाँ सरकारले एक वर्षदेखि यसबारे केही निर्णय गरेको छैन ।


नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार २८ पुस ०८०
nayapatrikaofficial @naya_patrika

माधवबारे
झलनाथ खनाल

विभिन्न कालखण्डमा विभिन्न खालका बहस, छलफल, मतमतान्तर भने हुँदै आए। तर, ती मतमतान्तरले अहिलेसम्म हामीलाई अलग पारेको छैन।

झलनाथबारे
माधव नेपाल

पार्टीमा बहस, छलफल त हुने नै भयो। हामीले विगतदेखि अभ्यास गर्दै आएको यही हो। तर, यसले जेएन कमरेड र मेरो सम्बन्ध बिगारेको छैन।



सम्बन्ध

नेपाल-खनाल निरन्तर सहयात्री, जबजमा सधैं मतभेद

पार्टीका नेताहरू भन्छन्, 'नेपाल जबजलाई अँगाल्ने पक्षमा छन्, खनाल जबजले अब हुन्न भनिरहेका छन्'

■ प्रेम गौतम

पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र झलनाथ खनालको राजनीतिक सम्बन्ध करिब पाँच दशकको छ। नेपाल र खनालको पहिलो भेट १५ जेठ ०३२ मा विराटनगरको तीनटोलियास्थित एक मजदुर नेताको घरमा भएको थियो। त्यही भेटघाटको क्रममा सिपी मैनालीको नेतृत्वमा नेपाल, खनालसहित आठ सदस्यीय कमिटी बनेको थियो, को-अर्डिनेसन केन्द्र (कोके)। कोकेमा सिपी मैनाली सचिव, नेपाल र रामचन्द्र यादव पोलिटब्युरो सदस्य, खनालसहित मुकुन्द न्यौपाने, अमृत बोहरा, गोविन्द न्यौपाने र मणिलाल राई केन्द्रीय कमिटी सदस्य बने। कोकेको लक्ष्य कम्युनिस्ट आन्दोलनलाई एकत्रित गरेर सशक्त संगठन निर्माण गर्नु थियो। 'पहिलो संगठन नै हामीले कोकेबाट सुरु गरेका हौं।' कोकेका संस्थापक नेता मुकुन्द न्यौपाने स्मरण गर्छन्, 'सिपी मैनाली महासचिव हुनुहुन्थ्यो। सिपी पक्राउ पर्दा माधव नेपाल पनि पक्राउ पर्नुभयो। झलनाथ खनाल कार्यवाहक महासचिव हुनुभयो। उहाँ पनि पक्राउ परेपछि अमृत बोहराले कार्यवाहकको जिम्मेवारी सम्हाल्नुभयो।' कठिन घडीमा कोके स्थापना गरेर अगाडि बढेको अर्का संस्थापक नेता अमृत बोहरा स्मरण गर्छन्। उनी भन्छन्, 'हामी आठजना मिलेर कोके बनाएका हौं।'

खनाल र नेपाल जेलबाट छुटे। मैनालीले पनि जेल ब्रेक गरे। ०३५ सालमा मुक्ति मोर्चा फुटेर आएपछि कोकेसँग मिलेर नेकपा (माले) बन्यो। जुन कालन्तरमा नेपालको कम्युनिस्ट आन्दोलनको मूलधारको रूपमा विकसित भयो। महासचिव मैनाली रहेको कमिटीमा नेपाल पोलिटब्युरो र खनाल केन्द्रीय कमिटी सदस्य बने।

अन्तरविरोध चर्किन थाल्यो। त्यो अन्तरविरोधमा मैनाली फरक कित्तामा थिए भने नेपाल र खनाल सँगै थिए। 'झापाकालमा भएका गल्तीहरूको समीक्षा गर्नुपर्छ भन्ने मुख्य माग थियो। मान्छे मार्नु अनुपयुक्त हो। यसरी मान्छे मारेर क्रान्ति हुँदैन। जनआन्दोलन र सशक्त संघर्षलाई जोडेर लानुपर्छ भन्ने मत हाम्रो (खनाल-नेपालसहित बहुमत) थियो। मैनाली पक्ष सशस्त्र संघर्ष मात्रै गर्ने पक्षमा थिए। अन्तरविरोध चर्किँदै जाँदा मैनालीले राजीनामा फ्याँक्न थाले। ०३९ सालमा बैठकले मैनालीलाई हटाएर खनाललाई महासचिव बनायो,' न्यौपानेले स्मरण गरे। खनाललाई महासचिव बनाउनुको मुख्य कारण पार्टीलाई सैद्धान्तिक, राजनीतिक रूपमा बजबुत बनाउनु थियो। न्यौपाने भन्छन्, 'पार्टीका सैद्धान्तिक विषय एकदम कमजोर भइसकेको थियो। 'अपानि'सहित सैद्धान्तिक रूपमा राम्रो हुन्छ भनेर महासचिव बनाइयो। नभन्दै खनाल आएपछि पार्टीमा सैद्धान्तिक, राजनीतिक, वैचारिक कुरा तिख्खर भएर गए।' खनालले धाराप्रवाह रूपमा विचार राख्थे। सैद्धान्तिक, राजनीतिक कुराबाटै मानिसलाई प्रभावित गर्थे। नेपालले एक-अर्कामा सहजीकरण गर्ने, विवाद मिलाउने काम गर्थे। 'खनाल सैद्धान्तिक, राजनीतिक, वैचारिक रूपमा स्तरीय ढंगले प्रस्तुत गर्ने नेतामा पर्नुहुन्छ। नेपाल एक-अर्कामा सहजीकरण गर्ने, समन्वय गर्ने, विवाद मिलाउने काममा अब्बल हुनुहुन्थ्यो। एक-अर्कामा सम्बन्ध स्थापित गर्ने काममा नेपालको योगदान रह्यो,' बोहरा सम्झिन्छन्।

त्यही क्रममा मदन भण्डारी अघि बढे। नेपाल पनि नेतृत्वमा आउन चाहन्थे। तर, नेपाल भण्डारीको सेकेन्डम्यान बन्न पुगे। भण्डारी महासचिव, नेपाल र खनाल पोलिटब्युरो सदस्य भए। सुरुमा नेपाल र खनालबीच राजनीतिक, बैचारिक विषयमा मतभिन्नता थिएन। दुई नेताको विशेषता पनि फरक थियो। जबजको विषयमा भने दुवै नेता फरक कित्तामा उभिए। बोहरा भन्छन्, 'कतिपय कार्यशैली, सानातिना कुरामा भिन्नता भइहाल्ने भयो। ठूलो मतभिन्नता थिएन। पाँचौं महाधिवेशनमा जबजको विषयमा उहाँहरूबीच भिन्नता थियो।'

जतिसुकै मतभिन्नता भए पनि अहिलेजस्तो निषेधको राजनीति विगतमा नरहेको बोहरा स्मरण गर्छन्। 'मदन भण्डारीले जबजको कार्यक्रम ल्याउनुभयो। पहिलाको पूर्वाधारकै आधारमा जबज आएको हो। त्यसमा नेपाल भण्डारीको साथमा उभिनुभयो। खनालले भिन्न मत राख्नुभयो। त्यतिवेला पार्टीले जस्तोसुकै मतभिन्नतालाई पनि सम्मान गर्थ्यो। मतदान प्रक्रियामा गयो, जबजको पक्षमा बहुमत भयो। त्यही विचार लागू भयो,' बोहोरा भन्छन्।

०४७ पुसमा माले र मार्क्सवादी मिलेर एमाले बन्यो। अध्यक्ष मनमोहन अधिकारी र महासचिव मदन भण्डारी बने। नेपाल र खनाल दुवै पोलिटब्युरो सदस्य भए।

०४९ माघमा एमालेको पाँचौं राष्ट्रिय महाधिवेशन काठमाडौंमा भयो। अधिकारी र भण्डारी क्रमशः अध्यक्ष र महासचिवमा दोहोरिए। नेपाल स्थायी कमिटी र खनाल केन्द्रीय कमिटी सदस्य बने। भण्डारीको दुर्घटनामा निधन भएपछि महासचिवको जिम्मेवारी नेपालले सम्हाले।

०५४ माघमा छैटौं महाधिवेशन नेपालगन्जमा भयो। अधिकारी अध्यक्ष, नेपाल महासचिव हुँदा खनाल स्थायी कमिटी सदस्य बने। त्यहीबीचमा वामदेव गौतमले एमाले विभाजन गरे। खनाललले नेपाललाई साथ दिए। जबकि, नेपाल र खनालबीच सैद्धान्तिक विषयमा मतभिन्नता थियो। ०५८ मा एमालेमा माले समाहित भयो।

०५९ माघमा सातौं महाधिवेशन धनुषामा भयो। ०५६ वैशाखमा अध्यक्ष मनमोहन अधिकारीको निधन भएपछि स्थगनमा रहेको अध्यक्ष पद महाधिवेशनबाट खारेज गरिएको थियो। र, सातौं महाधिवेशनले नेपाललाई पार्टीको एक मात्र पदाधिकारीका रूपमा महासचिवमा निर्वाचित गऱ्यो। त्यतिवेला केपी ओलीले पनि महासचिवमा दाबी गरेका थिए। खनाल भने नेपालको पक्षमा उभिएका थिए। खनाल स्थायी कमिटी सदस्य बने।

०६२ साउनमा भएको एमालेको केन्द्रीय कमिटीको सातौं बैठकमा खनाल र नेपाल गणतन्त्रको पक्षमा दृढताका साथ उभिएका थिए। नेपाल शाही शासनकालमा लामो समय प्रहरीको थुना र घरमै नजरबन्द भए। उक्त समयमा भूमिगत रूपमा खनाललले पार्टीको कमान्ड सम्हालेका थिए।

दोस्रो जनआन्दोलन सफल भएपछि ०६४ को पहिलो संविधानसभा निर्वाचनमा एमालेले अनपेक्षित हार व्यहोऱ्यो। महासचिव नेपाल पनि काठमाडौं र रौतहट दुवै क्षेत्रबाट पराजित भए। नैतिक जिम्मेवारी लिँदै नेपालले महासचिवबाट राजीनामा दिए। अर्का नेता केपी ओली पनि झापाबाट पराजित भएका थिए। खनाल भने इलामबाट निर्वाचित भएका थिए। शीर्ष नेतामध्ये संविधानसभा निर्वाचनमा निर्वाचित भएकै कारण पुनः नेतृत्वमा पुग्न खनाललाई सहज भयो। नेपालले राजीनामा दिएपछि कार्यवाहक महासचिव अमृत बोहराले स्थायी कमिटी बैठक बोलाए। उक्त बैठकमा ओलीबाहेक अन्य सबै नेताले खनाललाई समर्थन गरेका थिए।

खनालको नेतृत्वमा आठौं महाधिवेशन भयो। एमाले बहुपदीय प्रणालीमा गयो। ओलीलाई हराउँदै खनाल कार्यकारी अध्यक्ष निर्वाचित भए। खनाल र ओली प्रतिस्पर्धामा उत्रिँदै गर्दा नेपाललले सर्वसम्मत हुने इच्छा जनाएका थिए। केही नेताले नेपाललाई सर्वसम्मत अध्यक्ष बनाउन महाधिवेशनस्थलमा आन्दोलन नै गरेका थिए। तर, खनाल र ओली निकै अघि बढेकाले सर्वसम्मत अध्यक्ष बन्ने नेपालको चाहना पूरा भएन। नेपालले उम्मेदवारी नै दिएनन्। नेपाल पक्षमा उभिएका नेताहरू खनाल र ओलीको पक्षमा विभाजित भइसकेका थिए। नेपालले भने ओलीलाई साथ दिएका थिए। खनाल निर्वाचित भएपछि एमालेकै धेरै नेताले आश्चर्य जनाएका थिए।

०६४ को संविधानसभा निर्वाचनमा पराजित भए पनि तत्कालीन प्रधानमन्त्री एवं माओवादी अध्यक्ष प्रचण्ड र काग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाको विशेष आग्रह र पार्टीको निर्णयपछि नेपाल संविधानसभा सदस्य बने। त्यसपछि उनी संविधानको मस्यौदा तयार पार्ने संवैधानिक समितिको सभापति बने। प्रचण्डले राजीनामा दिएपछि नेपालले गठबन्धन सरकारको नेतृत्व गरे। त्यतिवेला पार्टी अध्यक्ष र संसदीय दलको नेता खनाल थिए।

०७१ को नवौं महाधिवेशनबाट ओली अध्यक्षमा निर्वाचित भए। खनालले उक्त महाधिवेशनमा नसघाएको गुनासो नेपालको छ। खनाललले खुला रूपमा सहयोग गरेको भए अध्यक्ष निर्वाचित हुने दाबी नेपालको छ। विधानको व्यवस्थाअनुसार पूर्वअध्यक्ष खनाल दोस्रो वरीयताको वरिष्ठ नेता बने। खनाललले अन्तर्राष्ट्रिय विभाग चाहे पनि ओलीले नेपाललाई दिए।

कोकेका संस्थापक नेताद्वय नेपाल र खनाल कम्युनिस्ट आन्दोलनको एकताको पक्षमा उभिँदै आए। एकीकृत आन्दोलन अगाडि बढाउने क्रममा माले, एमाले हुँदै नेपाल कम्युनिस्ट पार्टी (नेकपा) सम्म बन्यो। एमाले र माओवादी एकता भएपछि ओलीले खनालको वरीयता घटाएर चौथोमा पुऱ्याइदिए। खनाललले बैठकमा कुरा राखेपछि वरीयता सच्याइएको थियो। त्यसमा नेपाल ओलीप्रति थप असन्तुष्ट बने। ओलीले गुटबन्दी गरेको भन्दै नेपाल र खनाललले निरन्तर आलोचना गरिरहे। लामो समयसम्म नेतृत्व गरेको पार्टी प्रतिगामी कित्तामा उभिएको र नेतृत्व तानाशाही भएको भन्दै नेपाल र खनाललले एमालेबाट विद्रोह गरी एकीकृत समाजवादी पार्टी गठन गरे। एकीकृत समाजवादीमा नेपाल अध्यक्ष र खनाल दोस्रो वरीयताका सम्मानित नेता छन्।

लामो समयसम्म नेपाल र खनालको संगत गरेका एमाले उपाध्यक्ष युवराज ज्ञवाली पार्टी विभाजन गरेर दुवै नेताले गम्भीर गल्ती गरेको बताउँछन्। 'पार्टी विभाजन गर्नु उहाँहरू दुवैजनाको इतिहासमा गरेको गम्भीर गल्ती हो,' ज्ञवालीले भने, 'यसले कम्युनिस्ट आन्दोलनलाई ठूलो क्षति पुऱ्याएको छ।'

'झलनाथ खनाल विचारधारात्मक रूपमा प्रस्तुत हुने गर्नुहुन्छ। तर, ठोस कुरामा भन्दा सामान्य कुरामा बढी ध्यान दिनुहुन्छ। संगठनात्मक र व्यवस्थापनमा उहाँ कमजोर देखिनुहुन्छ,' ज्ञवाली भन्छन्,'माधव नेपालको संगठनात्मक पक्ष राम्रो छ। अध्ययन पनि गर्नुहुन्छ। तर, जति धेरै अध्ययन गऱ्यो, त्यति अन्योलमा पर्ने स्थिति देखिन्छ।'

२३ फागुन २००९ मा जन्मिएका माधवकुमार नेपालले ०२६ सालमा कम्युनिस्ट पार्टीको सदस्यता लिएका थिए। ठाकुरराम बहुमुखी कलेजबाट वाणिज्यमा प्रमाणपत्र तह पास गरेपछि नेपालले नेपाल बैंक लिमिटेडमा काम थाले। अध्ययन र बैंकको जागिरसँगै मजदुरहरूलाई प्रशिक्षित र संगठन गर्न थाले। बिहान कलेज, दिउँसो बैंकको जागिर र बेलुका मजदुरको बीचमा संगठन तथा प्रशिक्षण नेपालको दैनिकीजस्तै बन्यो। ०२८ सालमा संगठन विस्तारका लागि नेपाल काठमाडौं आएका थिए। पछि नेपाल क्रान्तिकारी संगठन (माले) मोरङमा आबद्ध भई राजनीतिक गतिविधि अगाडि बढाउन थाले। ०३२ सालमा तत्कालीन पञ्चायती सरकारले धनुषाको मुरिवाबाट नेपाललाई पक्राउ गरी राजकाज मुद्दामा दुई वर्ष कारागारमा राख्यो। भूमिगत कालमा मोरङ, धनुषा, रौतहट र काठमाडौंका विभिन्न स्थानमा कार्यक्षेत्र बनाएर काम गरे।

यता, ६ चैत २००६ मा जन्मिएका खनालले ०२५ सालमा कम्युनिस्ट पार्टीको सदस्यता लिएका थिए। काठमाडौंको अस्कल कलेजबाट आइएस्सी पास गरेपछि बागलुङको गल्कोट गएर खनालले पढाउन थाले। प्रशासनले कम्युनिस्ट गतिविधिमा लागेको भनी ०२७ सालतिर पक्रेर बागलुङ बस्न नपाउने गरी खनाललाई इलाम पुऱ्याएर छाड्यो। त्यहींबाट खनाल पार्टी विस्तार अभियानमा सक्रिय बने। सुरुवातमा खनाल इलाम र त्यसपछि झापामा संगठन विस्तारको काममा लागे।

व्यवस्था परिवर्तनका निम्ति भएका जनआन्दोलनमा दुवै नेताले महत्त्वपूर्ण भूमिका खेले। भूमिगत राजनीतिमा पनि दुवै निकै सक्रिय रहे। ०६२/६३ को जनआन्दोलन सफल बनाउन र माओवादीलाई शान्तिपूर्ण राजनीतिमा ल्याउन नेपाल र खनालले महत्त्वपूर्ण भूमिका खेलेका छन्। मालेकालमै पार्टीको नेतृत्व सम्हालेका खनालले एमालेको पनि नेतृत्व गरे। एमालेकालमा नेतृत्व सम्हालेका नेपाल १५ वर्ष कार्यकारी महासचिव भए। नेपाल हाल पनि एकीकृत समाजवादीको अध्यक्ष छन्। आगामी महाधिवेशनमा दुवै नेताले अध्यक्षको तयारी गरेको नेताहरू बताउँछन्।

एकीकृत समाजवादीसम्म आइपुग्दा पनि नेपाल र खनालबीच मतभेद अन्त्य भएको छैन। फेरि एकपटक मतभेदका विषय सतहमा आएका छन्। प्रायः वैचारिक रूपमा नेपाल र खनालबीच निरन्तर मतभेदपूर्ण सहकार्य चल्दै आएको नेताहरू बताउँछन्।

गत पुस ११-१३ मा ललितपुरमा बसेको एकीकृत समाजवादीको केन्द्रीय कमिटी बैठकको एकसूत्रीय एजेन्डा थियो- विधान मस्यौदा। तर, बैठकमा सम्मानित नेता झलनाथ खनालले केही राजनीतिक विषय उजागर गरे। उनले राष्ट्रिय महाधिवेशनले पार्टीका कार्यदिशा, नीति, सिद्धान्तका साथसाथै कार्यक्रम, रणनीति, कार्यनीति, मित्र र विरोधी शक्ति, समाजका प्रमुख राजनीतिक अन्तरविरोध, प्रमुख प्रतिद्वन्द्वी शक्ति आदि सबै कुराको निर्क्योल गरेर जानुपर्ने औंल्याए। खनालले भने, 'बहुदलीय जनवाद, नयाँ जनवाद, राष्ट्रिय जनवाद, जनताको जनवाद जे भने पनि ती हिजोको जनवादी क्रान्तिका कार्यक्रम हुन्। जनवादी क्रान्ति नै सिद्धिसकेपछि ती सबै कार्यक्रम कालातीत भइसके। यसकारण अब ती कुराको पृष्ठभूमिमा उभिएर हामीले समाजवादी कार्यक्रम र लक्ष्यलाई लिएर अगाडि बढ्नुको कुनै विकल्प छैन।'

सम्मानित नेता खनालले विषय प्रवेश गराएपछि अध्यक्ष नेपालले पनि सविस्तार व्याख्या गरे। उनले भने, 'जनताबाट टाढियौं भने जनताले अस्वीकार गर्छन्। चुनिनका लागि पनि आवधिक निर्वाचनको प्रक्रियामा सामेल होऊ। यो विचार विश्व कम्युनिस्ट आन्दोलनमा कुन पार्टीले अगाडि सारेको थियो ? हामीले नै सारेका थियौं, कमरेड मदन भण्डारीको अगुवाइमा हाम्रो पार्टीले अगाडि सारेको थियो- जनताको बहुदलीय जनवाद (जबज)। यो हाम्रो पेटेन्ट राइट भएको चिज हो। यसलाई छोड्न, त्याग्न हामी सक्दैनौं।'

नेपाल जबजको राम्रो पक्षलाई अँगाल्दै समाजवादी यात्रामा अगाडि बढ्ने पक्षमा छन् भने खनाल जबज कालातीत भइसकेकाले समाजवादी कार्यक्रम र लक्ष्य लिएर अगाडि बढ्नुपर्नेमा छन्। नेपाल र खनालबीच जबज र समाजवादी कार्यक्रमबारे अन्य सार्वजनिक कार्यक्रममा पनि भिन्न मत रहँदै आएको छ।

राजनीतिक रूपमा वर्गशत्रु र मित्रशक्ति किटानबारे पनि नेपाल र खनालको फरक धारणा छ। नेपाल काग्रेससितको वर्तमान गठबन्धनलाई तत्काल बलियो बनाएर जानुपर्नेमा छन् भने खनाल तत्काल वामपन्थी सहकार्य पक्षमा छन्। नेपालमा रहेका सबै राजनीतिक शक्तिको वर्ग विश्लेषण गर्नुपर्नेमा खनालको जोड छ। 'प्रत्येक राजनीतिक पार्टीले कुनै न कुनै वर्गको प्रतिनिधित्व गरेकै हुन्छ। यो एउटा सामान्य र अकाट्य विश्वव्यापी नियम हो। तर, त्यो निगमको विपरीत कुनै पनि पार्टी विशेषको वर्गचरित्र छुट्याउन सकिँदैन भन्ने खालको कुरा द्वन्द्वात्मक भौतिकवादी हुन सक्दैन,' खनालले भनेका छन्।

नेपालले अहिलेको गठबन्धनको सूत्रधार नै एकीकृत समाजवादी भएकाले गठबन्धनलाई बलियो बनाउने गरी अगाडि बढ्नुपर्ने बताउँदै आएका छन्। 'यथार्थ धरातलमा टेकेर चल्नुपर्छ। तथ्यबाट मात्रै सत्यमा पुग्न सकिन्छ। मनोगत विश्लेषण गरेर हुँदैन। अहिले संविधानको पक्षमा भएका शक्तिलाई एकताबद्ध गर्नुपर्नेछ। सुशासनको पक्षमा रहेका शक्तिलाई मिलाएर लानुपर्नेछ। समाजमा रहेका विकृति, विसंगतिका विरुद्धमा लड्न चाहनेहरूलाई मिलाएर लानुपर्नेछ,' नेपालले भनेका छन्।

एकीकृत समाजवादीले हालसम्म छलफल गरेर एकरूपता र भिन्नता छुट्याएको छैन। तर, केन्द्रीय कमिटी बैठकमै दुई नेताले चिन्तन र विचारमा भिन्नता स्पष्ट रूपमा देखियो। 'जीवन्त पार्टीका बहस हुन्छ, छलफल हुन्छ। त्यसमाथि कम्युनिस्ट पार्टीमा विचारमाथि बहस, छलफल हुनु सामान्य कुरा हो,' उपमहासचिव डा. गंगालाल तुलाधरले भने।

राजनीतिक वैचारिक विषय उठाउँदा सम्बन्धमा असर नपर्ने खनाल बनाउँछन्। 'विचारमा देखा पर्ने मतभिन्नताले मानिसको सम्बन्धलाई कुनै पनि हालतमा प्रभावित पार्नु हुँदैन,' खनालले भने, 'को-अर्डिनेसन केन्द्रदेखि नै हामी लगातार एउटै पार्टीमा छौं। एउटै धारमा अगाडि बढिरहेका छौं। हाम्रो बीचमा असाध्यै राम्रो सम्बन्ध रहेको हो। व्यक्तिगत रूपमा अहिले पनि उत्तिकै राम्रो सम्बन्ध छ। मित्रता र घनिष्ठताको सम्बन्ध अहिले पनि जारी नै छ। राजनीतिक वैचारिक रूपमा विभिन्न कालखण्डमा विभिन्न खालका बहस, छलफल, मतमतान्तर भने हुँदै आए। तर, ती मतमतान्तरले अहिलेसम्म हामीलाई अलग पारेको छैन।'

पार्टीमा बहस, छलफल स्वाभाविक भएको नेपाल बताउँछन्। खनालसँगको सम्बन्ध राम्रो रहेको उनले संक्षिप्त प्रतिक्रिया दिए। 'पार्टीमा बहस, छलफल हुन्छ। हामीले विगतदेखि अभ्यास गर्दै आएको यही हो,' नेपालले भने 'जेएन कमरेड र मेरो सम्बन्ध राम्रो छ।'

डेढ वर्षअगाडि एमालेबाट अलग भएर एकीकृत समाजवादी बनाउँदा भने झलनाथले माधवलाई साथ दिए। दिल्लीस्थित एपोलो अस्पतालमा उपचारत खनाललाई पार्टी विभाजनको पक्षमा नलागी एमालेमै बस्न आग्रह गर्दै सुरेन्द्र पाण्डे दिल्ली नै पुगेका थिए। तर, खनालले एकीकृत समाजवादी बनाउन नेपाललाई साथ दिने अडान छाडेनन्। अध्यक्ष नेपालले पनि खनाललाई सम्मानित नेताको वरीयता दिएका छन्। तर, महत्त्वपूर्ण राष्ट्रिय राजनीतिक घटनाक्रम, पार्टीको सैद्धान्तिक कार्यक्रमदेखि संगठनात्मक व्यवस्थापनमा समेत नेपालसँग खनालको राय बाझिँदै आएको छ।

उपाध्यक्ष केशवलाल श्रेष्ठ खनालले राखेको मतले पार्टी निर्माणमै सहयोग पुगिरहेको बताउँछन्। 'जेएन कमरेडले जुन-जुन कुरा राख्नुभएको छ, त्यो पार्टी निर्माणसँग सम्बन्धित छन्,' श्रेष्ठले भने।

अमेरिकी सहायता परियोजना (एमसिसी) बारे नेपाल र खनालबीच राय बाझियो। पूरक प्रस्तावसहित एमसिसी अनुमोदन गराउनुपर्ने तत्कालीन सत्ता गठबन्धनका नेताहरूको निर्णयमा अध्यक्ष नेपाल सहमत भए। नेपालले एकीकृत समाजवादीलाई एमसिसीको पक्षमा उभ्याउँदा खनालले संसदमा विपक्षमा मतदान गरे। जतिवेला एकीकृत समाजवादीका प्रायः सबै जनवर्गीय संगठन एमसिसी अस्वीकार गर्न माग गर्दै सडक आन्दोलनमा थिए। तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) हुँदा र शेरबहादुर देउवा नेतृत्वको गठबन्धनमा पनि एमसिसीबारे अध्ययन गर्न गठित कार्यदलका संयोजक रहेका खनाल खारेजकै पक्षमा अडिग रहे। समाजवादी मोर्चा गठनमा पनि खनालको भिन्न मत छ। यही स्थितिमा समाजवादी मोर्चाको औचित्य नरहने खनालको भनाइ छ। मोर्चा घोषणा सभामा पार्टीका प्रमुखहरूले सम्बोधन गरेका थिए। एकीकृत समाजवादीका दोस्रो वरीयताका नेता खनाललाई पनि सम्बोधन गर्न दिइएको थियो।

म काँठको लेखनदास हुँ

१ हालसालै तपाईंको १९औँ कृति 'अन्तिम पात' निबन्धसंग्रह प्रकाशित भयो। यसमा ०५७ सालदेखि ०७९ सम्म (२२ वर्षावधिमा) लेखिएका २२ वटै निबन्ध राख्नुभएको छ। २२-२२ हुनु संयोग हो कि यसको केही अर्थ छ ?

तपाईंको यो प्रश्न निकै रोचक लाग्यो। बाइस-बाइसको खास छुट्टै अर्थ छैन। मूलतः यो संयोग नै हो। सुरुको पाण्डुलिपिमा २३ निबन्ध थिए। तर, यस संग्रहका अघोषित सम्पादक तथा हाम्रो समयका चर्चित कवि विनोदविक्रम केसीले एउटा निबन्ध हटाउन सल्लाह दिए। उनको सल्लाह सर्वथा जायज थियो। त्यो निबन्धको वैचारिकीमा केही समस्या थियो। यसपछि २२-२२ बन्यो र अहिले नयाँ अर्थ आविष्कार भयो। यसलाई संयोग आकस्मिकता भन्न सकिन्छ।

२२-२२ को कुरा गर्दा एउटा कुरा बिर्सन मिल्दैन। त्यो हो- 'शोकमग्न यात्री'को निरन्तरता। शोकमग्न यात्री पहिलोपटक छापिएको लगभग २४ वर्ष भयो। त्यहाँ छुटेका, थप लेखिएका, सौन्दर्य चिन्तन र परम्पराका आलेख 'अन्तिम पात' मा राख्ने जमर्को भएको छ। एक हिसाबले यो कृति मेरो वैचारिक र कलात्मक जीवनीको अर्को धारावाहिक हो।



पाँच प्रश्न

● नारायण ढकाल
निबन्धकार/आख्यानकार

२ केही समयअघि प्रकाशित एउटा पुस्तकलाई लिएर विभिन्न खालका टीकाटिप्पणी भए। विषय थियो, पत्रपत्रिकामा पूर्वप्रकाशित लेखलाई 'फलानो पत्रिकामा छापिएको' नभनिनु। यस्तो प्रवृत्ति धेरै लेखकमा देखिन्छ। तर, तपाईंले सहर्ष 'फलानो पत्रिकामा छापिएको' भनेर उल्लेख गर्नुभयो। यो विषय तपाईंलाई कस्तो लाग्छ ?

पहिलोपटक केमा छापियो ? यो सत्य लुकाउनुहुँदैन। एक त यो इतिहास हो। यसले पछि अनुसन्धान गर्ने प्राज्ञलाई सजिलो पर्छ र इतिहासको विश्वसनीयता कायम हुन्छ। अहिले पनि हाम्रा अनुसन्धाताहरूको हविगत राम्रो देखिन्न। उदाहरणका लागि, त्रिभुवन विश्वविद्यालय नेपाली विभागका अधिकांश शोधपत्रमा मेरो पहिलो कथा २०२८ मा प्रकाशित भएको उल्लेख पाइन्छ, जबकि मेरो पहिलो कथा प्रकाशित भएको मिति हो २०३० साल। पत्रिकाको नाम हो- दमना।

आख्यानकार नयनराज पाण्डेको सन्दर्भमा पनि यस्तै भएको छ। पाण्डेका दुई पुत्रको उमेर कहिल्यै बढ्दैन। समय गतिशील भइरहन्छ, तर उनीहरूको उमेर स्थिर रहन्छ। अनुसन्धानरूपी कर्मकाण्डमा हुने यस्ता विकृतिबाट बच्न लेखक, प्रकाशक, विश्वविद्यालय सबै इमानदार हुनुपर्छ।

दोस्रो, नैतिकताको प्रश्न पनि छ। के हाम्रा लेखक र प्रकाशक नैतिकवान् हुनुपर्दैन र ? बजारमा नयाँ माल बेच्छु भन्ने लोभमा स्थापित प्रकाशन संहितालाई मिच्नु दुःखको कुरा हो। राम्रो रचना छ भने बिक्रीको के डर ? प्लेटोको 'रिपब्लिक' आज पनि उत्तिकै बिकिरहेको छ।

३ सीमित लेखकका कृति मात्र एउटै प्रकाशनगृहबाट प्रकाशित हुन्छन्। नत्र, आज कुनै एउटा प्रकाशनबाट छापिएको लेखक भोलि अर्कैबाट छापिन्छ। यो कुरा तपाईंको हकमा पनि लागू हुन्छ। लेखकलाई प्रत्येकपल्टजसो प्रकाशनगृह फेर्न बाध्य बनाउने तत्त्वचाहिँ के रहेछ नि ?

पहिलो कृति 'शोकमग्न यात्री' मेरो हृदयको अत्यन्त नजिकको कृति हो। यसको प्रकाशन मेरो जीवनको एउटा अविस्मरणीय घटना हो। यो कृति मेरो हृदयको अत्यन्त नजिकको कृति हो। यसको प्रकाशन मेरो जीवनको एउटा अविस्मरणीय घटना हो। यो लेखक र प्रकाशकबीचको समझदारीको विषय हो। दुवै पक्षबीच मन मिलेपछि किताब जन्मिने हो। यसपटक मेरो हकमा पनि त्यही हो। योभन्दा अघिका मेरा किताब 'बुकहिल' र 'फाइनप्रिन्ट'ले छापेका थिए। अहिले 'बेला'ले छाप्यो। त्योभन्दा अघि 'साझा'ले पनि छाप्यो। तर, सबैसँग अहिले पनि मेरो मित्रवत् सम्बन्ध छ।

लेखक र प्रकाशकबीच त्यसबखत सम्बन्ध बिग्रन्छ, जब प्रकाशक लेखकसित छलछाम र ढाँटको व्यवहार गर्छ। हृदयचन्द्रसिंह प्रधानलाई प्रकाशकले गरेजस्तो व्यवहार अब कुनै लेखकलाई नहोस्। अब फेरि 'मरुभूमिको लेखक' लेख्न नपरोस्। धेरै दशकअघि प्रधानको यो नाटक पढेर म धेरै दिनसम्म विचलित बनेको थिएँ।

४ तपाईंले निबन्ध लेख्नुभयो, उपन्यास लेख्नुभयो। कविता, कथा पनि छोड्नुभएन, अनुवादसमेत गर्नुभयो। तर, तपाईंकै समकालीन मित्रहरूले 'नारायण ढकाल निबन्ध/गैरआख्यानमा चाहिँ पर्फेक्ट मान्छे हो' भन्छन्। साँच्चै हो र ?

यो पाठकको मूल्यांकनको विषय हो। म आफू भने सबै विधामा उत्तिकै बल लगाएर प्रयत्नशील छु। मेरो साहित्यमा यात्रा कविताबाट सुरु भएको हो। तर, पछि म कथामा बढी एकोहोरिएँ। कथापछि म उपन्यासमा हामफालेको हुँ। यात्रा, पठन र विचारचाहिँ अलि पछिका उपज हुन्। हरेक विधाका आआफ्ना अभीष्ट र सार्वभौमिक विशेषता हुन्छन्। म ती सबैमा उत्तिकै आनन्दका साथ उभिन खोज्छु।

गैरआख्यान वा निबन्धमा म आफूलाई धेरै लेख्छु। हुन सक्छ मेरा समकालीन मित्रलाई आत्मवृत्तान्त बढी रुचिकर लाग्छ। यसैले उनीहरूले मलाई गैरआख्यानमा पर्फेक्ट पाएका होलान्। जे भए पनि उनीहरूको मप्रतिको प्रेममय मूल्यांकन अति नै मूल्यवान् छ।

५ तपाईं आफूलाई 'काँठको क्लर्क' दाबी गर्नुहुन्छ। सोहीअनुसार तपाईंका सिर्जनामा काँठको परिवेश, मनोविज्ञान झल्किन्छ। तर, विडम्बना ! साहित्यमा काँठ लेख्ने लेखक लगभग छैनन् भन्दा पनि हुन्छ। आफूपछि 'काँठ' कसले लेख्ला भन्ने चिन्ता लाग्दैन ? अनि यसका चुनौती के हुन् ?

'आफूपछि काँठ कसले लेख्ला भन्ने चिन्ता' सायद वंश परम्पराले निरन्तरता पाउनुपर्छ भन्ने जस्तो सोच हो। म यसरी सोच्दिनँ। मेरो विचारमा साहित्यमा यस्तो वंशवादी सामन्तवाद हुँदैन। त्यसबाहेक मैले अहिलेसम्म जुन काँठ लेखेँ, अब त्यो काँठ भत्किसकेको छ। म जन्मे-हुर्केको काँठ अब सहर भएको छ।

काँठ वा सहर वा विश्वको जुन कुनाबाट लेखे पनि रचना प्रक्रियाका चुनौती उस्तै-उस्तै होलान्। मानिसको इतिहास, सभ्यता, आपसी सन्बन्धसेतु कसरी बने, त्यो समुच्चयमा मानिसको चेतना र बाह्य संसारसित उसको अन्तर्क्रिया कसरी भइरहेछ भन्ने विषय नै सबै लेखकका रचनाका आधारशिला हुन्। मेरो रचनात्मक संघर्ष पनि यिनै वरिपरि छ। चुनौती पनि यही वरिपरि छ।

काँठको लेखनदास त म हुँ नै। किनकि मलाई मैले भोगेको काँठबाहेक धेरै कुरा थाहा छैन।

● मीनराज बसन्त



साप्ताहिक राशिफल

२८ पुस (शनिबार)
५ माघ (शुक्रबार)

● **सुरेशचन्द्र रिजाल,** ज्योतिष तथा वास्तुविद्। **मो :** ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

आम्दानीसँगै आर्थिक अवस्था राम्रो रहनेछ। कार्यालयमा राम्रो कामको उचित मूल्यांकन हुने समय रहेको छ। केही ठूलो उपलब्धि हासिल गर्न सकिनेछ। मंगलबार भने घरको वातावरण अलि बिग्रन सक्छ। महत्त्वपूर्ण कार्य सम्पन्न हुनेछन्। साताको अन्त्यमा रमाइलो यात्राको योजना बन्नेछ। घरजग्गाको विषयमा शुभ समाचार सुन्न पाइनेछ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

नयाँ व्यक्तिसँगको साथ एवं सल्लाह-सुझाव बुद्धिमानीपूर्वक पालना गर्नुपर्नेछ। योजना बिगार्ने मानिस लागिपर्ने साता रहेको छ। बुधबारदेखि सम्बन्धमा विश्वास बढ्नेछ। साताको अन्त्यमा महत्त्वपूर्ण कार्यक्रममा सहभागिता या लामो यात्राको योजना स्थगित गर्नु नै फाइदा हुनेछ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

व्यापार-व्यवसायबाट सफलता मिल्ने साता रहेको छ। सामाजिक कार्यमा अपजसको सामना गर्नुपर्ला। मित्रहरूको सहयोगले महत्त्वपूर्ण कार्यमा सफलता मिल्नेछ। शारीरिक सौन्दर्यमा वृद्धि हुनुका साथै पारिवारिक सद्भाव कायम रहनेछ। वैदेशिक कार्यमा सफलता मिल्नेछ। कलाक्षेत्रमा लगानी गर्नेहरूका लागि सम्मान मिल्नेछ। आफन्तको सहयोगले अधुरा काम बन्नेछन्।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

नयाँ अवसर जुराउने योग रहेको छ। व्यापार-व्यवसायमा अवरोध आउने देखिए तापनि परिश्रम गरे सफलता मिल्नेछ। धार्मिक भ्रमणको योग छ। साताको अन्त्यमा सम्पत्तिको नोक्सानी हुन सक्छ। टाढिएका मित्रसँग भेट हुनाले नयाँ योजना तयार हुनेछन्। शैक्षिक क्षेत्रमा गरिएको लगानी प्रभावकारी रहनेछ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

दाम्पत्य जीवनमा बाँधिने योग रहेको छ। आर्थिक क्षेत्र बलियो बन्नेछ। घर तथा जग्गा-जमिनमा लगानीको योग छ। बिहीबार शारीरिक कमजोरीका कारण चिन्ता बढ्नेछ। अध्ययन-अध्यापन पक्ष राम्रो देखिँदैन। साताको अन्त्यमा न्यायिक तथा सामाजिक कार्यमा सफलता मिल्नेछ। जागिरमा पदोन्नति हुनेछ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

प्रतिष्ठित काम गरेर अवसर हात पार्ने साता रहेको छ। आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने कार्य प्रारम्भ गर्न सकिनेछ। मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ। तर, आम्दानीका साथै कामको दायित्व पनि बढ्न सक्छ। बुधबारदेखि खर्चको मात्रा बढ्नेछ। बीचमा काम रोकिए पनि दोहोऱ्याएर प्रयत्न गर्दा फाइदा हुन सक्छ। आस मारेको काम बन्नेछ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

आर्थिक रूपमा राम्रो प्रगति हुनेछ। मांगलिक कार्य एवं धार्मिक क्षेत्रका भ्रमणमा सहभागी हुने अवसर प्राप्त हुनेछन्। पार्टनरसँग टाढिने सम्भावना रहेको छ। बिहीबार र शुक्रबार नयाँ ठाउँ घुम्ने र साहसिक कार्यमा सहभागी हुने योजना बन्नेछन्। साताको अन्त्यमा सम्पत्तिसम्बन्धी विवाद तपाईंको पक्षमा रहनेछ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

सुरुका दिनमा साझेदारीका कार्यबाट सोचेअनुरूप सफलताको योग रहेकोछ। सामाजिक दायरा फराकिलो बन्दै जानेछ। आफ्नो बोली र व्यवहारमा संयमता अपनाउनुपर्नेछ। सरकारी क्षेत्रबाट साथ र सहयोग मिल्न सक्नेछ। साताको अन्त्यमा आम्दानी बढ्ने योग रहेको छ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

नयाँ कार्यको थालनी हुनुका साथै साहित्य, संगीत र कलाप्रति रुचि बढ्नेछ। वैदेशिक रोजगारीको अवसर मिल्नेछ। मनोरञ्जनपूर्ण यात्राले खुसी बनाउनुका साथै नयाँ सम्बन्ध स्थापित हुनेछ। साथीभाइको सहयोग प्रशस्त पाइने योग रहेको छ। साताको अन्त्यमा नकारात्मक पराक्रम बढ्नाले अध्ययन-अध्यापनमा खासै मन नजाला। प्रेमी-प्रेमिकाबीच सम्बन्ध सुमधुर रहनेछ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

व्यापार-व्यवसायबाट लाभ मिल्नेछ। आफन्तजनको सहयोगले विरोधी परास्त हुनेछन्। घरमा मांगलिक कार्य खुल्नेछ। जागिरमा पदोन्नति एवं स्थानान्तरणको योग छ। वैदेशिक यात्रा तय हुनेछ। साताको अन्त्यमा स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ। साथीभाइको सहयोग मिल्नेछ। न्यायिक विवादले मन खिन्न बनाउला।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

दीर्घकालीन लगानीको चिन्ताले सताउनेछ। आय-आर्जन प्रभावित रहने योग रहेको छ। विलासिताका सामान खरिद-बिक्रीमा मन जानेछ। अध्ययन-अध्यापनमा सोचेअनुसार सफलताको योग रहेको छ। स्वास्थ्यमा सुधारको अनुभव हुनेछ। साताको अन्त्यमा आफन्तले धोका दिनेछन्। प्रेमी-प्रेमिकाको सम्बन्धमा प्रगाढ बन्नेछ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

लामो व्यावसायिक यात्राले रोकिएका कार्य सुचारु हुनेछन्। विशिष्ट व्यक्तित्वसँग मित्रता बढ्नेछ। परिश्रमअनुसार राम्रै फल पाइने साता रहेको छ। खर्च भए पनि दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर छ। लगनशीलताले प्रसिद्धि पनि बढ्नेछ। मिहिनेतले दाम र इनाम दिलाउने योग रहेकाले साप्ताहिक रूपमा दिन सफल रहनेछन्।



तस्बिर : **दिपेन्द्र ढुंगाना**

दीपक श्रेष्ठ
चलचित्र निर्देशक

आत्मसमीक्षा

व्यावसायिक रूपमा सफल चलचित्र निर्देशकमध्येका एक हुन्, दीपक श्रेष्ठ। तीन दर्जन चलचित्र निर्देशन गरेका उनले धेरैलाई डेब्यु गराए। श्रेष्ठको 'गाउँले', 'हिम्मत', 'पापी मान्छे', 'दुःख', 'रामलक्ष्मण', 'जीवनसाथी'लगायत २० चलचित्रहरू व्यावसायिक सफलताको कोटिमा पर्छन्। निर्देशक श्रेष्ठले आफ्नो निर्देशकीय यात्राबारे **पवन बराइलीसँग** यसरी आत्मसमीक्षा गरे :

मेरो जीवन चलचित्रको 'फ्ल्यास ब्याक'जस्तै लाग्छ। मलाई चलचित्रमा 'फ्ल्यास ब्याक' राख्दा निकै रमाइलो लाग्थ्यो। तर, आफ्नै जीवनको 'फ्ल्यास ब्याक'मा जाँदा नरमाइलो लाग्दोरहेछ। म चलचित्र क्षेत्रमा लागेको झन्डै तीन दशक पुग्यो। अहिले विगत सम्झँदा जीवन सकिएजस्तो लाग्छ। कहिलेकाहीं मलाई विरक्त पनि लाग्छ। हुन त 'फ्ल्यास ब्याक' भएन भने जीवन अघि बढ्दैन होला।

म धरानमा जन्मिएँ-हुर्किएँ। मेरो किशोरकाल धरानमै बित्यो। जीवनमा चलचित्रको निर्देशक बन्छु भन्ने सोचेको थिइनँ। तर, समयले मलाई चलचित्र नगरीमा ल्याइपुऱ्यायो। आजसम्म मैले २७ वटा चलचित्र बनाएको रहेछु। यीमध्ये २० वटा चलचित्र व्यावसायिक रूपमा सफल भएको रहेछ। मेरा सातवटा चलचित्रमा राजेश हमालले अभिनय गर्नुभएको छ। मैले रेखा थापा, निखिल उप्रेती, विराज भट्ट, राजबल्लभ कोइरालालगायत दर्जनौं कलाकारहरूलाई काम गराएँ। मेरो चलचित्रबाट डेब्यु गरेका धेरै कलाकार कलाक्षेत्रमा स्थापित हुनुहुन्छ।

'गाउँले'लाई फर्केर...

०५३ सालको कुरा हो। म नेपाल टेभिलिभजनमा काम गर्थें। त्यो वेला मैले चलचित्र र गीत-संगीतको कार्यक्रम चलाउँथें। त्यही दौरानमा गोपाल कर्माचार्य (दाई)सँग भेट भयो। उहाँले मलाई 'गाउँले'को कथा सुनाउनुभयो। र मलाई नै चलचित्र निर्देशनको प्रस्ताव गर्नुभयो। तर, मैले उहाँलाई निर्देशन गर्न सक्दिनँ भन्दै टार्ें। उहाँले मान्नुभएन। मलाई नै निर्देशनको जिम्मा दिनुभयो। त्यो वेला चलचित्र निर्देशन गर्नु मेरा लागि ठुलो चुनौती थियो। मैले नजानेर बनाएको चलचित्र हो 'गाउँले'। नढाँटी भन्नु पर्दा मैले केही जानेको थिइनँ। तर, पनि 'गाउँले'लाई दर्शकले अत्यधिक मन पराइदिनुभयो। 'गाउँले' रिलिज भएको २८ वर्ष भयो। अहिले म 'गाउँले'मा धेरै गल्ती भेट्छु। मलाई पश्चात्ताप पनि लाग्छ। किनभने मैले त्यो वेला चलचित्र निर्देशन गर्नुहुँदैनथ्यो। चलचित्रको कतिपय दृश्यलाई न्याय गर्न सकिनँजस्तो लाग्छ। चलचित्रको 'सट' डिभिजन गर्न जानेको थिइनँ। 'गाउँले' सुपर हिट भयो। अहिले पनि त्यो चलचित्रको गीत 'गोली सिसाको...'को लोकप्रिय छ।

> भूराजनीतिक तानातानमा नेपाल फसिरहेका वेला नेपालभन्दा पनि संवेदनशील भौगोलिक अवस्थिति भएको बंगलादेशले मुख्य रूपमा भारत र चीनको सद्भाव वा पत्यार कसरी हासिल गर्न सफल भयो ?

विषयवस्तु र प्रस्तुति फितलो

'गाउँले'पछि बिस्तारै मेरो व्यस्तता बढ्न थाल्यो। एकपछि अर्को चलचित्र निर्देशनको अफर आइरह्यो। मेरो त सास फेर्ने फुर्सद पनि नहुने स्थिति आयो। सुटिङस्थलमा निर्माता आएर मेरो समय कुरेर बस्थे। सुटिङको लन्च ब्रेक टाइममा निर्माताहरूसँग मिटिङ गर्थें। म खाना खाँदै गर्थें, उहाँहरूले मलाई कथा सुनाउनुहुन्थ्यो। खाँदै स्क्रिप्ट करेक्सन पनि गर्थें। लन्च ब्रेकको समयमा अर्को फिल्मको स्क्रिप्टको काम हुन्थ्यो। कुनै चलचित्रको नाइट सिनको सुटिङ नहुँदा अर्को चलचित्रको डबिङ हुन्थ्यो। यसरी फिल्मको सुटिङ, स्क्रिप्ट राइटिङ, डबिङ भइरहेको हुन्थ्यो।

तर, समय एकनासले कहाँ चल्दोरहेछ र। मेरा पछिल्ला केही चलचित्र असफल भए। वास्तवमा दर्शकलाई मनपर्ने विषय पस्कन सकिनँ। चलचित्रको विषय, शैली र प्रस्तुति फितलो हुनगयो। चलचित्र दर्शकले मन नपराउनु भनेको असफल हुनु हो। चलचित्र असफल हुनुको दोष आफैं लिन्छु। मैले चलचित्रमा राम्रो कथा प्रस्तुत गर्न सकिनँ। म आफू समयअनुसार चल्न सकिनजस्तो लाग्छ। समय गतिशील र परिवर्तनशील हुनेरहेछ। समयले निकै फड्को मारे पनि पुरानै शैलीमा चलचित्र बनाएँ। समय र सन्दर्भअनुसार चल्नुपर्नेरहेछ।

त्यसवेला निर्माताहरूले मलाई हारालुछ गर्थे। तर, समय एकनास नचल्दोरहेछ। मेरो जीवनमा ठूलो समस्या सुरु भयो। मेरो कामलाई साथीभाइले सकारात्मक रूपमा बुझ्दिएनन्। मैले निर्माता पाइनँ। मेरो कामलाई नबुझ्दा मलाई घमन्डी छ भन्ने आरोप पनि लगाए। मलाई कतिपय निर्माताले पैसा दिएर निर्देशक बनाएकोसम्म भन्न भ्याए। मैले निर्देशन गरेको चलचित्र मेरो चलचित्र भन्न पनि पाइनँ। त्यो चलचित्रमा मेरो कति लगाव र मिहिनेत हुन्छ ? उनीहरूले त्यो कुरा बुझ्नेनन्।

भम्पा एक संघर्षको दर्शन

■ **प्रशान्त लामिछाने**

मानिसको स्वभाव नै हो, सकेसम्म उसले सजिलो बाटो रोज्छ। अप्ठ्यारोमा भनसुन गरेर भए पनि आफ्ना लागि केही न केही मिलाउन खोज्छ। तर, त्यस्ता केही पात्र पनि हुन्छन्, जो आफ्नो स्वाभिमानका लागि अथाह दुःखमा आफैं होमिन्छ। त्यस्तै एक व्यक्ति हुन्, डा. भम्पा राई। भुटानी शरणार्थी नेता तथा 'मानवतावादी' चिकित्सक राईको २०७९ असारमा निधन भइसकेको छ।


सन् ९० को दशकवरपर डा. राईसँग के थिएन ? भुटानका रोयल सर्जन, मानसम्मान, दरबारसँग निकटता, थेरथोर कमाइ सबै थियो उनीसँग। वीरेन मगर लिखित उनको जीवन भोगाइ 'भम्पाः एक अडान अनेक प्रश्न' पढिसक्दा पुनः एकपटक महसुस हुन्छ यी सब क्षणिक रहेछन्।

सन् ९० को दशकमा भुटानबाट नेपालीभाषी भुटानी नागिरक ल्होत्साम्पाहरूलाई अनागरिक बनाउन राजा जिग्मे सिंघे वाङचुक नै लागिपरे। त्यही समय अनागरिक हुनेमध्येका एक हुन् राई।

उनलाई भुटान छाडेर शरणार्थी बन्नुपर्ने बाध्यता थिएन, तर मानिससँग स्वाभिमान पनि सँगै हुन्छ। कसैले स्वाभिमान छोड्न सक्छन्, कोही आफ्नो स्वाभिमानसहित बाँच्छन्। डा. राई मृत्युपर्यन्त स्वाभिमानसहित बाँचे। उनको त्यही स्वाभिमानले नेपालीभाषीमाथि भुटानमा अन्याय हुँदा ती सब अनदेखा गर्दै दरबारको सेवा गरेर बस्न दिएन, अनि उनी भए शरणार्थी।

लगातार तीन दशक नेपालमा बसेर उनले शरणार्थीको घरफिर्तीका लागि संघर्ष गरे। नामी चिकित्सक उनले शरणार्थी र त्यस क्षेत्रका नागरिकको स्वास्थ्य उपचार गरे। यसैले पनि उनको नाम शरणार्थीमाझ श्रद्धेय छ।

पत्रकार देवेन्द्र भट्टराईले पुस्तकको अन्तिम गातामा लेखेका छन्, १७ अगस्ट, १९९० मा भुटानका सहायक गृहमन्त्री दागो छिरिङको एउटा सार्वजनिक सूचना आयो- दक्षिण भुटानबाट ठूलो संख्यामा ल्होत्साम्पाहरू राज्यद्रोहको अभियानमा सहयोगी बन्न देश छोडेर हिँडिरहेका छन्। आइन्दा उनीहरूलाई भुटानी नागरिकका रूपमा दर्ज गरिनेछैन। यही नोटिफिकेसन बोकेर थिम्पुबाट फुन्चोलिङ-जयगाउँ झरेका एक वरिष्ठ चिकित्सक भम्पा राई फेरि फर्किएर आफ्नो जन्म-कर्मथलो कहिल्यै गएनन्।



> भुटानदेखि माईबगरसम्म शरणार्थीका दुःखका दिन पुस्तकमा पढ्दा कतिपय ठाउँमा आँखा रसाउँछन् त कहिले भुटानी तानाशाहविरुद्ध घृणा र आक्रोश पैदा हुन्छ।

यो एक हरफले उनको शरणार्थी जीवन कहानी बोल्छ। दक्षिण भुटानबाट एक लाखभन्दा बढी ल्होत्साम्पालाई देश छोड्न राजाले नै बाध्य पारे। उनीहरू अनेक दुःखका पहाड छिचोल्दै भारत हुँदै पूर्वी नेपाल आइपुगे।

शरणार्थी हुनु अन्तहीन दुःख मात्र होइन, यो एउटा संघर्षको कथा पनि हो। डा. राईको आत्मवृत्तान्तले त्यही भन्छ। उनले भुटानी शरणार्थी पूर्वी नेपाल प्रवेश गरेदेखि आफ्नो जीवनको अन्त्य नहुन्जेलसम्म उनीहरूकै भलो र घरफिर्तीका लागि काम गरे। आफ्नो र परिवारका लागि सोच्नेसमेत फुर्सद पाएनन्। त्यो समयमा डाक्टरी पढाइ गरेका राईलाई आफ्नो पढाइअनुसारको कामको खाँचो थिएन। सीप र दक्षताले आर्थिक रूपमा पनि सम्पन्न जीवन जिउन सक्ने क्षमता राईमा थियो। तर, उनले त्यसतर्फ सोचेनन्। सायद राई र यस्तै अन्य त्यागी शरणार्थीको समूहमा भएकैले उनीहरूको पूर्वी नेपालको बसाइमा केही सहजता, केही आड-भरोसा भए होलान्।

सबै गुमाइसकेका मानिसलाई चाहिने भनेकै भरोसा हो, आफ्नो कोही छ भन्ने महसुस गराउनु हो। राईले आफ्नो जीवनपर्यन्त भुटानी शरणार्थीलाई त्यो भरोसा दिलाइरहे। राईले गुवाहाटीमा एमबिबिएस पढ्दै गर्दाको आफ्नो प्रेम प्रसंगदेखि पछि जीवनको उत्तरार्धमा उनीसँग इन्टरनेटमार्फत भएको भेटसम्म पुस्तकमा समेटेका छन्। उनको निजी जीवनका यस्ता प्रसंगले पुस्तकलाई अझ रोचक बनाएको छ।

तेस्रो मुलुक पुनर्वास गएकाहरूले पनि डा. राईको चिन्ता गरे उति बोलाएका प्रसंगमा उनले उनीहरूलाई आशामा राखेका छैनन् र सहज रूपमा भनेका छन्, 'म आउँदिनँ।' उनी तेस्रो मुलुक पुनर्वास कार्यक्रम होइन, शरणार्थीको ससम्मान घरफिर्ती हुनुपर्छ भन्ने आफ्नो धारणामा अन्तिमसम्म अडिग रहे। पुनर्वास जाँदै गरेका उनका मित्रहरू जसले राईलाई जाने वेला सम्झेनन्। उनीहरूलाई पनि धन्यवाद भन्दै चौंडा छाती देखाएका छन्।

'घर फिर्ता आन्दोलनको क्रममा कति साथीहरूसँग मनमुटाव भयो होला। तर, त्यो हाम्रो मुद्दा र विचारमा भएको असमझदारी हो। यही कारण धेरै साथीले पुनर्वास जाँदै गर्दा मसँग भेट गर्न जरुरी देख्नुभएन होला।



चलचित्र निर्देशन गर्न हतार गरेछु

सिनेमा असफल हुनुको दोष आफैँ लिन्छु। मैले राम्रो कथा प्रस्तुत गर्न सकिनँ। म आफू समयअनुसार चल्न सकिनजस्तो लाग्छ।

जीवनमा यस्तो परिस्थिति भोग्नुपर्छ होला भनेर कल्पना गरेकै थिइनँ। मलाई दैनिक फोन गर्ने साथीहरूको फोनको घन्टी वर्षौंसम्म पनि बजेन। साथीहरूले मलाई बिर्सिन्छन्, बाटोमा ठोक्किँदा पनि बोल्दैनन् भन्ने सोचेकै थिइनँ। यस्तो समयको परिकल्पना गरेको थिइनँ।

...अनि बन्द भयो साथीभाइको फोन

मेरो समय खराब चलेको छ कि भन्ने शंका लाग्न थाल्यो। घरपरिवारमा मेरो काम असफल हुँदा चिन्ता हुन थाल्यो। साँच्चै समय खराब हो कि भनेर ज्योतिषलाई चिना पनि हेराएँ। त्यसवेला ज्योतिषले मेरो साढे सातको दशा लागेको छ भन्यो। भन मलाई तनाव हुन थाल्यो। मैले पूजापाठ गर्न थालेँ। तर, कुनै पनि चलचित्रमा काम गर्न पाइनँ। हुँदाहुँदा ग्रहशान्ति गर्न चाँदीको नाग बनाएर पनि मन्साएँ। तर, मेरो उत्कृष्ट समय आएन। मेरो समय खराब नै चलिरह्यो। आर्थिक रूपमा पनि संकट आयो। घर चलाउन पनि निकै गाह्रो भएको थियो। गुजारा चलाउन मैले सानोतिनो काम पनि गर्ने। साथीहरूले बिस्तारै बिर्सिन थालेजस्तो महसुस हुनथाल्यो। मनलाई शान्त पार्न रेडियोमा कार्यक्रम चलाउन गएँ। कलाकारहरूसँग साक्षात्कार हुन थाल्यो। काम नगरी ६-७ वर्ष बित्यो। त्यसमाथि कोरोना महामारी आयो। यसले जीवनमा झन् ठूलो संकट थपिदियो। यो मेरा लागि त अर्को बाहना नै बन्यो। कोभिडले गर्दा काम गर्न पाइनँ भन्न पनि पाएँ। मलाई मानसिक रूपमा निकै गाह्रो भयो। जीवनमा यस्तो परिस्थिति भोग्नुपर्छ होला भनेर कल्पना गरेकै थिइनँ। मलाई दैनिक फोन गर्ने साथीहरूको फोनको घन्टी वर्षौंसम्म पनि बजेन। साथीहरूले मलाई बिर्सिन्छन्, बाटोमा ठोक्किँदा पनि बोल्दैनन् भन्ने सोचेकै थिइनँ। यस्तो समयको परिकल्पना गरेको थिइनँ।

कोरोना मत्थर भएपछि चलचित्र बनाउन लागेँ। त्यसपछि 'घिन्ताड' भन्ने चलचित्र बनाउने अफर आयो। त्यसपछि 'पर्खी बर्सै तिमीलाई' भन्ने चलचित्रका लागि अफर आयो। अहिले केही निर्माता साथीहरूले मसँग चलचित्र बनाउने इच्छा देखाउनुभएको छ। ग्रहदशा बिग्रिएको छ बन्दै घरमा बस्न नहुनेरहेछ। यसले मलाई पाठ सिकायो। दिनदशा बिग्रिएको छ भनेर सोच्नु 'फगत' रहेछ। समयसँग लड्नुपर्नेरहेछ। त्यो पाँच-सात वर्ष मेरा लागि कठिन समय थियो। मेरो जीवनको तितो भोगाइ थियो। मैले ढिलै भए पनि पाठ सिकेँ। जीवनमा जस्तै कठिनाइ आइपरे पनि आफू लड्नचाहिँ नछोड्नुपर्नेरहेछ।

चलचित्र बनाउनभन्दा चलाउन सकस

मेरो चलचित्र हल मालिक र वितरकहरू कुरेर बस्थे। मेरो फिल्म कसले किन्ने भन्ने हानाथाप हुन्थ्यो। दर्सै-तिहारमा हलवालाहरू दीपक श्रेष्ठको फिल्म चलाउनुपर्छ भन्दै बुक गरेर राख्थे। हल मालिकहरूले घरमै बोलाएर डिनर गराउँथे। पारिवारिक सम्बन्ध हुन्थ्यो। अहिले समय ठ्याक्कै उल्टो भयो। अहिलेका हल मालिकले निर्माता निर्देशकलाई पनि नचिन्दारहेछन्। चलचित्र बनाए पनि हलमा चलाउन सक्ने अवस्था छैन। नयाँ कलाकार ल्याएर चलचित्र बनाउनु झन् ठूलो सकस हुँदोरहेछ। चलचित्र बनाउनुभन्दा चलाउन सकस हुने समय आयो।

मैले जुनवेला चलचित्रमा काम गर्ने त्यसवेला नेपाली चलचित्रप्रति दर्शकको प्रेम थियो। त्यो समय एउटा कथाजस्तो भयो। त्यो वेला चलचित्रको सुटिङ हेर्नेको भिड थाम्न नसकेर पुलिस बोलाउनुपर्थ्यो। मलाई आज ती दिन सम्झिँदा बडो रमाइलो पनि लाग्छ। कुनै चलचित्रको सुटिङका लागि गाउँघर जाँदा खाजा खाना बोलाउँथे। त्यो आत्मीयता आजभोलि पाइँदैन। त्यो नेपाली चलचित्रप्रतिको माया थियो। त्यो समय र आजको ठ्याक्कै उल्टो छ। हिजोआज सुटिङ गर्नका लागि घर पाइँदैन। सुटिङ गर्ने मान्छे आए भने टोलमा बस्दैनन्। गाउँलेले बोलाएर खाना, खाजा दिने कुरा धेरै टाढा कुरा भइसक्यो।

मान्छेले विगतलाई भुल्दो रहेछ

मैले नेपाल टेलिभिजनको गीत-संगीतको कार्यक्रम सञ्चालन गर्दा नयाँ-नयाँ गायक-गायिकालाई प्लाटफर्म दिन्थेँ। रामकृष्ण ढकाल, राजेश पायल राई, सञ्जय श्रेष्ठ, प्रवेशमान शाक्यलगायत धेरै कलाकार हुनुहुन्छ। उहाँहरू मेरो टेलिभिजन कार्यक्रमको समयमा ग्रोथ हुनुभएको हो। मलाई त्यो वेला नयाँ प्रतिभालाई प्लाटफर्म दिनुपर्छ भन्ने लाग्थ्यो। त्यहीअनुसार कार्यक्रम बनाएर प्रसारण गर्थेँ। रेडियो नेपालमा कार्यक्रम सञ्चालन गर्दा पनि नयाँ कलाकारहरूलाई प्रस्तुत गर्थेँ। चलचित्र बनाउन थालेपछि नयाँ कलाकारलाई अवसर दिनुपर्छ भन्ने लाग्यो। मैले अधिकांश नयाँ कलाकारलाई नै डेब्यु गराएँ। गायक दीपक लिम्बू 'नेपाल तारा' विजेता लामो समय ओझेल परे। कुनै पनि चलचित्रमा प्ले-ब्याक दिने अवसर पाएका थिएनन्। मैले चलचित्र 'हिम्मत'मा उनलाई गाउने अवसर दिएँ। दीपकले गाउनुअघि 'मैले त्यही भएर मन पराएको...' बोलको गीत गायक उदितनारायण झाको स्वरमा मुम्बईबाट रेकर्ड भएर आएको थियो। तर, उदित नारायणको भ्वाइस हटाएर दीपक लिम्बूको स्वरमा गीत रेकर्ड गराएँ। त्यो गीत अझै दर्शकमाझ लोकप्रिय छ। त्यो गीतले उनलाई स्थापित गरायो। तर, विगतलाई मान्छेहरूले बिर्सँदारहेछन्। हिजो गरेको कामलाई कसैले मूल्यांकन नगर्दोरहेछ। नेपाली चलचित्र क्षेत्रलाई बचाउन मैले पनि एउटा ईँटा थप्न सफल भएँजस्तो लाग्छ। सायद, त्यसवेला मलगायत केही साथीहरूले चलचित्र नबनाएको भए कतिको घरमा चुला बल्दैनथ्यो। सिनेघरहरू बच्न गाह्रो हुन्थ्यो। कलाकार प्राविधिकहरू बिदेसिन्थे। हामीले चलचित्र बनाउने कामलाई निरन्तरता दियौँ। मैले राम्रो चलचित्र बनाउन सकिनँ होला, त्यो दर्शकले मूल्यांकन गर्ने कुरा हो। तर, निरन्तरता त दिएको थिएँ। आज त्यसको कुनै अर्थ नरहँदोरहेछ। मैले उद्योगमा केही राम्रा काम पनि गरेको छु होला। मेरो चलचित्रबाट मैले कुनै पुरस्कार-सम्मान कहिल्यै पाइनँ। मलाई कसैले सम्झिँदैन। मैले कसैको खुट्टा ढोक्न पनि गइनँ। किनभने पुरस्कार भनेको मूल्यांकन गरेर दिने कुरा हो। मैले चलचित्र क्षेत्रमा केही पनि गरेको रहेनछुजस्तो लाग्छ।

उहाँहरू सबैलाई सम्झना छ।' पुस्तकमा यो लाइन पढ्दा प्रस्ट हुन्छ उनी व्यक्तिगत इगोमा होइन, विचारमा समस्याको हल खोज्छन्।

भुटानदेखि माईबगरसम्म शरणार्थीका दुःखका दिन पुस्तकमा पढ्दा कतिपय ठाउँमा आँखा रसाउँछन् त कहिले भुटानी तानाशाहविरुद्ध घृणा र आक्रोश पैदा हुन्छ। घरफिर्तीका लागि संघर्ष गरिरहेका संगठनबीचकै बेमेलबारे पनि उनी खुलेका छन्। उनलाई भुटान पिपुल्स पार्टी (बिपिपी) को नेतृत्व लिन युवाहरूले गरेको आग्रह र नचाहँदा-नचाहँदै पनि पार्टी राजनीतिमा पुगेको प्रसंग पुस्तकमा छ। पार्टीको कार्यवाहक महासचिवको जिम्मेवारी उनले पाउँछन्। पार्टीलाई व्यवस्थित गर्न विधान लेख्न बस्नु नै अरूका लागि टाउको दुखाइ बन्छ। विधान लेखिरहेकै वेला महासचिवलाई थाहा नदिई पार्टीको बैठक चल्छ। दुई दिनपछि राई त्यहाँ पुग्छन्। आफ्ना कुरा राख्छन्। त्यसपछि उनी बिस्तारै त्यो राजनीतिबाट निष्क्रिय बन्छन्। पार्टी राजनीतिमा भम्पा अडिन सक्दैनन्। तर, आफ्नो अडानमा उनी अडिग छन्, त्यो हो घरफिर्ती। डा. राईप्रति सबै उमेर समूहका शरणार्थीको आशा र भरोसा थियो। शिविरमा व्यक्तिपिच्छे संगठन बनाउने र त्यसका आधारमा आर्थिक लाभ लिनेहरूका बारेमा पनि राईले पुस्तकमा बोलेका छन्। यस्तो प्रवृत्तिले शरणार्थीबीचको एकतामा असर गरेको उनको बुझाइ थियो।

तेस्रो मुलुक पुनर्वासको विषयमा अमेरिकी राजदूत जेम्स एफ मोरिआर्टीसँग भएको बैठकमा उनले यसलाई ठाडै अस्वीकार गरेका छन्। उनले उक्त बैठकमा भनेको भनाइ यसरी उल्लेख गरिएको छ, 'तपाईंहरूले बनाउनुभएको सुन्दर र शक्तिशाली देशमा गएर बोझ हुनुभन्दा हामी आफ्नै सानो देशलाई सुन्दर बनाई गर्व र आत्मसम्मानका साथ रहन चाहन्छौं।' डा. राईले आफू ठाडो भाषामा बोल्ने भने पनि यो उनको जवाफ निकै कूटनीतिक लाग्छ।


शरणार्थीसम्बन्धी अमेरिकी अधिकारी कृस्टल कप्लानसँग मानव अधिकारका विषयमा भएको बहसको प्रसंग रोचक छ। कसरी पश्चिमाहरू भुटानीलाई पुनर्वासमा लैजान पूर्ण योजनामा आएका थिए र शरणार्थीबीच नै फाटो पारिदिएका थिए भन्ने उनले खुलाएका छन्।

यस्ता अनेकौं प्रसंग पुस्तकमा छन्। राजाका एडिसी डासो कुछेसँगको ठाकठुकदेखि राजाका मामा डासो रिमसँगको अन्तरंग सम्बन्धबारे डा. राईले खुलेर लेखेका छन्। पुस्तक पढिरहँदा उनको देशभक्ति झल्किन्छ। भम्पा राईले घर काँ भनेर सोध्दा शिविरको ठेगाना नबताउन सचेत गराउने गरेको प्रसंग लेखक वीरेन मगरले पनि उद्धृत गरेका छन्। 'लाग्थ्यो डा. भम्पा भन्ने मान्छेलाई भेट्नुअघि भुटानको आफ्नो ठेगाना त घोक्नैपर्ने रहेछ' लेखकीयमा वीरेनले भनेका छन्। राईको देशप्रेम यो सानो प्रसंगले ठूलो गरी देखाउँछ।

भुटानको शरणार्थी आन्दोलनका विषयमा रुचि हुनेहरूका लागि यो पुस्तक एक सन्दर्भ सामग्री बनेको छ। राईको जीवनको अन्तिम समयमा लेखिएको भएर पनि हुन सक्छ, अझै केही विषय छुटेको झैं लागे पनि लेखक वीरेन मगरको मिहिनेत सराहनीय छ। यो पुस्तक राईको बकपत्र मात्र होइन, भुटानी शरणार्थी जगत्को एक जिउँदो इतिहास पनि हो। डा. भम्पा राईले बाँचेको समय उनको जीवन दर्शन पनि हो।

रक्त कविता

कविता



केशव सिलवाल

प्रेमको चंगा उडाएर नीलो आकाशमा
आकाशकै कविता लेख्नेहरू हेर्नुस्

छालाजस्तै चरचरी च्यातेर आकाश
नौलाख तारा होइनन्
उदाए असंख्य विनष्टहरू
उदाएन तपाईंको प्रेमिल चाँदनी रात
चाँदबाट उडिरह्यो सेतो फोस्फरस खरानी
वर्षात् भइरह्यो मृत्युका उल्काहरू
प्रेमको छातीमाथि विस्फोट भइरह्यो बर्बरता

बर्बरतालाई बर्बर भन्न कुनै साइत कुर्नु पर्दैन
साँझ-बिहान भन्नुपर्दैन
चाहिँदैन कसैको तोक आदेश

म पनि रगत र मृत्युको कविता नलेखुँ भन्छु
तर, मेरो हातमा थमाइएको छ रगत भरिएको कलम

म पनि हत्या र हिंसाको कविता नलेखुँ भन्छु
तर, मलाई लखेट्दै आउँछन् बन्दुकहरू

जब रगतले नुहाउँदै भागिरहेका हुन्छन् केटाकेटी
रुँदै, कराउँदै, डरले थरथर काम्दै

म कसरी चुपचाप बस्न सक्छु ?
मेरो कविता पनि डरले कापिरहेको हुन्छ

मेरो मनमा पनि छन् अनुरागका सहस्र मुहान्
म चाहन्छु मुस्कुराइरहेको इन्द्रेणी सद्भावना
क्या आनन्ददायी हुन्छ त्यो सद्भावको फूलबारी
तर, जब केटाकेटीमाथि खसालिन्छ बम
म भत्काइदिन्छु सदाका लागि त्यो सद्भावना
खलबलियोस् बरु पृथ्वीको साराका सारा मथिंगल
कुनै पनि किमतमा
चाहिँदैन मलाई सद्गत गरिएको भावना

यो कविताभन्दा कैयौं गुणा मुटु चुडान्त छन्
खेल्दै गरेका केटाकेटीलाई
फलामे ट्यांकले लखेटिरहेको दृश्य ?
अस्पतालका बिरामीमाथि छोडिएको रकेट?
आफ्नै आमाबाको हाडखोर बटुलिरहेका केटाकेटी?

खै, के लेखौं समवेदना पनि ?
खियाग्रस्त छ समवेदना
समवेदनाको मुटु, कलेजो
एक एक अंग पतन भइसक्यो
बरु, दिन्छु समवेदनालाई नै श्रद्धाञ्जली
'हार्दिक श्रद्धाञ्जली छ तलाई समवेदना'

दया पनि नगर, नासमझहरू, दया नगर
दया त तिनीहरूले पनि गरेका थिए
भनेका थिए- भाग, भाग यो पृथ्वीबाटै भाग
आजै भाग, भोलि भाग
खाली गर तिम्रा सारा बस्तीहरू, भूगोलहरू

जहाँ आँखाको कुनाबाट केवल रगत बगिरहन्छ
त्यस्तो दयाको कुनै अर्थ हुँदैन
त्यो हिउँझैं पग्लिएर जान्छ
त्यो बमको धुवाँझैं फैलिन्छ
धुवैधुवाँ, धुवैधुवाँ
रगत नै रगत, रगत नै रगत

चिहानै-चिहानको पृथ्वीमाथि विराजित भएर
अब मानवताको बडापत्र प्रकाशित नगर्नु
मानवताको स्तोत्र पढाउँदै नहिँड्नु
मानवता सकिएको दिन
यो पृथ्वी पनि सकिन्छ सदाका लागि

म रगत र मृत्युको कविता नलेखुँ भन्छु
तर, मेरो हातमा थमाइएको छ रगत भरिएको कलम
म लेख्छु एउटा रक्त कविता।

गुल्जार त्यो त्रिभुवन चोक



■ विश्वराज पछ्लडङ्गया

कुनै वेला नेपालगन्जको त्रिभुवन चोकको चर्चा निकै हुने गर्थ्यो। बाहिरबाट आएकाहरू त्रिभुवन चोक नपुगे नेपालगन्जको यात्रा अधुरो महसुस गर्थे। त्रिभुवन चोकमा पाइने रावडी, सेबइ, पानीपुरी, रसगुल्ला, घमन्जा, चाट, दही, पुरी, परोठा, समोसा, टिकियालगायतका रैथाने परिकार खान छुटाउँदैनथे। बाहिरबाट त्रिभुवन चोक पुगेकाहरूलाई इष्टमित्र र साथीभाइले रावडी लिएर आउन आग्रह गर्थे।

अहिलेको त्रिभुवन चोकको नाम पहिले जुद्ध चोक थियो। तत्कालीन राजा त्रिभुवन नेपालगन्ज भ्रमणमा आउने भएपछि तत्कालीन प्रशासकले जुद्ध चोकलाई त्रिभुवन चोक नामाकरण गरे। जनआन्दोलन ०६२-०६३ का वेला चोकमा रहेको त्रिभुवनको सालिक तोडफोड भयो। उक्त चोकमा रहेको त्रिभुवनको सालिक ढालिएपछि कुरूप बनेको चोकलाई नेपालगन्ज उद्योग वाणिज्य संघ र नेपालगन्ज उपमहानगरपालिकाले चारैतिर ढाकेर सौन्दर्यीकरण गरे। त्रिभुवनको सालिक भएको ठाउँमा राष्ट्रिय झन्डा राखियो। जनआन्दोलनले सालिक ढाले पनि सर्वसाधारणले उक्त चोकलाई त्रिभुवन चोक भन्न छाडेनन्।

मधेश आन्दोलनका क्रममा प्रहरीले चलाएको गोली लागेर मृत्यु भएका कमल गिरीको नाममा यो चोकलाई 'कमल मधेसी चोक' बनाउने प्रयास नभएको पनि होइन। मधेशवादी दलले त्रिभुवनको सालिक भएको ठाउँमा कमल मधेसी चोक लेखे। तर, सर्वसाधारणको जिब्रोमा भने त्रिभुवन चोक नै झुन्डिरह्यो।

'मधेसीको बाहुल्य भएको क्षेत्र र मधेश आन्दोलनका क्रममा यही क्षेत्रमा आन्दोलनकारीको मृत्यु भएकाले हामीले यो चोकलाई कमल मधेसी चोक बनाउने प्रयास गरेका थियौं, तर जनताको मन-मस्तिष्कमा त्रिभुवन चोक भनेर चिन्ने भएकाले हाम्रो प्रयास सफल हुन सकेन,' व्यवसायी ललित रौनियारले भने। नेपालगन्जको मुटु त्रिभुवन चोक भएकाले सबै राजनीतिक दल, संघसंस्थाको नजर त्रिभुवन चोकमा पर्ने गरेको उनले बताए। 'त्रिभुवन चोकमा भएको घटना र कार्यक्रम छिनभरमा देशभर फैलिने भएकाले राजनीतिक दल र आन्दोलनकारीले त्रिभुवन चोकलाई रोजेका हुन्,' रौनियारले भने।

त्रिभुवन चोकसँगै सदरलाइन र एकलैनी, गगनगन्ज, फुल्टेक्रालाई पुरानो तथा ऐतिहासिक बजारको रूपमा लिइन्छ। व्यापारिक केन्द्रको रूपमा भने अहिले पनि त्रिभुवन चोकलाई लिइन्छ। मध्यरातसम्म जाग्राम रहने यो चोक पछिल्लो समय समसाँझै निदाउने गरेको छ।

मध्यरातसम्म खुल्ने यहाँका पसल समसाँझै बन्द हुने गरेका छन्। 'पहिले यहाँका पसल मध्यरातसम्म खुल्थे। जसरी रात छिर्पिँदै जान्थ्यो, सर्वसाधारण किनमेलका लागि त्रिभुवन चोक आउँथे। चियासँगै विभिन्न थरीका परिकार खानेको भिड लाग्थ्यो। साथीभाइसँग गफिन टाढा-टाढाबाट सर्वसाधारण त्रिभुवन चोक आउँथे। यहाँको रौनकता नै फरक थियो,' नेपालगन्जलाई ७० वर्षदेखि नियाल्दै आएका अवधि सांस्कृतिक प्रतिष्ठानका अध्यक्ष विष्णुलाल कुमालले भने, 'मध्यरातको १२-१ बजेसम्म जाग्राम रहने त्रिभुवन चोक अहिले फेरिएको छ। समसाँझै बन्द हुन्छ।'

२०५१ मा भएको हिन्दु-मुस्लिम द्वन्द्वले त्रिभुवन चोकलाई पहिलो झट्का दियो। उक्त द्वन्द्वले तँग्रिन नपाउँदै मधेश आन्दोलन र मधेसी-पहाडीबीचको द्वन्द्वले फेरि त्रिभुवन चोकलाई असर गऱ्यो। आन्दोलनले त्रिभुवन र आसपासका क्षेत्रलाई नराम्रोसँग प्रभावित पाऱ्यो। आन्दोलनका कारण मधेसी-पहाडियाबीच द्वन्द्व चर्किँदै गएपछि पहाडियाहरू त्रिभुवन चोक जान हच्किन थाले। त्यसको मार त्रिभुवन चोक र सदरलाइनको व्यापारमा पऱ्यो।

मधेश आन्दोलन, पहाडिया-मधेसी, हिन्दु-मुस्लिम द्वन्द्वको सबैभन्दा धेरै मार खेपेको त्रिभुवन चोकले आफ्नो पुरानो प्रभाव अहिलेसम्म फर्काउन नसकेको व्यवसायी रौनियारको भनाइ छ। 'आन्दोलन र बन्द गर्ने सबैको पहिलो नजर त्रिभुवन चोकमा पर्छ। बन्द र आन्दोलनले यो क्षेत्रको व्यापार-व्यवसायमा ठूलो असर परेको छ,' उनले भने।

साहित्यकारसमेत रहेका नेपालगन्जलाई नजिकबाट चिन्ने सचिदानन्द चोवे पनि मधेश आन्दोलन, मधेसी-पहाडी, हिन्दु-मुस्लिम द्वन्द्वको पहिलो मार त्रिभुवन चोकले खेप्नुपरेको बताउँछन्। आन्दोलनकारीको पहिलो प्राथमिकता त्रिभुवन चोक पर्ने गरेको उनको भनाइ छ। 'नेपालगन्जमा हुने हरेक गतिविधिको केन्द्र त्रिभुवन चोक बन्दा व्यापार-व्यवसाय चौपट त भएकै छ, यो क्षेत्रका व्यापारी असुरक्षित महसुस गरेकोसमेत मैले पाएको छु,' उनले भने। बन्द, हडताल र आन्दोलनले व्यापार-व्यसायमा असर परेपछि व्यापारीले पसल न्युरोडमा सारेको नेपालगन्ज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष नन्दलाल वैश्यले बताए।

त्रिभुवन चोकलाई जुलुस, सभा, प्रदर्शन गर्न निषेधित क्षेत्र घोषणा गर्न त्यस क्षेत्रका व्यापारीले माग गरेका छन्। तर मधेश आन्दोलनका अगुवासमेत रहेका ललित रौनियार लोकतन्त्रमा सभा, सम्मेलन गर्ने अधिकार भएकाले चोक वा ठाउँ किटान गरी निषेधित क्षेत्र घोषणा गर्न नहुने बताउँछन्। 'सभा, सम्मेलन गर्ने अधिकार लोकतन्त्रले सबैलाई दिएको छ। त्रिभुवन चोकलाई निषेधित क्षेत्र घोषणा गरेर सभा, सम्मेलन गर्न रोक्नु उचित हुँदैन,' उनले भने, 'सभा, सम्मेलन हुँदैमा व्यापार-व्यवसायमा घाटा हुने कुरा हुन्न।'

यस क्षेत्रमा ठूला सवारीसाधन प्रवेशमा रोक लगाउनुपर्ने नेपालगन्ज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष नन्दलाल वैश्यले बताए। 'त्रिभुवन चोकको ऐतिहासिकता जोगाउन यस क्षेत्रमा चारपांग्रे गाडी प्रवेशमा रोक लगाउनुपर्छ। अटो रिक्सा र मोटरसाइकलका लागि पनि एकतर्फी बाटो बनाउनुपर्छ,' उनले भने।

ऐतिहासिक महत्त्व

त्रिभुवन चोकको इतिहास निकै पुरानो देखिन्छ। यो नेपालगन्जको मुख्य बजार हो। सन् १८६० मा ब्रिटिस इन्डियाबाट बाँके, बर्दिया, कैलाली, कञ्चनपुर फिर्ता पाएपछि जंगबहादुर राणाले नेपालगन्ज सहर बसाएको जानकारहरू बताउँछन्। सन् १८६० ताका चोक खाली थियो। चोकको माझ भागमा एउटा चारपाटे दुईतले घर ठड्याइएको थियो, ठीक अहिलेको सालिक भएको ठाउँमा। नेपालगन्जमा व्यापार गर्न आउने ठूला महाजनहरूलाई त्रिभुवन चोक र चोककै वरिपरिका घरहरूमा वास दिइन्थ्यो।

सन् १९४२ तिर जुद्धशमशेर सिकार खेल्न नेपालगन्ज आउने क्रममा चलेपछि तत्कालीन बडा हाकिमले हाल नगर भवननजिक भन्सार कार्यालय सारे। त्यहाँ श्री ३ महाराज जुद्धशमशेरको सालिक राख्ने निर्णय गरे। भन्सार भएको चारपाटे घर भत्काइयो। त्यहाँ गोलाकार गुम्बद भएको सालिक निर्माणस्थल तयार गरेर काठमाडौंबाट अष्टधातुको सालिक निर्माण गराएर स्थापित गराइएको साहित्यकार सनत रेग्मी बताउँछन्।

> त्रिभुवन चोकलाई जुलुस, सभा, प्रदर्शन गर्न निषेधित क्षेत्र घोषणा गर्न त्यस क्षेत्रका व्यवसायीले माग गरेका छन्। तर, मधेश आन्दोलनका अगुवा ललित रौनियार लोकतन्त्रमा सभा, सम्मेलन गर्ने अधिकार भएकाले चोक वा ठाउँ किटान गरी निषेधित क्षेत्र घोषणा गर्न नहुने बताउँछन्।

गोलाकारभित्र चारवटा खम्बामाथि गुम्बद, त्यही तल माझमा राजसी पोसाकमा श्रीपेच लगाएका जुद्धशमशेर जबराको भव्य सालिकले चोकबजार सुशोभित भएको थियो। रेग्मीका अनुसार, सुरु-सुरुमा सदरलाइनबाट दक्षिण जाने चोकको चारैतिरबाट आउने-जाने बटुवाहरू चोकबाट अघि बढ्नुपर्दा जुद्धशमशेरको सालिकलाई सलाम गरेर मात्र अघि बढ्नुपर्थ्यो। विसं ००७ सालको जनक्रान्तिको प्रभाव यो चोकमा पनि पऱ्यो। क्रान्तिकारी युवाहरूले जुद्धशमशेरको सालिक तोड्न खोजे, तर श्रीपेच ढाल्नेबाहेक अरू कुनै क्षति पुऱ्याउन सकेनन्। जुद्धशमशेरको सालिक श्रीपेचहीन अवस्थामा रह्यो।

२०१६ सालमा नेपालगन्ज पहिलो नगरपालिका गठन भयो। जसको मेयर मुलचन्द आजाद र उपमेयर पूर्णमान आजाद थिए। त्यस नगरपालिकाको बोर्डले जुद्धशमशेरको सालिक हटाएर त्यहाँ अन्तर्राष्ट्रिय मान्यताको ट्राफिक पोस्ट बनाउने निर्णय गऱ्यो र, चोकबजारबाट जुद्धशमशेरको सालिक हटाएर ट्राफिक पोस्ट बनाइयो। त्यतिवेला चोकबजारको वरिपरि काठको खम्बामाथि काँचको लेन्टर्नबक्स हुन्थ्यो। त्यसभित्र टुकी बालेर सडकबत्ती बालिन्थ्यो।

२०२१ सालतिर तत्कालीन नगरपञ्चायतले राजा त्रिभुवनको सालिक चोकबजारमा स्थापित गरेपछि यो स्थान चोकबजारबाट त्रिभुवन चोक हुन पुग्यो। ०६२-०६३ को जनआन्दोलन, मधेश आन्दोलनले त्रिभुवनको सालिक पूर्ण ध्वस्त बनाई यसको नाम कमल मधेसी चोक भनाउन खोजे पनि जनजिब्रोमा बसिसकेको त्रिभुवन चोकको नाम हट्न सकेको छैन।

त्यसपछि धेरै वर्ष विनासालिकको स्तम्भ मात्र ठिंग उभिरह्यो। चोकको सौन्दर्य बिग्रिएको जनगुनासोपछि नेपालको झन्डा राखियो। गत वर्ष धेरैले विरोध गर्दागर्दै पनि त्रिभुवनको सालिक राखिएको छ। राखिएको सालिक हटाउन प्रशासनले प्रयास गरे पनि हटाउन सकेन।

बंगलादेशको समृद्धि सूत्र

भूराजनीतिक सन्तुलन

संवेदनशील भौगोलिक अवस्थिति भएको बंगलादेशले भारत र चीनको सद्भाव वा पत्यार हासिल गर्न कसरी सफल भयो ?

विमर्श

■ पर्शुराम काफ्ले

सन् १९६९ डिसेम्बर ५ मा बंगलादेशका राष्ट्रपिता शेख मुजिबुर रहमानले घोषणा गरे, 'म जनताको तर्फबाट के घोषणा गर्दछु भने पाकिस्तानको पूर्वी प्रान्तलाई पूर्वी पाकिस्तानको सट्टा बंगलादेश भनिनेछ।' यो बंगलादेश बन्नुपूर्वको कुरा हो। त्यसअघि २३ फेब्रुअरीमा उनलाई बंगलबन्धु (बंगालका मित्र) घोषणा गरिएको थियो। (शेख मुजिबुर रहमान, ती अधुरा स्मरणहरू)

मुजिब नेतृत्वको अवामी लिगले आन्दोलनकै बीचमा २६ मार्च १९७१ बंगलादेशलाई पाकिस्तानबाट स्वतन्त्र भएको भन्दै अलग देश घोषणा गरेका थिए। पाकिस्तानले बहुमत प्राप्त अवामी लिगलाई सत्ता हस्तान्तरण गर्न नमानेपछि तत्कालीन पूर्वीपाकिस्तान (बंगलादेश) स्वतन्त्रताको आन्दोलन चर्किँदै जाँदा र ढाकामा पाकिस्तान र पूर्वी पाकिस्तानका नेताहरूबीचको छलफल निष्कर्षविहीन भएपछि मुजिबले स्वतन्त्रताको घोषणा गरेका थिए।

पाकिस्तानी सेनाले बंगालीहरूमाथि धरपकड गर्न थालेपछि २६ मार्चको अपराह्न १२:३० बजे मुजिबले स्वतन्त्रताको घोषणा गर्दै भने, 'यो मेरो अन्तिम सन्देश पनि हुन सक्छ। तर, म दृढतासाथ भन्दै छु बंगलादेश आज उप्रान्त स्वतन्त्र हुनेछ। बंगलादेशका जनता जहाँ भए पनि आफूसँग जे छ त्यसले पाकिस्तानी आक्रमणकारीहरूसँग प्रतिरोध गर्न आह्वान गर्दछु। पाकिस्तानका अन्तिम सिपाही यहाँबाट बाहिर ननिस्केसम्म संघर्ष जारी रहनेछ।' मुजिब गिरफ्तार भए। बंगलादेशमा चर्केको आन्दोलनसँगै पाकिस्तानी सेनाले घुँडा टेक्यो। भारतको प्रत्यक्ष सहयोगमा बंगलादेशले स्वतन्त्रता पायो र पहिलो प्रधानमन्त्रीका रूपमा मुजिबले शपथ लिए।

बंगलादेशमा यही जनवरी ७ मा १२औँ संसदीय निर्वाचन सम्पन्न भएको छ। संयोगले राष्ट्रपिता मुजिबको दल अवामी लिगले बहुमत हासिल गरेको छ र उनकी छोरी शेख हसिना हसिनाले बिहीबार चौथो कार्यकालको शपथ लिएकी छिन्। हसिना उक्त दलको अध्यक्ष हुन्।

०००

हसिना सन् २००९ देखि अविच्छिन्न सत्तामा छिन्। बंगलादेशकी प्रधानमन्त्री शेख हसिना दक्षिण एसियाको सबैभन्दा लामो समयदेखि प्रधानमन्त्री छिन्। उनको दल अवामी लिगले बंगलादेशको संसद्मा कुल २९९ सिटमध्ये २२३ सिट जितेको छ। उनले यसपालि चुनौतीरहित विजय हासिल गरेकी छिन्। बंगलादेश एकप्रकारले विपक्षीहीन भएको छ। हसिनाले १५ वर्षको दौरान करिब १७ करोड जनसंख्यालाई समृद्धिको जहाजमा सवार गराउन सफल भएकी छिन्।

हसिनाले चुनाव स्वतन्त्र र निष्पक्ष भएको दाबी गरेकी छिन्। उनको भनाइ छ, 'मैले यो देशमा लोकतन्त्रलाई निरन्तरता दिन आफ्नो ठाउँबाट भरमग्दुर प्रयास गरिरहेको छु।' चुनाव जितेपछि भारतीय उच्चायुक्त (बंगलादेशका लागि भारतीय राजदूत) प्रणय वर्मा र बंगलादेशका लागि चिनियाँ राजदूत याओ वेनले हसिनालाई घरमै पुगेर बधाई दिए। त्यसपछि रुस, भुटान, फिलिपिन्स र श्रीलंकाका राजदूत बधाईका पुष्पगुच्छा लिएर घरै पुगे। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले ट्विटरमा बधाई दिए र राजदूतमार्फत बधाईको चिठी पठाए। हसिनालाई बधाई दिन बेइजिङ र दिल्लीको हतारो रोचक थियो।

बंगलादेशी कपडाका ग्राहक अमेरिका र युरोपले निर्वाचनको निष्पक्षतामा प्रश्न उठाएर प्रतिक्रिया दिए। तर, बंगलादेशसँग साझेदारी गर्ने प्रतिबद्धता पनि उनीहरूले जनाए। 'स्वतन्त्र र खुला इन्डो-प्यासिफिकका लागि हाम्रो साझा दृष्टिकोणलाई अगाडि बढाउन, बंगलादेशमा मानव अधिकार र नागरिक समाजलाई समर्थन गर्न, र हाम्रा जनता-जनताबीचको आर्थिक सम्बन्धलाई गहिरो बनाउन बंगलादेशसँग साझेदारी गर्न अमेरिका प्रतिबद्ध छ' अमेरिकी विदेश मन्त्रालयको प्रतिक्रिया थियो।

निर्वाचनको निष्पक्षता, मानव अधिकारप्रति कडा टिप्पणी गरेको युरोपियन युनियनले पनि साझेदारीमा जोड दियो। 'युरोपियन युनियन राजनीतिक, मानव अधिकार, व्यापार र विकासका क्षेत्रमा हाम्रो दीर्घकालीन सम्बन्धका प्राथमिकतामा बंगलादेश सरकारसँग सहकार्य जारी राख्नेछ।' चुनावको परिणाम सार्वजनिक भएको दिन ७ जनवरीमा पश्चिमी समाचारपत्र इकोनोमिस्टले टिप्पणी गऱ्यो, 'यो दक्षिण एसियाकी आइरन लेडी हसिनाका लागि सुखद दिन हो भने बंगलादेशको लोकतन्त्रका लागि खराब दिन। अर्थात् जनवरी ७।'

यो वर्ष (२०२४)मा विश्वका ७० देश चुनावमा छन् र ४.२ अर्ब जनता लोकतान्त्रिक अभ्यासमा छन्। हाम्रावरिपरिका बंगलादेश र भुटानमा सम्पन्न भइसकेको छ। छिमेकी भारत र महाशक्ति अमेरिका (संसारको ठूलो र पुरानो लोकतन्त्र)चुनावको प्रतीक्षामा छन्। विश्वको आधा जनसंख्या लोकतन्त्रको अभ्यासमा छ।



नवनिर्वाचित बंगलादेशकी प्रधानमन्त्री शेख हसिना

भारतले काँध थापिसकेको अवस्थामा अब अमेरिकाले भारतलाई बेखुसी बनाएर बंगलादेशको लोकतन्त्र वा त्यहाँको सरकारलाई अस्थिर बनाउने भूमिका निर्वाह गर्न सक्दैन। बंगलादेशले भारत र चीनलाई जसरी व्यवस्थापन गरेको छ, यो हेर्दा हसिनाको चौथो कार्यकाल सहज रूपमा अघि जानेछ।

बंगलादेश जर्जर गरिब देश थियो। कुनै समय अस्थिर राजनीति भएको, सबैतिरबाट हेपिएको देश अहिले दक्षिण एसियामा सबैभन्दा तीव्र आर्थिक दर हासिल गरेको छ। उसले भूराजनीतिक व्यवस्थापन यसरी गरेको छ कि मुख्य शक्ति बंगलादेश जाँदै छन्, बंगलादेश दौडनुपरेको छैन। अमेरिका र युरोपका लागि लोकतन्त्रको तुलनामा सामरिक स्वार्थको प्राधान्यता पहिलो महत्त्वको हो। उनीहरूको स्वार्थ लोकतन्त्र होइन, सामरिक हो। यसको निहितार्थ के हो भने दुवैले बंगलादेशसँग सहकार्य गरिरहेका छन् र सहकार्य गर्नुपर्ने बाध्यतामा छन्।

०००

बंगलादेश दक्षिण पूर्वी एसियाको सिमानामा अवस्थित छ। यसको तटीय लाइन हिन्द महासागरबाट जान्छ। भारतसँग बंगलादेशको चार हजार ९६ किलोमिटर सीमा जोडिएको छ। पश्चिम, उत्तर र पूर्वी सिमाना भारतसँग जोडिएको छ, दक्षिण पूर्वी सिमाना म्यानमारसँग र दक्षिण बंगालको खाडीको तटीय क्षेत्रमा जोडिएको छ। नेपाल र भूटानलाई बंगलादेशसित भारतको सिलिगुडी करिडोरले जोड्दछ। चीन बंगलादेशको छिमेकी होइन, तर भौगोलिक रूपमा चीनसित बंगलादेशको दूरी सिक्किमबाट नजिकै पर्दछ।

> हसिना सन् २००९ देखि अविच्छिन्न सत्तामा छिन्। उनको दल अवामी लिगले बंगलादेशको संसद्मा कुल २९९ सिटमध्ये २२३ सिट जितेको छ।

बंगलादेशको प्रतिव्यक्ति आय दुई हजार ६ सय ८८ अमेरिकी डलर छ जुन भारतको (२३८९ डलर)भन्दा बढी हो। देश स्थापना हुँदा (सन् १९७१ मा) बंगलादेशको प्रतिव्यक्ति आय १३४ डलर थियो। स्वतन्त्रताको ५३ वर्षमा प्रतिव्यक्ति आय करिब २० गुणाले वृद्धि हुनु सामान्य होइन। बंगलादेश गरिबी निवारण र विकासको एउटा अनुपम कथा हो। बंगलादेश २०१५ मा निम्नमध्यम आय भएको देशमा परिणत भएको थियो। अझै पनि ऊर्जा संकट, भुक्तानी सन्तुलन, राजस्वको कमीलगायतको चुनौती झेलिरहेको बंगलादेशले २०३१ मा प्रतिव्यक्ति आय चार हजार अमेरिकी डलर पुऱ्याउने लक्ष्य राखेको छ। अर्थात् अबको पाँच वर्षपछि उच्च मध्यम आय मुलुक बन्ने बंगलादेशको सपना छ। अनि, २०४१ मा विकसित मुलुक बन्ने महत्त्वाकांक्षामा बंगलादेश अघि बढेको छ।

बंगलादेशको सबैभन्दा ठूलो व्यापारिक साझेदार चीन हो। बंगलादेशले विश्वमा वार्षिक ५५ अर्ब डलरको गार्मेन्ट निर्यात गर्छ। भारतसँग उसको अत्यन्तै घनिष्ठ सम्बन्ध छ भने चीन उसको रणनीतिक साझेदार हो।

यसको नेपालसँग ऐतिहासिक साइनो छ। बंगलादेशको स्वतन्त्रता संग्राममा नेपाली कांग्रेसले हतियार पठाएर सहयोग गरेको थियो। नेपाली कांग्रेससित अवामी लिगको यसप्रकार भावनात्मक सम्बन्ध छ। संयुक्त राष्ट्रसंघीय शान्ति मिसनमा सबैभन्दा धेरै फौज पठाउने देशहरूको सूचीमा नेपाल, बंगलादेश अग्रणी छन्। नेपाल र बंगलादेशका सैनिकबीच गहिरो सम्बन्ध छ। सार्कको संस्थापक देशमध्येको बंगलादेश नेपालसँग बिमस्टेक, बिबिआइएनमा पनि सँगै छ। आज दक्षिण एसियाको गतिशील अर्थतन्त्रका रूपमा बंगलादेश सगर्व खडा भएको छ।

आज नेपाल अल्पविकसितबाट विकासशील हुन दौडधुप गरिरहेको छ। दक्षिण एसियाको कान्छो देश विकसित राष्ट्र बन्ने दिशामा छ। शेख हसिनाको नेतृत्वमा यो सम्भव भएको हो। उनले भारत र चीन दुवैबाट लाभान्वित हुने गरी सम्बन्ध विस्तार गरिन्। दुवै देशबाट बंगलादेशले सहानुभूति हासिल गर्ने परिस्थिति हसिनाले निर्माण गरेकी हुन्। बंगलादेशमा सफल नेतृत्व स्थापित गरेको छ। राजनीतिक नेतृत्व कूटनीतिक कला प्रदर्शन गरेर दुवैलाई मिलाएको छ। बंगलादेशसित सन् २००९ देखि अमेरिकाको संशयले केही फरक परेको छैन। बंगलादेशले निरन्तर आर्थिक वृद्धि हासिल गर्दै आएको छ। भूराजनीतिक व्यवस्थापन हुँदा उसको समृद्धिको रथ निरन्तर लम्किरहेको छ।

०००

भारत र चीनको रणनीतिक मूल्यांकनमा बंगलादेशको महत्त्व हिन्द महासागरीय क्षेत्रमा उसको भौगोलिक अवस्थिति मात्र होइन, बंगलादेश यो क्षेत्रको सबैभन्दा द्रुत वृद्धि हुने अर्थतन्त्र र सबैभन्दा धेरै जनसंख्या भएको अल्पविकसित देशका कारण पनि हो।

वेलामौकामा भारतमा उत्पन्न हुने संशयलाई प्रधानमन्त्री हसिनाले जवाफ दिँदै आएकी छिन्, 'भारतले हाम्रो चीनसँगको निकट सम्बन्धबाट चिन्तित हुनुपर्दैन। हाम्रो सहकार्य केवल विकासका लागि मात्रै हो।' यो क्षेत्रमा व्यापक प्रतिद्वन्द्विता भारत र चीनबीच छ। हिन्द प्रशान्त क्षेत्रमा अमेरिकाको चीनकेन्द्रित रणनीतिक स्वार्थका कारण पनि चीन बंगलादेशसँग हातेमालो गर्न तयार छ। भारत परम्परागत प्रभाव र मित्रताको कसी अझ बलियो बनाउन चाहन्छ।

यही पृष्ठभूमिमा बंगलादेशचाहिँ रणनीतिक मामिलामा राष्ट्रिय हितअनुसार भारत र चीनसित लाभप्रद सम्बन्धलाई प्राथमिकता दिएर अघि बढेको छ।

रणनीतिक स्वायत्तता र आफ्नो हित बंगलादेशको मन्त्र हो जो ठूला देशहरूको छिमेकी रहेका साना मुलुकहरूका लागि पनि राम्रो सिकाइ हुनेछ।

भारत र बंगलादेशबीचको द्विपक्षीय व्यापार १५ अर्ब डलर नाघेको छ। भारतका लागि बंगलादेश पूर्वी क्षेत्रको 'पूर्वी बफर' हो। अर्कोतर्फ, बंगलादेशको चीनसँगको द्विपक्षीय व्यापार २५ अर्ब डलर नाघेको छ। बंगलादेशले चीनसँग रणनीतिक साझेदारी गरेको छ। चीनको बिआरआईअन्तर्गत मात्रै करिब ३८ अर्ब डलरका विभिन्न पूर्वाधार परियोजना सञ्चालित छन्। बिआरआईका लागि बंगलादेश चीनको महत्त्वपूर्ण साझेदार हो।

प्रा. सैयद मुनिर खसरुको शब्दमा बंगलादेश २०४१ सम्ममा विकसित राष्ट्रको हैसियत हासिल गर्ने प्रयासमा छ। 'यस सन्दर्भमा बंगलादेशले रणनीतिक रूपमा भारत र चीन दुवैको आर्थिक र प्राविधिक शक्तिको उपयोग गरेको छ, विकासशील गतिशीलताको बीचमा सम्बन्ध सन्तुलनमा राखेको छ' उनको भनाइ छ, 'बिआरआईअन्तर्गत मोङ्ला बन्दरगाहको आधुनिकीकरणलाई बढावा दिँदै छ।'

बंगलादेशले एक-अर्काका प्रतिद्वन्द्वी देशहरूसँगको सहयोगलाई एकैसाथ अगाडि बढाएको छ। बंगलादेशको स्थायित्वमा भारत र चीन दुवैको एकप्रकारको गहिरो लगानी देखिन्छ। यो बंगलादेशको सफल कूटनीतिक प्रयासको प्रतिफल हो।

हालका वर्षहरूमा, भारत र चीन दुवैले बंगलादेशमा आफ्नो आर्थिक प्रभाव विस्तार गरेको छ। दुई देशको बढ्दो भूराजनीतिक प्रतिद्वन्द्वितासँग यो जोडिएको छ। र, ढाकाले दुवै देशका प्रतिस्पर्धी अपेक्षालाई आफ्नो हितमा प्रभावकारी व्यवस्थापन गरेको छ। प्रधानमन्त्री हसिनाको नेतृत्वमा बंगलादेशले एकातिर बाह्य प्रभावलाई सन्तुलनमा राख्न सफल भएको छ भने अर्कातिर भारत र चीनबाट आएका सहायता र साझेदारी प्रस्ताव स्वीकार गर्दै निर्भरताबाट बच्न प्रयास गरेको छ।

बंगलादेशमा २०२३ मा मात्रै चिनियाँ सहयोग वा ऋणका १४ ठूला पूर्वाधार आयोजना सम्पन्न भएका छन् वा हुने क्रममा छन्। बंगलादेशमा झन्डै सात सय चिनियाँ कम्पनी कार्यरत छन्। तिनीहरूले स्थानीय मानिसका लागि पाँच लाखभन्दा बढी रोजगारी सिर्जना गरेका छन्।

बंगलादेशका निवर्तमान विदेशमन्त्री डा. एके अब्दुल मोमेनले निर्वाचन सम्पन्न भएका पर्सिपल्ट इन्डिया टुडेसँग जनवरी ९ मा पश्चिमाहरूको आलोचनाप्रति तिखो टिप्पणी गरेका छैनन्। बरु उनले बंगलादेशको चुनावमा १२ करोड जनताले भाग लिएको, लोकतन्त्र स्थिर रहेको उल्लेख गरेका छन् अनि भारत र चीनसँगको सम्बन्धबारे राम्रो व्याख्या गरेका छन्। भारत र चीनसँग बंगलादेशको सम्बन्धबारे उनको व्याख्या रोचक छ। उनले स्वतन्त्रताको युद्धमा भारतको सबैभन्दा ठूलो मद्दत रहेको भन्दै शेख हसिना र मोदीको नेतृत्वका सम्बन्धमा थप न्यानोपन आएको भनेका छन्। भातसँग रणनीतिक साझेदारी बढेको उल्लेख गरेका छन्। चीनको प्रभाव बढेको सन्दर्भमा उनको टिप्पणी छ, 'बंगलादेशमा त्यस्तो धेरै चीनको प्रभाव बढेको छैन। चीन हाम्रो विकास साझेदार हो। जिडिपीको १ प्रतिशतभन्दा कम रकम चीनबाट लिएका छौं। १३.६ प्रतिशत ऋण छ चीनको। ५५ प्रतिशत नपुगेसम्म ऋणपासोमा पुगिन्न।'

पूर्वपरराष्ट्रमन्त्री रमेशनाथ पाण्डेको शब्दमा बंगलादेशको आर्थिक र राजनीतिक दक्षता तथा कूटनीतिक सीप उत्कृष्ट साबित भएको छ। 'नेपालमा प्रजातन्त्र स्थापनाको २० वर्षपछि जन्मिएको बंगलादेशको कुल गार्हस्थ्य उत्पादन अहिले नेपालको भन्दा १० गुणा बढी छ। यसको जस आन्तरिक राजनीतिक स्वामित्व सुरक्षित राख्ने राष्ट्रिय अनुशासन तथा भारत र चीनसँग समानिकटताको सम्बन्ध विकास गर्ने कूटनीतिक सीपलाई जान्छ' पाण्डे शेख हसिनाको नेतृत्व कुशलताको विश्लेषण गर्छन्।

वास्तवमा हसिनाले चीन र भारतसँगको सम्बन्धलाई कसरी बंगलादेशको हितमा व्यवस्थापन गरिरहेकी छिन् ? छिमेकी र महाशक्ति मुलुकहरूको भूराजनीतिक तानातानमा नेपाल फसिरहेका बेला नेपालभन्दा पनि संवेदनशील भौगोलिक अवस्थिति भएको बंगलादेशले मुख्य रूपमा भारत र चीनको सद्भाव वा पत्यार कसरी हासिल गर्न सफल भयो ? अनि, यही पत्यार वा विश्वासको जगमा उभिएर बंगलादेश दक्षिण एसियाको सबैभन्दा तीव्र आर्थिक वृद्धिदर हासिल गरेर सन् २०४१ मा विकसित मुलुक बन्ने महत्त्वाकांक्षामा कसरी लम्किरहेको छ ? आइरन लेडी अर्थात् बंगलादेशकी कुशल राजनेता शेख हसिनाबाट नेपाललले मात्र होइन, दक्षिण एसियाका साना देशले सिक्नुपर्ने पाठ यही हो।

कीर्तिमानी धावक रोकाया जसले उत्पादन गरे दर्जनौं खेलाडी

■ मानदत्त रावल



कीर्तिमानी धावक हरिबहादुर रोकाया सबैभन्दा अगाडि

मार्सी धान, स्वादिलो स्याउ, जुम्लाको सिमीलगायतले जुम्लालाई देशभित्र फरक रूपमा प्रस्तुत गरिरहेको छ। यही क्रममा खेलकुद गतिविधिमा यहाँका खेलाडीको जबर्जस्त उपस्थितिले जुम्लालाई विश्वस्तरमै परिचित गराएको छ। खेलक्षेत्रबाटै विश्वस्तरमा परिचित छन् हरिबहादुर रोकाया। जसले विश्वसामु आफू मात्र परिचित भएनन् नेपाल, मातृभूमि जुम्लालाई पनि परिचित गराए।

चन्दननाथ नगरपालिका-४ मा वि.सं. २०२२ असोज १५ गते जन्मेका रोकाया १५ वर्षको उमेरदेखि धावन यात्रा तय गरेका एक परिचित खेलाडी हुन्। एभरेस्ट म्याराथनमा ह्याट्रिक गर्दै विश्व कीर्तिमान राख्ने एक अद्भूत क्षमतावान् व्यक्तित्व हुन्। साविकको कर्णाली अञ्चललाई पहिलोपटक मेडल दिलाउने देशकै सान हुन् उनी। उनले १३ वटा राष्ट्रिय तथा २९ वटा अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेका छन्।

> रोकायाले संसारकै सबैभन्दा अग्लो ठाउँमा हुने विश्वप्रसिद्ध म्याराथन एभरेस्ट म्याराथनमा सन् २००० मा पहिलो भएर विश्व कीर्तिमान नै राखे। तीन घन्टा ५० मिनेट २३ सेकेन्डमा म्याराथन पूरा गरी गिनिज बुक अफ द वर्ल्ड रेकर्डमा कीर्तिमानी धावकको रूपमा नाम लेखाए।

पहिलोपटक सन् १९९३ मा सगरमाथाको आधार शिविर (पाँच हजार १८४ मिटर उचाइ)बाट सुरु भई नाम्चे बजार (तीन हजार ४४६ मिटर) सम्मको एभरेस्ट म्याराथनमा भाग लिए। त्यसमा उनी तेस्रो भए। सन् १९९७ मा भएको प्रतियोगितामा दोस्रो भए। सन् १९९९ मा उनी पहिलो भए। त्यतिमा मात्र हरिबहादुरले चित्त बुझाएनन्।

संसारकै सबैभन्दा अग्लो ठाउँमा हुने विश्वप्रसिद्ध म्याराथन एभरेस्ट म्याराथनमा सन् २००० मा पहिलो भएर विश्व कीर्तिमान नै राखे। तीन घन्टा ५० मिनेट २३ सेकेन्डमा म्याराथन पूरा गरी गिनिज बुक अफ द वर्ल्ड रेकर्डमा कीर्तिमानी धावकको रूपमा नाम लेखाए। उनी भन्छन्, 'यहाँसम्म ल्याइपुऱ्याउन उत्प्रेरणा दिने धेरै छन्। उनीहरूकै प्रेरणाका कारण मैले तीनपटक उपाधि उचालेँ। अन्तिममा प्रवेश शुल्क तिर्न सकिनँ र खेलमा भाग लिन पाइनँ।' अहिले उनले उत्पादन गरेका खेलाडी कोही हडकङ, इटलीलगायत देशमा प्रशिक्षण लिन र म्याराथनमा भाग लिन पुगेका छन्। केहीले त राष्ट्रिय-अन्तर्राष्ट्रिय पुरस्कारसमेत जितेका छन्। उनी भन्छन्, 'मैले प्रशिक्षण दिएका खेलाडीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार जित्दा गर्व लाग्छ।'

हरिबहादुर दौडिन थालेको २७ वर्षमा १३ राष्ट्रिय तथा ३१ अन्तर्राष्ट्रिय दौडमा सहभागिता जनाइसकेका छन्। १३ राष्ट्रिय प्रतियोगितामध्ये नौवटामा रोकायाले उपाधि उचालेका छन्। सन् १९८५ मा इन्डोनेसियाको जकार्तामा एसियन ट्र्याक एन्ड फिल्डको पाँच किलोमिटर दौडमा सहभागिता जनाएर उपाधि उचाले।

रोकाया विगत २८ वर्षदेखि खेलकुद विकास समितिका जागिरे थिए। उसो त त्यसअघि पनि जागिरे नै थिए। तर, बहुदल आएपछि पञ्चायती व्यवस्थामा खाएको जागिरबाट हात धुनुपरेको थियो। सुरुमा केही रुढता देखाए पनि बहुदलले रोकायाको प्रतिभालाई चिन्यो। उनी पुनः जागिरे भए। जुम्ला बजारबाट बिहान दौडिएर मुगुको रारा ताल पुगेर फेरि साँझ जुम्ला बजार आइपुग्न सक्ने अहिलेसम्म पनि एक व्यक्ति रोकाया नै हुन्। (जुम्लाबाट रारातालसम्मको दूरी ४९ किलोमिटर छ।)

अन्नपूर्ण सर्किट सबभन्दा छिटो (२४ घन्टा पाँच मिनेट)मा सम्पन्न गर्ने कीर्तिमानी व्यक्तित्व उनै हुन्। थुप्रै रेकर्ड तोड्ने, आफ्नै रेकर्डसम्म तोडेका, सन् ८० को दशकको उत्तरार्द्धदेखि ९० को दशकभर नेपालमा भएका लामो दूरीका लगभग सबैखाले दौड जितेका र एक गर्विलो इतिहास बोकेका खेलाडी हुन् रोकाया।

उनी आफैंले आफ्नो पहिलो रेकर्ड धेरै समय टिक्न दिएनन्। एभरेस्ट म्याराथन सन् २००० को संस्करणमा रोकायाले तीन घन्टा ५० मिनेट २३ सेकेन्डमा पूरा गर्दै गिनिज बुकमा रहेको आफ्नै रेकर्ड तोडे। रोकायाले आफ्नो खेल जीवनको सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय मेडल जितेका छन्। त्यो हो, बैंककमा भएको इन्टर कप प्रतियोगिता। जहाँ पाँच र १० किलोमिटरको दौडमा प्रथम भएका थिए।

रोकायाको एभरेस्ट म्याराथनको ह्याट्रिक रेकर्ड अहिलेसम्म कसैले ब्रेक गर्न सकेको छैन। यसैबाट नै उनले देश चिनाएका छन्। त्योभन्दा बढी देश चिनाउने उत्तराधिकारी तयार पारेका छन्।

झन्डै २५ वर्षसम्म नेपाली राष्ट्रिय एथ्लेटिक्स संघको खेलाडीका रूपमा रहेका रोकायाले वि.सं. २०६० सालमा भएको एभरेस्ट म्याराथनबाटै सन्यासको घोषणा गरे। उक्त प्रतियोगितामा रोकायाले ४० वर्ष उमेरभन्दा माथिको समूहमा दौडिएका थिए। त्यही वेला उनी म्याराथनको बीचमै बिरामी भए। जसले गर्दा उनी चाहेर पनि दौडिन सकेनन्। त्यसयता उनी चुप लागेर बसेनन्। दौडिन छाडेनन्। आफ्ना उत्तराधिकारीलाई कठिन भिरपाखामा दौडाउन लागे। परिणाम आज राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा छाप बसाउन सफल खेलाडीहरूको जन्म भएको छ।

रोकायालाई ०७५ सालमा 'गुलिएन-बेरे सिन्ड्रोम (जिबिएस)' भयो। त्यसले शरीरको प्रतिरक्षा प्रणाली हात-खुट्टातिर प्रवाह हुने स्नायुलाई आक्रमण गऱ्यो। यो रोगको लक्षण हातखुट्टाको चाल, दुखाइ, तापक्रम र स्पर्श संवेदना नियन्त्रण गर्ने स्नायु अवरुद्ध हुने हुन्। जसले शरीरका मांशपेशीहरू कमजोर र लाटा हुन्छन्। सम्भावित जटिलताको समयमै उपचार भएन भने प्यारालाइसिस हुन सक्छ। सुखद संयोग मान्नुपर्छ समयमै समस्याको उचित उपचार, स्याहार र फिजियोथेरापी माध्यमबाट उनी निको भए। त्यसपछि पनि लगातार खेलाडीलाई प्रशिक्षण दिई नै रहेका छन्।

राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगितामा अब्बल साबित हुँदै आएका उनका खेलाडीलाई उत्साह दिन उनी आफ्नो दैनिकी खेलाडीसँग बिताइरहेका छन्। उनले भने, 'दौड प्रशिक्षणमा लगनशील युवा-युवतीमा डर नपसोस्। अभिभावकले नै उनीहरूलाई दौडिन निरुत्साहित नगरून्। भावी पुस्ताका खेलाडीमा खेलप्रतिको रुचि नघटोस् भन्ने लागेर नै उनीहरूसँग समय बिताउन मन लाग्छ। केही भए पनि नयाँ सिकाउन पाए हुन्थ्यो भन्ने लाग्छ।'

रोकायाले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका म्याराथन जित्न अल्टिच्युडले असर पार्ने बताउँदै आएको लामो समय भयो। त्यसैले उनी जुम्लाजस्तो अग्लो स्थानमा हाई अल्टिच्युड ट्रेनिङ सेन्टर खोलेर थुप्रै खेलाडी तयार पार्ने सपना बोकेर लागेका छन्। यस्ता ठाउँमा ट्रेनिङ गरेमा सबै प्रकारका खेल जितिने र खेलाडीबाट उपलब्धि हात लाग्ने उनको अनुभव हो। तर, आजसम्मका सबै सरकारले उनको यो योजनालाई प्राथमिकतामा राखेका छैनन्।

रोकायाको नामको रंगशाला बन्दै छ। तर, त्यसमा एथलेटिक्सका खेलाडीले प्रशिक्षण लिन मिल्नेछैन। किनभने, त्यहाँ बन्ने ट्र्याक अन्तर्राष्ट्रिय मापदण्डको नहुने उनको बुझाइ छ। केही थप जग्गा लिएर भए पनि सरकारले एथलेटिक्सको खेलाडीलाई मध्यनजर गरेर रंगशाला बनाइदिएको भए आफ्नो सपना पूरा हुने उनको आशा छ। विश्वरुपा बुढा, सुनमाया बुढा, पूर्णलक्ष्मी न्यौपाने, दुर्गा बुढा, रेजिना भण्डारी, राममाया बुढा, मञ्जु बुढा, सबै रोकायाले उत्पादन गरेका खेलाडी हुन्। उनीहरू सबै अन्तर्राष्ट्रिय खेलाडी हुन्। धावक रोकायासँग बाह्रै महिना २५-३० जना खेलाडी हुन्छन्। निरन्तरको अभ्यासले धेरैजसो खेलाडी उपाधि उचाल्न सफल हुन्छन्।


२० पुसमा ५८ वर्ष पुगेपछि उनले आफ्नो जागिरे जीवनबाट अनिवार्य अवकाश लिए। जिल्ला खेलकुद विकास समिति जुम्लाका उनी वरिष्ठ एथेलेटिक्स प्रशिक्षक हुन्। उनको बिदाइ तथा सम्मान कार्यक्रम गरिएको थियो। उनले भने 'जीवन पूरै खेल क्षेत्रमा लागेर बित्यो। कहाँ टाढा हुन सकुँला र ? म रहुन्जेल खेल क्षेत्रको विकासका लागि सकेको गर्नेछु।'

दुर्गा बुढा उनैले उत्पादन गरेका खेलाडी हुन्। उनी अहिले इन्डियन आर्मी क्लबमा आबद्ध छन्। अन्तर्राष्ट्रिय धाविका विश्वरुपा बुढा पनि रोकायाकै उत्पादन हुन्। उनी त्रिभुवन आर्मी क्लबमा छिन्। रोजिना भण्डारी, पूर्णलक्ष्मी न्यौपाने, विष्णु बुढा, राजन रोकाया सबै उनैले नै उत्पादन गरेका खेलाडी हुन्। उनीहरू अहिले त्रिभुवन आर्मी क्लबमा आबद्ध छन्। गोविन्दप्रसाद भण्डारी र लोकबहादुर भण्डारी पनि गेम स्काउटमा आबद्ध छन्।

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार २८ पुस ०८०

पहिलो त्रैमासमा आर्थिक वृद्धिदर ३.२ प्रतिशत

चालू आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदर विश्व बैंकले ३.९% र एसियाली विकास बैंकले ४.३% हुने प्रक्षेपण गरेका छन्



स्रोत : राष्ट्रिय तथ्यांक कार्यालय

मिलन विश्वकर्मा/नयाँ पत्रिका

अर्थविद्देखि निजी क्षेत्रसम्मले अर्थतन्त्र चरम मन्दीमा फसेको बताइरहँदा चालू आर्थिक वर्षको पहिलो त्रैमासमा देशको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) ३.२ प्रतिशतले वृद्धि भएको अनुमान गरिएको छ। राष्ट्रिय तथ्यांक कार्यालयले शुक्रबार सार्वजनिक गरेको त्रैमासिक प्रतिवेदनले गत आवको पहिलो त्रैमासको तुलनामा यस वर्ष आर्थिक वृद्धिदर बढेको देखाएको हो।

राष्ट्रिय तथ्यांक कार्यालयले सन् २०१०/११ को स्थिर आधारभूत मूल्यलाई आधार बनाई आर्थिक गतिविधि अध्ययन गरेर त्रैमासिक तथ्यांक (नतिजा) निकाल्दै आएको छ। गत आर्थिक वर्षको चौथो त्रैमासको तुलनामा भने आर्थिक वृद्धिदर १.४ प्रतिशतले घटेको अनुमान गरिएको छ। तथ्यांक कार्यालयले कृषि, उद्योग, आयात-निर्यात, पर्यटक आगमन, विद्युत् उत्पादन, निर्माणजस्ता आर्थिक क्रियाकलाप र अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) को मापदण्डका आधारमा कुल गार्हस्थ्य उत्पादन वृद्धिदरको अनुमानित नतिजा निकालेको हो।

गत आर्थिक वर्षको पहिलो त्रैमासमा पनि आर्थिक वृद्धिदर ३.२ प्रतिशत नै भएको थियो। दोस्रो त्रैमासमा भने १ प्रतिशतले ऋणात्मक थियो। तेस्रो र चौथो त्रैमासमा भने क्रमशः २.४ प्रतिशत र ४.३ प्रतिशतले आर्थिक वृद्धि भएको तथ्यांक कार्यालयले जनाएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

तथ्यांक कार्यालयले चालू मूल्यका आधारमा भने आर्थिक वृद्धिदर गणना गर्न बाँकी नै रहेको जनाएको छ। यस्तो आर्थिक गणना वार्षिक रूपमा गरिन्छ। चालू मूल्यका आधारमा गत असारसम्म जिडिपीको आकार ५३ खर्ब ८१ अर्ब ३४ करोड रुपैयाँ छ, जसलाई चालू आर्थिक वर्षमा ६ प्रतिशतले बढाउने सरकारी लक्ष्य छ। तर, चालू आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदर विश्व बैंकले ३.९ प्रतिशत र एसियाली विकास बैंक (एडिबी)ले ४.३ प्रतिशत मात्र हुने अनुमान गरेका छन्।

अर्थमन्त्री डा. प्रकाशशरण महतले लक्ष्यअनुसार आर्थिक वृद्धि हुने दाबी गर्दै आएका छन्। तर, चालू वर्षमा लिइएको आर्थिक वृद्धिको लक्ष्य प्राप्ति चुनौतीपूर्ण रहेको प्रारम्भिक तथ्यांकले नै देखाएका छन्। यद्यपि, अर्थतन्त्रमा गत आर्थिक वर्षको भन्दा धेरै सुधार देखिने अर्थतन्त्रका सूचकले पुष्टि गरेका छन्।

गत आवमा १.८६ प्रतिशतले मात्रै आर्थिक वृद्धि भएको थियो। निर्माण क्षेत्रमा आएको मन्दीसहित समग्र आर्थिक गतिविधि शिथिल बन्दा गत आवमा आर्थिक वृद्धि न्यून भएको थियो। तर, चालू आवमा आर्थिक वृद्धिदर बढ्ने संकेत कार्यालयको तथ्यांकले देखाएको छ।

तथ्यांक कार्यालयका निर्देशक गणेश आचार्यले पनि आर्थिक गतिविधिमा सुधारको संकेत देखिएको बताए। 'गत आवमा आर्थिक गतिविधिमा संकुचन देखिएको थियो, तर चालू आवमा सुधारको संकेत देखिएको छ,' उनले भने, 'सरकारले चालू आवमा ६ प्रतिशतको आर्थिक वृद्धि गर्ने लक्ष्य लिएको छ। अहिले नै त्यो पूरा हुन्छ कि हुँदैन भनेर भन्न सकिँदैन। तर, गत आवको भन्दा राम्रो हुने संकेत पाएका छौं।'

■ कुन क्षेत्रमा कस्तो ?

चालू आवको पहिलो त्रैमासमा सबैभन्दा धेरै वृद्धि खानी तथा उत्खनन क्षेत्रमा भएको छ। गत आवको पहिलो त्रैमासमा भन्दा चालू वर्षको सोही अवधिमा खानी तथा उत्खनन क्षेत्रको वृद्धिदर १५.८ प्रतिशत हुने अनुमान छ। बालुवा, गिट्टी र ढुंगाको उत्खननमा भएको वृद्धिले यो क्षेत्रको आर्थिक वृद्धिदर उच्च हुने अनुमान कार्यालयले गरेको छ।

दोस्रो स्थानमा भने बैंक तथा बिमा क्षेत्र रहेको छ। समीक्षा अवधिमा बैंक तथा बिमा क्षेत्रको वृद्धिदर १३.२ प्रतिशत रहेको अनुमान कार्यालयको छ। निक्षेप तथा कर्जामा भएको वृद्धि, अन्तरबैंक ब्याजदरमा आएको कमी, बढ्दो बिमा शुल्कका कारण यस क्षेत्रमा सकारात्मक प्रभाव परेको बताइएको छ। आर्थिक वृद्धि धेरै हुने तेस्रो स्थानमा आवास तथा भोजन सेवा (होटेल) क्षेत्र रहेको छ। समीक्षा अवधिमा यस क्षेत्रको वृद्धिदर ११.७ प्रतिशत रहेको अनुमान छ। पहिलो त्रैमासिक अवधिमा पर्यटक आगमनमा भएको वृद्धिले पनि यो क्षेत्रको वृद्धिमा सकारात्मक प्रभाव पारेको देखिन्छ।

यस्तै, पहिलो त्रैमासिक अवधिमा अर्थतन्त्रमा सबैभन्दा बढी योगदान रहेको कृषि, वन तथा मत्स्य क्षेत्रको वृद्धिदर १.४ प्रतिशत भएको अनुमान छ। धान उत्पादनमा वृद्धि हुँदा पनि यस क्षेत्रमा सकारात्मक प्रभाव परेको देखिन्छ। कार्यालयले विभिन्न १८ वटा आर्थिक क्षेत्रमध्ये समीक्षा अवधिमा १७ क्षेत्रको वृद्धिदर सकारात्मक रहेको तथ्यांक सार्वजनिक गरेको छ।

■ निर्माण क्षेत्रमा सुधारको संकेत

गत वर्ष मन्दीमा रहेको निर्माण क्षेत्र चालू आवमा चलायमान हुन थालेको देखिएको छ। गत आवमा निर्माण क्षेत्रको वृद्धिदर २.६२ प्रतिशतले ऋणात्मक थियो भने चालू आवको पहिलो त्रैमासमा यस क्षेत्रको वृद्धिदर ११.४ प्रतिशतले बढेको बताइएको छ।

अस्थायी ऋसर बन्द, निर्माण सामग्रीको मूल्यमा भएको वृद्धि, सरकारी भुक्तानीमा ढिलासुस्तीलगायतका समस्याले गत आवमा निर्माण क्षेत्र शिथिल बनेको थियो। गत वर्ष निर्माण क्षेत्रको वृद्धिदर पहिलो त्रैमासमा ९.६ प्रतिशत, दोस्रो त्रैमासमा ७.९ प्रतिशत र तेस्रो त्रैमासमा ३.१ प्रतिशतले ऋणात्मक थियो। चौथो त्रैमासमा भने १० प्रतिशतको बढोत्तरी देखिएको थियो।

■ थोक तथा खुद्रा व्यापार क्षेत्र ऋणात्मक

समीक्षा अवधिमा थोक तथा खुद्रा व्यापार क्षेत्रको वृद्धिदर भने १.२ प्रतिशतले ऋणात्मक रहेको अनुमान गरिएको छ। कार्यालयका अनुसार समीक्षा अवधिमा वृद्धिदर ऋणात्मक रहेको क्षेत्र यही मात्रै हो। उपभोक्ताको मागमा आएको कमीका कारण यस क्षेत्रको वृद्धिदर ऋणात्मक देखिएको हो।

समीक्षा अवधिमा नेपालको वस्तु आयात सामान्य बढे पनि यस क्षेत्रको वृद्धिदर ऋणात्मक देखिएको तथ्यांक कार्यालयको भनाइ छ। पछिल्लो समयको आर्थिक शिथिलताका कारण उपभोक्ताको क्रयशक्ति घटेको छ। यस्तै, पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिले वस्तुको मूल्यसमेत बढाएको छ। यसैले पनि पछिल्लो समय बजारमा त्यस्ता वस्तुहरूको माग न्यून देखिन्छ। गत आवमा थोक तथा खुद्रा व्यापार क्षेत्रको वृद्धिदर २.९६ प्रतिशतले ऋणात्मक थियो। चालू आवमा पनि खासै सुधारको संकेत नदेखिएको तथ्यांक कार्यालयको प्रतिवेदनले पुष्टि गर्छ।

उद्योगमा लाइन जोड्ने प्राधिकरणको निर्णय

काठमाडौं/ नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौता नतिरेका उद्योगहरूमा काटेको विद्युत्को लाइन जोडिदिने भएको छ। शुक्रबार बसेको प्राधिकरण सञ्चालक समिति बैठकले त्यस्ता उद्योगहरूमा लाइन जोड्ने निर्णय गरेको हो।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले डेडिकेटेड फिडर र ट्रंक लाइन महसुल विवादबारे छानबिन गर्न समिति गठन गर्ने र उद्योगमा काटिएको लाइन जोड्न प्राधिकरणलाई निर्देशन दिने निर्णय गरेको थियो। बिहीबार तालुकदार ऊर्जा मन्त्रालयमार्फत लिखित निर्देशन आएपछि प्राधिकरणले शुक्रबार सम्बन्धित उद्योगहरूमा लाइन जोड्ने निर्णय गरेको हो। महसुल बक्यौता नतिरेको भन्दै २३ उद्योगमा विद्युत् कटौती कायमै छ। अब क्रमशः उद्योगहरूमा लाइन जोड्दै जाने प्राधिकरणको तयारी छ।

'अहिले आन्तरिक उत्पादनले विद्युत् आपूर्ति गर्न पुग्दैन। भारतबाट आयात गर्नुपर्छ,' प्राधिकरणका एक उच्च अधिकारीले भने, 'विद्युत्को व्यवस्थापन भएपछि क्रमशः उद्योगहरूमा लाइन जोड्दै जानेछौं।' मन्त्रिपरिषद्बाट निर्णय हुँदा पनि प्राधिकरणले उद्योगमा लाइन जोड्न अटेर गरेको भन्दै टिप्पणी भइरहेको छ। मन्त्रिपरिषद्बाट भएको निर्णयको लिखित जानकारी नआएका कारण ढिलाइ भएको प्राधिकरणको भनाइ छ।

लोडसेडिङका वेला प्राधिकरणले साउन ०७२ देखि उद्योगहरूलाई ६५ प्रतिशत प्रिमियम शुल्कमा २४ घण्टासम्म विद्युत् उपलब्ध गराएको थियो। तर, त्यसको प्रिमियम महसुलबारे अहिले विवाद उत्पन्न भएको छ। प्राधिकरणले साउन ०७२ देखि उद्योगहरूमा डेडिकेटेड र ट्रंक लाइनमार्फत बिजुली दिन सुरु गरे पनि त्यसको प्रिमियम शुल्क पुस ०७२ मा मात्रै तत्कालीन विद्युत् महसुल निर्धारण आयोगले अनुमोदन गरेको थियो। ३१ वैशाख ०७५ मा लोडसेडिङ अन्त्य भए पनि प्राधिकरणले डेडिकेटेड र ट्रंक लाइनको विद्युत् महसुल दर खारेज नभएको भन्दै जेठ ०७७ सम्म उद्योगीहरूलाई प्रिमियमसहितको बिल पठाएको थियो। असार ०७७ यता प्रिमियम महसुल खारेज गरिएको थियो।

त्यसमा तत्कालीन आयोगले अनुमोदन गरेको मितिभन्दा अघि र लोडसेडिङ अन्त्य भएपछिको बक्यौता नतिर्ने उद्योगीहरूको अडान छ। यदि प्रमाण भएको अवस्थामा ०७२ माघदेखि ०७५ वैशाखसम्मको बक्यौता भने तिर्ने उद्योगीले बताउँदै आएका छन्। जसअन्तर्गत ६१ उद्योगको २२ अर्ब २४ करोड रुपैयाँ बक्यौता बाँकी छ। बक्यौता नतिरेको भन्दै प्राधिकरणले ६ पुसदेखि उद्योगहरूमा विद्युत् आपूर्ति कटौती गर्दै आएको छ। २४ उद्योगको लाइन काटिएकोमा किस्ताबन्दीमा बक्यौता भुक्तानी गर्न सुरु गरेपछि हिमाल आइरन एन्ड स्टिलमा विद्युत् जडान गरिएको छ। अन्य २३ उद्योगमा लाइन कटौतीकै अवस्था छ।

भारतीय उखुको तस्करीले नेपाली किसान मर्कामा

तस्करी गरिएको भारतीय उखु चिनी मिलको प्राथमिकतामा, दैनिक २० वटा टायरगाडा र त्यतिकै संख्यामा ट्याक्टरमा हुन्छ तस्करी

जनकपुरधाममा हदिश खुद्दार

उखुको सिजन सुरु भएसँगै मधेश प्रदेशमा भारतीय उखुको तस्करी बढेको छ। नेपाल-भारत खुला सिमानाको फाइदा उठाउँदै बिचौलियाले भारतीय उखुको तस्करी गर्दै नेपालका चिनी उद्योगमा बेच्न थालेका छन्।

सर्लाही र रौतहटको सीमावर्ती क्षेत्र मधुबनीको शीतलामाई, नयाँ सडक, सिजुवा अर्नाहा, बलरा छतौनाको छनकी सेढ्वा भएर दैनिक २० वटा टायरगाडा र त्यतिकै संख्यामा ट्याक्टरमा भारतबाट उखु तस्करी भएर भित्रिने गरेको किसानको गुनासो छ। वर्षौंसम्म भुक्तानी नपाइने, बाली तयार भए पनि मिलले समयमा चलान नदिने, सरकारले उचित मूल्य निर्धारण नगर्नेजस्ता समस्या झेल्दै आएका स्थानीय किसानलाई भारतीय उखुको तस्करीले झन् पीडा थपिदिएको छ ।

तस्करीको माध्यमबाट नेपाल भित्रिएको भारतीय उखु यस क्षेत्रका महालक्ष्मी सुगर मिल बगदह, इन्दुशंकर चिनी उद्योग हरिवन, बाबा बैजुनाथ सुगर एन्ड केमिकल इन्डस्ट्रिज प्रालि प्रिपा पोखरियासहितका चिनी उद्योगमा पुग्ने किसानले बताए। त्यसैगरी, महोत्तरीको सम्सी, खैरबनीसहितका नाकाबाट भारतीय उखु तस्करी भई महोत्तरीको एभरेस्ट सुगर मिल्स रामनगरमा पुऱ्याइने सीमा क्षेत्रका बासिन्दाको भनाइ छ।

मधुबनी नाकाबाट ल्याइने भारतीय उखुलाई सर्लाहीको बलरा नगरपालिकाको सेढवामा राखेको काँटा तौल गरी भारतीय किसानलाई बिचौलियाले नगद नै दिने गरेका छन्। त्यसैगरी, सिराहाको हिमाल सुगर उद्योगमा सीमावर्ती क्षेत्र सुरसन्डी, औरही, पटेर्वा, नवराजपुरसहितबाट भारतीय उखु भित्रिने स्थानीय किसानको भनाइ छ। नेपाली बिचौलियाले भारतीय किसानको खेतमा गएर प्रतिक्विन्टल चार सय ५० देखि पाँच सय १० रुपैयाँमा नगदै खरिद गरेर नेपालमा ल्याउने गरेको नेपाली किसानको गुनासो छ।

■ किन हुन्छ भारतीय उखु तस्करी ?

नेपाल सरकारले उखु प्रतिक्विन्टल पाँच सय ६५ रुपैयाँ निर्धारण गरेको छ। त्यसबाहेक सरकारले प्रतिक्विन्टल ७० रुपैयाँ र मधेश प्रदेश सरकारले प्रतिक्विन्टल १० रुपैयाँ गरी ८० रुपैयाँ प्रतिक्विन्टल अनुदान दिँदै आएको छ। यस हिसाबले नेपाली उखु किसानले प्रतिक्विन्टल ६ सय ४५ रुपैयाँ पाउँछन्। त्यसबाहेक अर्यली जातका सियो ०८५, १५०२३, ०२३९ सहितका उखु उत्पादन गर्ने किसानले थप प्रतिक्विन्टल १५ रुपैयाँ पाउँछन्।

तर, भारतीय चिनी उद्योगहरूले प्रतिक्विन्टल दुई सय ५० देखि तीन सय भारु अर्थात् चार सयदेखि चार सय ८० नेपाली रुपैयाँमा भारतीय किसानबाट उखु लिने गरेको छ। फेरि भारतीय चिनी उद्योगहरूले पनि किसानलाई समयमै भुक्तानी दिँदैनन्। त्यसकारणले उनीहरूले नेपाली उद्योगलाई सहज रूपमा उखु बेच्ने गरेको एक बिचौलियाले बताए।

सीमावर्ती क्षेत्रका खट्ने सशस्त्र प्रहरी तथा नेपाल प्रहरीलाई आर्थिक प्रलोभन दिएर बिचौलियाले भारतीय उखु नेपाल ल्याउने गरेको उनको भनाइ छ। भारतीय किसानसँग कम मूल्यमा उखु खरिद गरी बिचौलियाले नेपालका चिनी उद्योगहरूलाई महँगोमा बेचेर आकर्षक आम्दानी गर्छन्। भारतीय उखु तस्करी भएर आएको थाहा पाए पनि स्थानीय उद्योगहरूले बिचौलियालाई नै प्राथमिकता दिने गरेको सर्लाही हरिवनका एक किसानले बताए। उद्योगहरूले किन भारतीय उखुलाई प्राथमिकता दिन्छन् भन्ने जिज्ञासामा किसानले भने, 'नेपालमा थोरै मात्रामा उखुको खेती हुन्छ। यहाँका उद्योगहरूलाई उखु पुदैन। चिनी उद्योग वर्षभरिमा एक सय ५० दिन चलेपछि मात्रै फाइदा हुन्छ। तर, नेपालमा उत्पादन हुने उखुले ८० दिनलाई पनि पुग्दैन। सोही कारण पहिलो चरणमा यहाँका उद्योगहरूले बिचौलियाले ल्याएको उखुलाई बढी प्राथमिकता दिन्छन्।' कतिपय उद्योगहरूले आफैं बिचौलियामार्फत उखु तस्करी गर्ने गरेको अर्का किसान बलराम यादवले बताए। उनले भने, 'कतिपय चिनी उद्योगहरू आफैं बिचौलियालाई परिचालन गरेर भारतीय उखु ल्याउने गरेका छन्। यस्तो गर्दा उद्योगहरूमा उखुको अभाव हुँदैन। उद्योग केही दिन बढी चलेपछि व्यवसायीलाई फाइदा हुन्छ।'

महोत्तरी गौशाला नगरपालिका-१, रामनगरका किसान डम्बरबहादुर बुढाथोकीले भारतीय उखु आयात भएपछि स्थानीय किसानलाई ठूलो समस्या हुने गरेको बताए। 'भारतीय उखु पाएपछि स्वदेशी उत्पादन उद्योगहरूले समयमा खरिद गर्दैनन्, नेपाली किसानलाई ढिलो गरी चलान दिन्छ, समयमा उख नकाटिँदा चिसो हावाले उखुको तौल घट्न जान्छ। तौल घटेपछि किसान मर्कामा पर्छन्।' अर्का किसान रामेश्वर श्रेष्ठका अनुसार किसानले उखु लिएर मिलमा दुई दिनसम्म पालो पर्खेर बस्नुपर्ने अवस्था छ। 'दुई दिनसम्म लाइनमा बस्दा उखुको तौल कम हुने हुँदा घाटा लाग्छ। त्यस्तै, दुई दिनसम्म मिलमै लाइन लाग्नुपर्ने हुँदा सवारीको भाडा पनि डब्बल लाग्छ र खानपानमा पनि थप खर्च हुन्छ।' यस्तै कारण नेपाली किसान उखुखेतीतर्फ आकर्षित हुन नसकेको उनको गुनासो छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक दीपेन्द्र पन्जियारले भने उखुको तस्करी नियन्त्रणमा कडाइ गरिरहेको जिकिर गरे। 'प्रहरीले कडाइ गरिरहेको छ। खुला सीमाका कारण पनि किसानले गुनासो गर्नुभएको हुन सक्छ,' उनले भने, 'हामीले कडाइ गर्दागर्दै पनि कहींकतै त्यस्तो भएको हुन सक्छ। किसानले गुनासो गर्नुभएको पनि हुन सक्छ।'

■ उखु विकास बोर्ड स्थापनाको तयारीमा मधेश सरकार

मधेश प्रदेशका आठवटै जिल्लामा ४३ हजार पाँच सय ५७ हेक्टर जमिनमा उखुखेती हुँदै आएको छ। मधेश प्रदेशको कृषि विकास निर्देशनालयका अनुसार सबभन्दा बढी सर्लाहीमा १७ हजार तीन सय ७० हेक्टर जग्गामा उखुखेती हुँदै आएको छ। सबैभन्दा कम सप्तरीमा दुई सय हेक्टरमा खेती हुँदै आएको छ। निर्देशनालयका अनुसार गत आवमा मधेशमा वार्षिक २० लाख मेट्रिकटन उखु उत्पादन भएको थियो।

नेपाल फार्मस एडभाइजरी काउन्सिल प्रालिका डाइरेक्टर बरुलाल श्रेष्ठले नेपालमा उत्पादन हुने चिनी नेपाली जनताको ६० प्रतिशत आवश्यकतालाई मात्रै पूरा हुने गरेको बताए। ४० प्रतिशत चिनी भारतसहित अन्य मुलुकबाट आयात हुने गरेको उनी बताउँछन्। धानखेतीभन्दा उखुमा फाइदा भए पनि किसानहरू आकर्षित हुन नसकेको उनको भनाइ छ। उनी भन्छन्, 'उखु उत्पादन गर्ने किसान र उद्योगहरूलाई राम्रो फाइदा हुन सक्छ। तर, राज्यले उखुखेतीप्रति खासै ध्यान नदिँदा सबभन्दा बढी पीडित उखु किसान नै बन्न पुगेका छन्।'

मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री गोविन्दबहादुर न्यौपानेले मधेशमा उखुखेतीका लागि उपयुक्त भए पनि राज्यले खासै ध्यान नदिएको स्वीकार गर्छन्। 'विगतमा संघीय सरकारले खासै ध्यान दिएनन्,' उनले भने, 'अब प्रदेश सरकारले हरेक बालीको पकेट क्षेत्र घोषणा गरी सोअनुसार लगानी गर्ने तयारी गरिरहेको छ। उखुखेतीप्रति आकर्षण बढाउन प्रदेश सरकारले कार्यक्रम थाल्नेछ।'

■ माघे संक्रान्तिको तयारी



काठमाडौंको टोखामा माघे संक्रान्ति पर्वका लागि चाकु तयार गर्दै एक महिला । तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

प्रदेश गौरवका आयोजनालाई बेवास्ता गरियो : मुख्यमन्त्री जम्कट्टेल

काठमाडौं/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेश गौरवको आयोजना कार्यान्वयनमा कर्मचारीतन्त्रले तदारुकता नदेखाएको गुनासो गरेका छन्। साना टुक्रे आयोजनाहरूले प्रदेशको दीर्घकालीन लक्ष्यमा बाधा पुगेको बताउँदै उनले कर्मचारीहरू साना आयोजनामै रमाउने र ठूला आयोजनालाई अलपत्र पार्ने गरेको आरोप लगाए।

राष्ट्रिय कर्मचारी संगठन बागमती प्रदेश समितिको प्रशिक्षण कार्यक्रमलाई शुक्रबार धुलिखेलमा सम्बोधन गर्दै मुख्यमन्त्री जम्कट्टेलले जनतासँग जोडिएका जनपक्षीय आयोजनाहरू कार्यान्वयनमा जोड दिएका छन्। उनले प्रदेश सरकारको प्रतिनिधित्व गर्ने कर्मचारीहरूले सेवाग्राहीको सन्तुष्टिलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने बताए।

संघीयता बलियो भए मात्र पेसागत हक-अधिकार सुनिश्चित हुने प्रस्ट पार्दै मुख्यमन्त्री जम्कट्टेलले ट्रेड युनियन अधिकारको रक्षा एवं प्रवर्द्धन गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताए। उनले संघीयता अनुभूति हुने गरी सेवा प्रवाह गर्न कर्मचारीलाई निर्देशन दिएका छन्। एकात्मक व्यवस्थामा जागिर खाएका केही उच्चपदस्थ कर्मचारीले अझै पनि संघीयताको मर्मअनुरूप प्रशासनिक नेतृत्व गर्न नसक्दा प्रदेश सरकारले अपेक्षा गरेअनुरूप काम गर्न नसकेको उनको जिकिर छ।



बागमती प्रदेश सभाका सदस्य सरल सहयात्री पौडेलले जनताको हित हुने काम कर्मचारीले जोखिम मोलेर भए पनि गर्नुपर्ने बताए। नेकपा माओवादी केन्द्रका बागमती प्रदेश अध्यक्षसमेत रहेका प्रदेश सभा सदस्य पौडेलले आफ्नो पार्टी र कर्मचारी संगठनको अन्तरसम्बन्ध सुदृढ गर्नुपर्ने आवश्यकतासमेत औंल्याए। प्रत्येक जिल्ला र स्थानीय पार्टीलाई राष्ट्रिय कर्मचारी संगठनमा आबद्ध कर्मचारीको ज्ञान, सीप र क्षमता प्रयोग गर्न निर्देशन दिनेसमेत उनले बताएका छन्।

मुख्यमन्त्री जम्कट्टेलका प्रमुख राजनीतिक सल्लाहकार डिपी ढकालले अर्थ-राजनीतिबारे कर्मचारीलाई प्रशिक्षण प्रदान गरेका थिए। यस्तै, पूर्वसचिव डा. दामोदर रेग्मीले जनयुद्ध र जनआन्दोलनको जगमा उभिएको संघीयतालाई मजबुद बनाउन कर्मचारीले अपनत्व लिनुपर्नेमा जोड दिए।

शनिबार २८ पुस ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

करङ भाँचिएको अवस्थामा कांस्य जितेँ

जुडो खेलाडी हुँदै अहिले प्रशिक्षकको भूमिकामा रहेकी देबु थापाले झन्डै तीन दशक खेल क्षेत्रमा बिताएकी छिन् । ०५२ मा नेपाल प्रहरीमा आबद्ध भएकी उनले ०५३ मा पहिलो अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गरिन् । प्रशिक्षण थालेको १३ दिनमै उनले स्वर्ण दिलाइन् । उनले दुई दक्षिण एसियाली र दुई एसियन खेलकुदमा प्रशिक्षकको भूमिका निर्वाह गरेकी छिन् । सन् २०११ को ढाका सागका क्रममा भएको लिफ्ट दुर्घटनालाई उनले अहिलेसम्म बिर्सन सकेकी छैनन् । खेल सुरु हुनु एक दिनअघि होटेलको लिफ्ट चुँडिँदा उनीसहितका खेलाडी सेकेन्डभरमै ११औँ तलाबाट भुइँ तलामा बजारिए । शरीरको दायाँ भाग चलाउन नसक्ने स्थितिमा पनि देबु रिङमा उत्रिइन् र देशका लागि कांस्य पदक जितिन् । सागको त्यो कांस्यलाई उनी स्वर्ण जितेसरह मान्छिन् । खेल्नुअघिको दुर्घटना र कांस्य पदक जितेको रोमाञ्चक क्षणलाई उनले **श्रीलोचन राजोपाध्याय**लाई यसरी सुनाइन् :

सन् २०१० मा बंगलादेशको ढाकामा ११औँ साग गेम भएको थियो । नेपालबाट सहभागी खेलमध्ये जुडो पनि थियो । हाम्रो जुडोटोली ढाकामा राति पुगेको थियो । राति पुगेका हामी खेलाडी, प्रशिक्षक र टिम म्यानेजर फरक-फरक स्थानमा बस्यौँ । ढाका पुगेको तेस्रो दिनमै खेल थियो । बिहान को-को कहाँ हो भनी सोध्यौँ । तर, जुडोको आधिकारिक व्यक्ति कोही पनि भेटिइएन । टोलीमा म सबैभन्दा सिनियर खेलाडी थिएँ । भोलि खेल छ, एक दिनअगाडि तौल चेक गर्नुपर्छ । होटेल इम्पेरियलबाट एउटा भ्यान बन्दोबस्त गरी वेट परीक्षण गर्ने स्थानतिर लाग्यौँ । होटेलबाट करिब आधा घण्टापछि ड्राइभरलाई कल आयो । सम्भवतः ड्राइभरलाई नेपाली जुडोटोली त्यसमा हो भनी कल आएको हुनुपर्छ । ड्राइभरले हामीलाई हिन्दी भाषामा पुनः होटेलमा फर्कनुपर्ने बताए । होटेलमा टिम म्यानेजरदेखि प्रशिक्षकसम्म आएका रहेछन् । उनीहरूले हामीलाई खोजिरहेका थिए । होटेलमा पुग्दा सदस्यसचिवदेखि मन्त्रीसम्म देखेँ ।

हामी कसैले पनि रातिदेखि नै राम्रोसँग खान पाएका थिएनौँ । इम्प्रेरियल होटेलको लिफ्टमा फसेका पत्रकारहरूले बबाल मच्चाइसकेका थिए । पछि होटेल मालिकले ब्रिगिएको लिफ्ट बनाएर चलाएका रहेछन् । हाम्रो आइडी कार्ड र भत्ता बुझ्ने १२औँ तलामा थियो । लिफ्टमै बसेर १२औँ तलासम्म जाने निधो भयो । तर, लिफ्ट प्याक थियो । त्यसपछि हामी सबै खेलाडी नौ तलासम्म हिँडेर पुग्यौँ । त्यहाँबाट फेरि १२ तलासम्म हिँड्यौँ । त्यसै फ्लोरमा स्विमिङका अध्यक्ष अशोक बज्राचार्यले 'तिमीहरूको आइडी कार्ड र सबै भत्ता टिम म्यानेजरले लगेको' सुनाए । विनाकारण बोलाएको र १२ तलासम्म हिँडेर माथि पुग्दाको क्षणमा यति रिस उठ्यो कि कुरै नगरौँ । हामीलाई अरूभन्दा पनि भोलिको खेलको चिन्ता थियो । खेलअगाडि सबै चेकचाँज हुनुपर्थ्यो । तर, केही पनि भएको थिएन ।

१२औँ तलामा जाने लिफ्टमा मानिसको भरिभराउ थियो । एक तला हिँडेर ११औँ फ्लोरमा आयौँ । अरे, कति हिँड्ने भन्नेजस्तो भयो । संयोगले ११औँ तलामै लिफ्ट रोकियो । लिफ्टभित्र भारोत्तोलनका गोपाल दाइ र एकजना पाकिस्तानी खेलाडी थिए । गोपाल दाइले हामी नौजना जुडोका खेलाडीलाई बोलाउनुभयो । लिफ्ट सामान्य अवस्थामै थियो । यदि तौल बढी भएको भए लिफ्टको ढोका बन्द हुँदैनथ्यो । त्यो होटेल बंगलादेश र पाकिस्तान अलग हुनुअगाडिको थियो । सम्भवतः लिफ्ट पनि त्यसै समयको हुनुपर्छ । तल झर्दै गर्दा गोपाल दाइले मलाई भन्नुभयो, 'देबु यसपटक तिम्रो गोल्डमेडल पक्का छ नि ।' मैले भनेँ, 'भारतलाई टक्कर दिने किसिमको प्रशिक्षण गरेकी छु, भाग्यको साथ पाउँदा पक्कै स्वर्ण नै नेपाललाई दिलाउँछु भनी उत्तर फर्काएँ ।' यतिकै लिफ्टमा झ्याक्कजस्तो आवाज आयो । लिफ्टको सिक्री चुँडिएको रहेछ ।

सकेन्डभरमै लिफ्ट ग्राउन्ड फ्लोरमा बजारियो

म, कालुमान र रमेश मगर साइडमा उभिएका थियौँ । केही सेकेन्डमै लिफ्ट ग्राउन्ड लेभलमा बजारियो । स्पिडमा खसेको लिफ्ट भुइँमा बजारिएर चार तलासम्म स्विङ भयो । फेरि ग्राउन्डबाट दुई तल्लासम्म स्विङ भयो । त्यसपछि पुनः भुइँतलामा बजारिएपछि एक तलामा लिफ्ट अड्कियो ।

लिफ्टभित्र सबैले 'आयाँ-आयाँ' भन्दै थिए । कोही रोइरहे । लिफ्ट कुन समयमा एकैपटक ग्राउन्डमा बजारिएको हो, थाहा भएन । पहिलोपटकको स्विङमै लिफ्ट बजारिँदा मेरो टाउको सिलिङमा ठोक्किएको रहेछ । जसका कारण म 'अनकन्सियस' भइसकेकी थिएँ । मेरो होस नै थिएन । लिफ्टमा कालुमान तामाङ, रमेश मगर र मलाई बढी चोट लागेको थियो । एक तलामा अड्किएको लिफ्टको ढोकासमेत बन्द थियो । बाहिरका नेपालीले भित्र फसेका खेलाडीलाई निकाले । म बेहोस भएर लडेको अवस्थामा थिएँ । मैले केवल 'मेरो परिवार र खेलाडी' बोलाइदिन भनिरहेकी थिएँ । मेरो दायाँ खुट्टाको थाई मसल्स र लिगामेन्ट पनि गइसकेको रहेछ । मेरो घाँटी चल्दै चलेन । शरीरमा चोट लागेको भागबाट रगत बगिरहेको थियो ।

तत्कालै मलाई नेपालीहरू डाक्टर पढ्ने ठूलो अस्पतालमा लगियो । त्यहाँ घाइते अरू खेलाडी सामान्य उपचारपछि होटेलमा फर्किरहेको देखेँ । सुरुमा मलाई इमर्जेन्सीमा राखियो । त्यसपछि आइस रुममा फोहरा दिन थाल्यो । अस्पतालमा मात्र थाहा पाएँ, मेरा तीनवटा करङ भाँचिएका रहेछन् । अलि-अलि होस आएका वेला आफ्नो अवस्था देखेर रोएँ । ढाकामा स्वर्णको दाबेदारीअनुरूप तयारी गरेकी थिएँ । अब मेरो खेल जीवन समाप्त हुने भयो, मेरो करिअर यति मात्रै हुने त होइन ? अब कसरी खेल्ने र सागमा पदक जित्ने ठूलो सपना बिलाउने भयो । त्यो सम्झँदै भक्कानिएर रोएँ । अस्पतालमा एकजना मुसलमान टाइपका बंगाली डाक्टर आउनुभयो । ती डाक्टर अप्रेसन रुममा नगई सीधै मेरो सामु आउनुभयो । साफमा भाग लिन आएको नेपाली खेलाडी घाइते भएको सुनेर उहाँ आउनुभएको रहेछ । एकैपटक उहाँले भन्नुभयो, 'म तिमीलाई मेडल दिन सक्ने बनाउँछु ।'



११औँ सागमा अफगानिस्तानविरुद्ध भिड्दै देबु थापा (नीलो) ।

बंगाली डाक्टरले दिएको हिम्मत

शरीरको दायाँ साइड नै नचल्ने खेलाडीले कसरी मेडल जित्न सक्छ भनी उत्तर दिएँ । म पुलिसको खेलाडी भएका कारण विलिङ पावर छ भन्ने उहाँलाई थाहा थियो । त्यसपछि मलाई पुनः आइस फोहरा दिन थाले । आइस फोहरा दिएको ६ घण्टाभित्र मलाई पाँचवटा सुई दिइयो । मलाई लाग्छ, त्यो पेनकिलर हुनुपर्छ । ती मुसलमान डाक्टरले एक्स-रे हेर्दै टेपिङ गर्नुभयो । लगभग मेरो दायाँ साइड पूरै टेपिङ थियो । यस वेलासम्म मेरो मोरल डाउन नै भयो । मेरो दिमागमा भोलि गेम छ, कसरी खेल्ने भन्ने कुरा चलिरहेको थियो । संयोगवश हाम्रो अवस्थाका कारण आयोजकले तीन दिनपछि गेम राखे । अस्पतालमा हाम्रो जापानिज गुरु आउनुभयो । गुरुले रुँदै भन्नुभयो, 'नेपालबाट मैले पदक आशा गरेका खेलाडी सबै घाइते छन् ।'

तर, मैले त्यसवेलासम्म हरेस खाएकी थिइनँ । सबै नेपालीको आशीर्वाद र भगवान्ले साथ दिएसम्म खेल्ने संकल्प गरेकी थिएँ । तर, म उभिन सक्ने अवस्थामा थिइनँ । अस्पतालबाट होटेलसम्म पुग्दासम्म म ह्विलचियरमै थिएँ । होटेलमा भारतीय खेलाडी र प्रशिक्षकले तिम्रा लागि भगवान्सँग प्रार्थना हामीले गरेको भने ।

टिम मिटिङमा 'देबुलाई खेलाउने कि नखेलाउनेबारे छलफल भइरहेको थियो । सबै जोखिम नलिने निर्णयमै पुगेका थिए । जुडो संघका अध्यक्ष दीपकहर्ष बज्राचायले एकपटक मलाई चान्स दिनुपर्ने भन्नुभयो । मेरो उपचारमा संलग्न बंगलादेशी डाक्टरले नै खेल्न सक्छ भनी रिफर गर्नुभयो । उहाँको रिफरपछि

> ११औँ तलाबाट सेकेन्डभरमै लिफ्ट ग्राउन्ड फ्लोरमा बजारियो । स्पिडमा खसेको लिफ्ट भुइँमा बजारिएर चार तलासम्म स्विङ भयो । दुईपटकसम्म स्विङ भएको लिफ्ट एक तलामा अड्कियो । यसवेलासम्म मेरो शरीरको दायाँ भाग नचल्ने भइसकेको थियो । तीनवटा करङ भाँचिएका रहेछन् ।

मैले खेल्ने अवसर पाएँ । बंगलादेशी डाक्टरले भन्नुभयो, 'देबु रिक्स धेरै छ, तर मेडलपछि म स्वयं नै चेकअप गर्छु ।' अहँ खेल्ने हिम्मत नै मसँग थिएन । रमाइलो पक्ष के रह्यो भने म स्वयंलाई भन्दा पनि अरूलाई मैले मेडल ल्याउन सक्ने आत्मविश्वास थियो । टाइपिङ गरेको शरीर ६५ केजीबाट ७० केजी भइसकेको थियो । गेमअगाडि खाली पेटमा पेनकिलर लिएँ । त्यसपछि चार-पाँचजना मान्छे देखेँ ।

वार कि पारको अवस्थामा थिएँ

जसोजसो गरी खेल्न म तयार भएँ । दुर्भाग्य भन्नुपर्छ, भारतविरुद्ध नै टाइसिटमा पहिलो गेम थियो । हाम्रो गेम चार मिनेटको हुन्छ । मैले भारतीय खेलाडीलाई तीन मिनेटसम्म रोकेँ । उसले मेरो चोट लागेको खुट्टामै हान्यो । यसले थप पीडा दियो । दोस्रो खेल अफगानिस्तानसँग थियो । त्यसवेला मैले दुई घण्टाको रेस्ट पाएँ । रिङबाहिर मलाई सबैले समर्थन गरिरहेका थिए । पेनकिलरका कारण मलाई बान्ता आउलाजस्तो भइरहेको थियो । फेरि पेनकिलरकै कारण पिसाब पनि बगिरहेको थियो । टेपिङले गर्दा खुट्टा राम्रोसँग चलाउन सक्ने अवस्थामा नै थिए ।

यस्तो समस्याबीच अफगानी खेलाडीसँग भिड्न म्याटमा उत्रिएँ । अफगानी खेलाडीको योजना जसरी पनि जित्ने र मलाई ड्यामेज बनाउने थियो । पछाडिबाट गुरुहरूको मलाई एकपटक चान्स लिनुपर्छ । वार कि पार भन्ने सुझाव थियो । त्यो क्षणमा कहाँबाट हो, यति बल निस्कियो कि चोट लागेको र चलाउन नसक्ने दायाँ खुट्टाकै भरमा अफगानी खेलाडीविरुद्ध भिडेँ । उसलाई निओजाबाट च्यापेँ । २० मिनेट च्यापेपछि निप्पोनका आधारमा अंक पाएर खेल जितेँ । यसपछि तेस्रो खेल श्रीलंकाली खेलाडीसँग थियो । मैले दुई मिनेटभित्र नै श्रीलंकालाई हराएँ । खेल जितेसँगै मेरो कांस्य सुरक्षित भयो ।

एकैपटक म्याटमा लड्न पुगेँ । कसले के गऱ्यो थाहा नै भएन । दुईपटक कांस्य पदकका लागि फाइट गरेको क्षण जादु नै गरेको जस्तो थियो । त्यो कांस्य पदक भनेको मेरा लागि स्वर्ण पदकसरह नै थियो । शरीरको एक भाग नै नचल्ने खेलाडीले हिम्मत गरेर राष्ट्रका लागि कांस्य पदक दिलाएँ । एक खेलाडीले आफ्नो जीवन नै दाउमा राखी राष्ट्रका लागि यतिभन्दा अरू के गर्न सक्छ र ? ढाका सागमा कांस्य पदक आउनुपछाडि डाक्टरहरूलाई धन्यवाद दिन चाहन्छु । यदि उहाँहरूले मलाई तीन दिनभित्र फिट नगराएको भए मैले कांस्य जित्न सक्दिनथेँ होला ।



कांस्य पदक जितेपछि

६ महिना बेडमै बसेँ

नेपालमा मेरो उपचार टिचिङमा भयो । करिब ६ महिना बेडमै बसेँ । तीन महिना त एक साइडमा मात्र सुतेँ होला । तर, यसबीचमा मैले राष्ट्रिय खेलकुद परिषद् र मन्त्रालयबाट केवल आश्वासन मात्र पाएँ । म पुलिसकी खेलाडी भएकाले सबै उपचार पुलिसबाट हुनुपर्नेजस्तो व्यवहार गरेको पाएँ । तर, सागमा मैले नेपालबाट प्रतिनिधित्व गरेकी थिएँ, पुलिसबाट होइन । यहाँ अस्पतालको शय्यामा रहँदा मैले घाइतेको बहाना गरेको र नक्कली चोट देखाएको जस्तो प्रतिक्रिया सुनेँ । तीन-तीन महिना बेडको एक साइडमा सुतेको मान्छेलाई मात्र थाहा हुन्छ, चोटको पीडा कस्तो हुन्छ भनेर । त्यसवेलाको सम्बन्धित निकायबाट गरेको व्यवहार सम्झँदा साह्रो रिस उठ्छ । ढाकाको साग चोटले अहिलेसम्म पछ्याइरहेको छ । त्यो सागको घटनाले अहिले पनि म झस्किन्छु । खेलाडीलाई लिएर कतै बाहिर जाँदा सुरुमा होटेलको लिफ्टको अवस्था हेर्ने गरेकी छु । लिफ्टमा ओभर वेट भयो भने प्रतीक्षा गर्छु । कहिलेकाहीँ लिफ्ट भएको होटेलमा भ्याङ चढेर पनि गएकी छु । एउटा कुरा भन्न मन लाग्छ, टिचिङको उपचारका क्रममा एक दिन म दुई घण्टा पुनः लिफ्टमा फसेकी थिएँ । यसले पनि म झनै तर्सिएँ ।

नयाँ संरचनामा आजबाट पिएम कप क्रिकेट

नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा पहिलोपटक नयाँ संरचनामा प्रधानमन्त्री कप राष्ट्रिय एकदिवसीय क्रिकेट प्रतियोगिता आजदेखि सुरु हुँदै छ । २० माघसम्म चल्ने पिएम कपमा सात प्रदेश र तीन विभागीय टोलीले प्रतिस्पर्धा गर्दै छन् । प्रतियोगिता फाइनल तीनदिवसीय पद्धतिमा हुने क्यानका सचिव खड्काले बताए । क्यानले यही प्रतियोगिताबाटै नेपालको 'ए' टोली बनाउने योजना बनाएको छ । यू-१९ टोली र यू-१६ मा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई नेपालको 'ए' टोली घोषणा क्यानले गर्नेछ ।



पिएम कप	
टोली	**कप्तान**
कर्णाली	रवीन्द्रजंग शाही
लुम्बिनी	सुशान्तसिंह थापा
गण्डकी	विपिन खत्री
बागमती	रित गौतम
मधेश	हरिशंकर शाह
कोशी	अंकित सुवेदी
सुदूरपश्चिम	राजु रिजाल
एपिएफ	रोहितकुमार पौडेल
आर्मी	विनोद भण्डारी
पुलिस	दीपेन्द्रसिंह ऐरी

पहिलोपटक राउन्ड रोबिना पद्धतिअनुरूप हुन लागेको हो । अंकतालिकाको शीर्ष चार टोलीबीच एलिट ट्रफी हुनेछ । 'प्रतियोगितालाई लामो र खेलाडीलाई व्यस्त बनाउन यस्तो संरचनामा आयोजना गरेका हौँ,' क्यानका सचिव पारस खड्काले भने ।

पछिल्ला संस्करणमा सहभागी टोलीलाई दुई समूहमा विभाजन गर्ने र शीर्ष दुई टोली सेमिफाइनल प्रवेश गर्ने प्रावधान बनाइएको थियो । अघिल्लोपटक एक टोलीले धेरैमा पाँच खेलसम्म खेल्थ्यो । अहिले लिग चरणमा नौ खेल रहेका छन् । शीर्ष चार टोलीहरूले कम्तीमा थप तीन खेल खेल्न अवसर पाउनेछन् । एलिट ट्रफीका सेमिफाइनल दुईदिवसीय र क्यानको क्यालेन्डरअनुसार नेपालले मार्चमा आयरल्यान्डको 'ए' टोलीसँग खेल्नेछ । यसपटक राष्ट्रिय टोलीमा नयाँ खेलाडीले अवसर पाउने क्यानको विश्वास छ । पिएम कपमा युवा खेलाडीले अवसर पाउनेछन् ।

तीनवटा मैदानमा खेल

क्यानले प्रतियोगिता तीनवटा मैदानमा आयोजना गर्दै छ । त्रिवि, मूलपानीको माथिल्लो मैदान र भैरहवाको सिद्धार्थ रंगशालामा खेल हुनेछन् । प्रतियोगितामा ४६ खेलमध्ये ११ खेल सिद्धार्थ रंगशालामा हुनेछन् । १७ खेल मूलपानीमा र फाइनलसहित १८ खेल त्रिवि क्रिकेट मैदानमा हुनेछन् ।

देशको विकासमा खेलकुद सम्भावित क्षेत्र हो : प्रधानमन्त्री

नयाँ पत्रिका

देशको विकास र प्रगतिमा खेलकुद क्षेत्र पनि एक भएको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बताएका छन् । चौथो राष्ट्रिय बादोरियो कराँते प्रतियोगिताको शुक्रबार उद्घाटन गर्दै प्रधानमन्त्री दाहालले खेलकुद क्षेत्रबाट देश विकासमा योगदान पुऱ्याउन सक्ने जनाएका छन् । 'नेपाल अपार सम्भावना भएको देश हो, देशको विकास र प्रगतिका निम्ति हामीसँग प्रशस्त सम्भावना छन्,' उनले भने, 'तीमध्ये पनि राम्रो सम्भावना बोकेको क्षेत्र भनेको खेलकुद क्षेत्र नै हो । खेल आजको दुनियाँमा बहुआयामिक सम्भावित क्षेत्र हो ।' प्रधानमन्त्री दाहाल राष्ट्रिय खेलकुद परिषद् (राखेप)का संरक्षकसमेत हुन् ।



सो अवसरमा राखेपका सदस्यसचिव टंकलाल घिसिङले मूलपानी, भरतपुरको गौतम बुद्ध र मोरङको बैजनाथपुर क्रिकेट रंगशालालाई राष्ट्रिय गौरवको आयोजनामा समावेश गरेकोमा सरकारलाई धन्यवाद दिएका थिए । चौथो राष्ट्रिय बादोरियो कराँतेको आयोजक संघका अध्यक्ष हरिशरण केसीले संघले गरेको गतिविधिबारे प्रकाश पारेका थिए । प्रतियोगिताको पहिलो दिन बागमती प्रदेशका वरदान मोक्तान र मधेशकी बिबिका श्रेष्ठले स्वर्ण जितेका छन् ।

नेपाल बादोरियो कराँते डो संघद्वारा आयोजित प्रतियोगिताको पुरुष ४५ केजी फाइनलमा वरदानले लुम्बिनी प्रदेशका विशन थापालाई पराजित गरे । सोही तौलसमूहको महिला फाइनलमा बिबिकाले बागमतीकी नेत्रकुमारी लामिछानेलाई हराइन् । महिला ४० केजीमा बागमतीकी सुस्मिता वाइबाले लुम्बिनीकी निमा लामा तथा ५० केजीमा बागमतीकी प्रास्ना केसीले कर्णाली प्रदेशकी सुस्मिता मगरलाई पाखा लगाउँदै स्वर्ण जिते । एकल काताको पुरुषमा कोशी प्रदेशका इन्द्र राजवंशी र महिलामा बागमतीकी अप्सना मगर पहिलो भए ।

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मनिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाण्डौ

आय वर्ष २०८०/०८१ को आयकरको प्रथम किस्ता वापतको कर तथा विवरण दाखिला गर्ने सम्बन्धी जरूरी सूचना

आयकर ऐन, २०५८ (सं.स.) को दफा ५४ को उपदफा (१) बमोजिम आय वर्ष २०८०/०८१ को आयकरको किस्ता दाखिला गर्नुपर्ने करदाताहरुले दफा ५५ बमोजिम आय वर्ष २०८०/०८१ को कारोवारको अनुमानित करको विवरण र सो विवरण अनुसार तिर्नुपर्ने आयकरको प्रथम किस्ता वापतको ४० प्रतिशत रकम यही २०८० पौष महिना भित्रै ठूला करदाता कार्यालय वा मध्यमस्तरीय करदाता कार्यालय वा सम्बन्धित आन्तरिक राजस्व कार्यालय/करदाता सेवा कार्यालयमा दाखिला गर्नुहुन जानकारी गराइएको छ ।



E-mail: narcononnepal@gmail.com, Website : narcononnepal.org.np

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com